# अध्याय एक

# परिचय

## १.१ पृष्ठभूमि

नेपाल एक भौगोलिक विविधता भएको देश हो । भौगोलिक रूपमा सानो राष्ट्रको रूपमा रहेपनि यहाँका भौगोलिक विविधता अतिरिक्त आफ्नै किसिमको अलग्गै भौगोलिक सामाजिक सांस्कृतिक विशेषताहरू रहेका छन् । यस देशमा विभिन्न समुदाय जात तथा जनजातिहरूको आफ्नै मौलिक संस्कृति परम्परा र रीतिरीवाजहरू रहेका छन् । यस नेपाल राष्ट्रको धरातलिय वातावरण तथा वनस्पतिहरूमा पनि विविधता पाइन्छ । यसमा विभिन्न जाति, जनजाति तथा भाषा भाषिक मानव समुदायहरू बस्ने गर्दछन् । नेपालको इतिहासलाई हेर्ने हो भने यहाँ बसोबास गर्ने विभिन्न जाति र समुदायका मानिसहरू विभिन्न समयमा उत्तर र दक्षिणबाट नेपाल प्रवेश गरेको पाइन्छ । यसरी विभिन्न समयमा नेपाल प्रवेश गर्ने क्रममा विभिन्न जाति समुदायहरूले आ-आफ्नो भाषा, धर्म र संस्कृतिलाई संगै लिएर आए केही संस्कार संस्कृतिहरू समय क्रमसंगै परिवर्तन पनि भए यही क्रममा नेपालमा जातिय विविधता देखा पऱ्यो । यस देशमा विभिन्न जात तथा समुदायको आफ्नै मौलिक कला संस्कृति परम्परा र रीतिरिवाजहरू रहेका छन् । हरेक जात जनजातिहरूको आ आफ्नै जनजातिय विशेषता सांस्कृतिक जीवनशैली र मूल्यमान्यताहरू छन् । अधिकंश जनजातिको आ-आफ्नै भेषभूषा र निश्चित भौगोलिक वासस्थान रहेको पाइन्छ । यति धेरै आ आफ्नै मौलिक संस्कृति भेषभूषा जीवनशैली र मूल्यमान्यता बोकेको जाति जनजातिहरू नेपालमा बसोबास गर्दै आएका छन् । यी विभिन्न जात तथा जातिहरूको कथा संस्कृति, धर्म तथा रितिरिवाजलाई अर्को जातिले अभि रुचिपूर्ण अवलोकन गर्ने गरेको पाइन्छ । त्यसैले नेपाल र नेपाली समाजमा अनेकतामा एकता रहेको देश हो ।

विभिन्न जात, जनजातिको साझा चौतारीको रूपमा आफ्नो अलग्गै धार्मिक, सामाजिक सांस्कृतिक वा प्राकृतिक विशेषता बोकेको एसियामा अवस्थित हाम्रो देश नेपाल

विश्वमा दुई ठूला राष्ट्रहरू चिन र भारतको बीचमा रही भौगोलिक विश्वमान चित्रमा पृथ्वीको कुल क्षेत्रफलको ०.०३% भू भाग एसिया महादेशको कूल क्षेत्रफलको ०.३% अर्थात् अत्यन्तै सानो ठाउँ ओगटेको भएता पनि यसको आफ्नो छुट्टैपहिचान आदिकाल देखि रहि आएको छ । नेपाल एउटा सानो राष्ट्र भएतापनि यहाँ बहुभाषा, बहुजाती, बहुधार्मिक बहुसांस्कृतिक र बहु सामाजिक मूल्य मान्यता तथा रितिरिवाजको अनुपम विशेषता बोकेको आफ्नै विशिष्ट सँगम थलो हो । विभिन्न जातजातिको साझा फूलवारीको रूपमा रहेको नेपालमा २०६८ को जनगणना अनुसार २ करोड ६४ लाख ९४ हजार ५ सय ४ कूल जनसंख्या रहेको छ जसमध्येको राजपत्रमा ५९ जनजाति खुलाइएको छ । जसमा मगर, गुरुङ्ग, तामाङ्ग, भोटे लिम्बू, राई, थकाली, थारु आदि जनजातिहरू रहेका छन् । यी जनजातिहरू मध्ये मगर जाति पनि एक हो । नेपालको कुल जनसंख्या मध्ये (१८,८७,७३३) अर्थात् ७.१ प्रतिशत जनसंख्या मगरहरूको रहेको छ२०६८ को जनगणना अनुसार । यसरी जनजातिहरूलाई विभिन्न संघ संस्थाहरूले परिभाषित गरेको पाइन्छ । जसमा केहि परिभाषाहरू निम्न लिखित रहेको छ ।

- आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ का अनुसार : "आदिवासी जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परा रीतिरिवाज छुट्टै सांसकृतिक पहिचान छुट्टै सामाजिक संरचना र लिखित तथा अलिखित इतिहास भएको जाति वा समुदायलाई सम्झनु पर्छ ।
- Dictionary of Sociology का अनुसार : "जनजाति समूह भन्नाले आफ्नै मौलिक परम्परागत जीवनशैली एवम् संस्कृति भएका मानिसहरूको सदस्यतालाई जनाउँदछ ।"
- नेपाली सन्दर्भमा तत्कालिन श्री ५ को सरकार हाल नेपाल सरकारद्वारा गठित जनजाति उत्थान प्रतिष्ठान कार्यलय २०५३ ले जनजातिय सम्बन्धी परिभाषा यसरी दिइएको छ । "जनजाति भन्नाले आफ्नै मातृभाषा परम्परा र रीतिरिवाज भएको हिन्दु वर्ण व्यवस्था भित्र नपर्ने आफ्नै छुटै संस्कृतिक पहिचान भएको छुटै भाषा, धर्म र रीतिरीवाज भएको छुट्टै लिखित वा अलिखित इतिहाँस भएको आधुनिक नेपालको

राजनीतिक र राज्य सञ्चालनमा निर्णय भूमिका नभएको नेपालभित्र आदिवासी मूलवासीको रूपमा बसोबास गर्दैआएको हामी भन्ने भावना भएको आफूलाई आदिवासी जनजाति भनि दावी गर्नेहरू नै आदिवासी जनजाति हुन् ।

- अहिले सम्म पहिचान गरिएका जनजातिहरू मध्ये मुख्यत पहाडी क्षेत्रमा परापूर्वक कालदेखि बसोबास गर्दै आएको मगर जाति हो । मगरहरू मंगोलिय मूलका जनजातिमा पर्दछन् । मगरहरू इ.पू. २३०० तिर फिरन्ते जातिको रूपमा नेपाल प्रवेश गरेको उल्लेख भएको पाइनछ । मगर नामाकरण हुनुमा विभिन्न विद्धानहरूका तर्कहरू यस प्रकार रहेको पाइन्छ ।
- गुरुङ्ग मगर वंशावलीमा प्रसिद्ध महादेवको नाम महाराजिकबाट महाराजि मदरा मदरा मगरा हुँदै मगर भएको कुरा उल्लेख भएको पाइन्छ । अर्को किम्बदन्ति अनुसार मगरहरूको शारीरिक बनोट टाउको देखि खुट्टा सम्मको नाम 'म' बाट आउने भएको हुनाले मगर भएको कुरा पाइन्छ । जस्तै टाउको मिटालु, केश, मिछाम, आँखा मिमि, नाक मिना, मुख मेङ्गरेट, हात मिहुट, पेट मेपुङ्ग, खुट्टा मिखुट्टे यी सबै शारीरिक अङ्गहरू म बाट आएको हुनाले अन्य जातिहरुले मगर भन्न थालियो भन्ने यस क्षेत्रमा जनश्रुति रहेको पाइन्छ ।
- अधिकांश मगरहरूको बसोबास लुम्बिनी राप्ती धौलागिरी, गण्डकी लगायतका अञ्चलका विभिन्न जिल्लाहरूमा रहेको पाइन्छ । लेक तथा पहाडहरूमा बस्दै आएका मगरहरू वर्तमान् समयमा नेपाल अधिराज्यभर तथा भुटान, र दार्जेलिङ्ग लगाएतका क्षेत्रमा समेत छरिएर रहेका छन् । भोट बर्मेली परिवार अन्तर्गतको भाषा बोल्ने मगर अठार मगराती भाषा र बाह्र मगराती भाषामा विभाजन गरिएको छ । अठार मगराती भाषा अर्न्तत खाम भाषा र काइके भाषा पर्दछन् । यो भाषा विशेषगरी रोल्पा, रुकुम, सल्यान प्युठान गुल्मी, बाग्लुङ्ग, डोल्पा आदि जिल्लाहरूमा बसोबास गर्ने मगरहरू बोल्ने गर्दछन् ।

नेपालमा बाइसे चौबिसे राज्यहरू रहेको समय तत्कालिन राष्ट्रहरू संरक्षकका रूपमा चिनिएका मगरहरू वर्तमान समयसम्म देश तथा विदेशमा संरक्षकका लागि खटिरहेका

सोझा इमान्दार मेहनती र कर्तव्यनिष्ट जातको रूपमा चिनिने मगर जातिको शारीरिक वनावट अन्य जाति विशेष गरी क्षेत्री, ब्राम्हण भन्दा फरक हुन्छ । छोटा कद भएका, थेप्चा नाक, राता गाला, प्राय गोरो वर्गको शरीरमा रौं कम हुने यस जातिका महिला पुरुषको विशेषता हो । मगर जातिहरू विशेष गरी पहाड र केही मात्रामा हिमाली क्षेत्रमा बसोबास गरेका छन् । पछिल्ला समयमा तराईका केही भू भागमा बसाई सराईका माध्यमबाट मगरहरू बसोबास गर्दै आएका छन् । मगरहरू बढी सङ्ख्यामा बसोबास गर्ने क्षेत्रमा पुराना बासिन्दा भएपनि अन्य जातिको तुलनामा उनीहरूको सामाजिक आर्थिक राजनैतिक, शैक्षिक आदि नीतिनिर्माण तहमा पुग्न सकेको छैनन् ।

यस महोत्तरी जिल्ला हाथिलेट गा.वि.स. मा जम्मा घर संख्या ११३१६ रहेको छ भने कूल जनसंख्या ६२७५८० रहेको पाइन्छ । । त्यसै मध्ये पुरुष ३११०६ र महिला ३१६५६४ रहेको छ । (CBS 2011) जसमा घरधुरी सर्वेक्षण  आधार वर्ष २०७० अनुसार हाथिलेट गा.वि.स. का मगरहरू को कुल जनसंख्या २१७८ रहेकोमा पुरुष ११०९ र महिला १०७९ रहेको पाइन्छ । यस हाथिलेट गा.वि.स. म बसोबास गर्ने मगरहरू र अन्य जातजातिहरू विचको सामाजिक सम्बन्धहरूलाई अध्ययन गरी एक अर्का बिचको सामाजिक पक्षहरूको व्याख्या विश्लेषण गरिएको छ । यस गा.वि.समा बसोबास गर्ने मगर जातिको आफ्नै मौलिक संस्कार संस्कृति रीतिरीवाज, भाषा, चालचलन रहेता पनि कतिपय संस्कार संस्कृति रीतिरिवाजहरूमा परिवर्तन भएको पाइनछ । त्यसैले यस गा.वि.स.मा रहेका प्रत्यक जात/जातिहरू बिचमा सामाजि संस्कृतिक, शैक्षिक र राजनीतिक पक्षहरूमा एक अर्का विच के कस्ता विचार सहयोग, संलग्नता र द्वन्द्वात्मक पक्षहरू रहेको छ साथै एक अर्काको जातिय प्रभावले के कस्तो समाजमा असर गरेको छ भन्ने सम्बन्धमा आधारित रहेर तथ्याङ्क संकलन गरी तथ्य कुरा निकालिएको छ ।

## १.२ समस्याको कथन

नेपाल एक बहुभाषिक बहुधार्मिक, बहुजातिय देश हो । यहाँ बसोबास गर्ने अधिकंश जनजातिको आ-आफ्नै भाषा, भेषाभुषा, धर्म, प्रथा, रितिरिवाज भएको नेपालमा सबै जाति

जनजातिहरूको विभिन्न उद्देश्यले तथा वृहत तहबाट अध्ययन अनुसन्धान भइरहेको अवस्था छ । सामाजिक, सांस्कृतिक, आर्थिक, धार्मिक विविधता भएका जातिहरू मध्ये मगर जाति पनि एक हो । एउटै मगर जातिका विचमा पनि विभिन्न भाषा, संस्कृति प्रथा संस्कार फरक फरक पाइन्छ भने धार्मिक दृष्टिकोणबाट हेर्दा कुनै ठाउँका मगर जातिले बौद्ध धर्म अपनाएको कसैले हिन्दु धर्म अपनाएको पाइन्छ । भाषाका दृष्टिकोणबाट हेर्दा पूर्वदेखि पश्चिमसम्म यस जातिमा भाषिक विविधता भएको पाइन्छ ।

यस अध्ययनको रुपमा मगर जाति र अन्य जाति सँगको सम्बन्धलाई अध्ययन गरी उनीहरु बिच रहेको सम्बन्धलाई प्रस्टाइएको छ । जसमा मुख्यगरी मगर जातिका व्यक्तिहरु र अन्य जातिका व्यक्तिहरु सामाजिक-साँस्कृतिक, शैक्षिक राजनितिक पक्षहरुमा एकअर्का जातिसँग कस्तो सम्बन्ध रहेको छ भनि उनीहरु बिचको पारिवारिक सम्बन्ध, बैवाहिक सम्बन्ध, आर्थिक सम्बन्ध तथा शैक्षिक र राजनितिक सम्बन्धलाई प्रस्टाउदै उनीहरु बिचमा रहेको द्वन्द र सहयोग लाई हेरिनेछ ।

यस क्षेत्रको अध्ययनको क्रममा मगर जातिमा विभिन्न संस्कार संस्कृतिहरुमा परसंस्कृति कारणको प्रभाव परेको देखिन्छ, यहाँका मगरहरु प्राय बसाई सराइका मध्यमबाट तराईमा झरेको हुनाले मगरहरुमा प्राय आफ्नो संस्कृतिहरु भन्दा अन्य जातिका संस्कारहरुलाई नै मान्ने गरेको पाइन्छ । यहाँका मगरहरु प्राय आफूलाई बौध्द धर्मालम्वी भन्ने र आफू बौध्द धर्म मान्ने गरेको भनिएता पनि उनीहरुको संस्कारहर मृत्यु संस्कार, बाहेक अन्य संस्कारहर चाडपर्व, विवाह, धार्मिक कार्यक्रमहरु प्राय हिन्दु संस्कार अनुरुप नै अपनाएको देखिन्छ । परम्परागत संस्कृतिहरु संस्कारहरु लोप भएको अवस्थामा रहेको देखिन्छ भने वर्तमान समयमा आदिवासी जनजाति संगठन तथा महोत्तरी मगर समाज द्वारा भाषा र संस्कृतिहरुको उत्थान तथा संरक्षक को लागि अग्रसर रहेको देखिन्छ । यसरी यस हाथिलेट गा. वि. स. का मगर जाति र अन्य जातिमा विभिन्न सामाजिक पक्षहरुले एक अर्कालाई पारेको प्रभाव सहयोग द्वन्दात्मक पक्षहरु लगाएत सामाजिक संस्कृतिक शैक्षिक र राजनीतिक पक्षहरुको अध्ययन गरी एक अर्का जातिबिच को सम्बन्धलाई अध्ययन गरिएको छ ।

यसैगरी हाथिलेट गा.वि.स. का मगर जातिको अन्य जातिहरू सँगको सम्बन्ध र त्यसले पारेको प्रभाव वा समस्याहरूसँग सम्बन्धित भएर अध्ययन गरिएको छ ।

क. वर्तमान समयमा मगर जाति र अन्य जाति बिचको सम्बन्ध के कस्तो रहेछ ?

ख. अन्य जातिको तुलनामा मगर जातिहरू पछाडी पर्नुको कारण के रहेको छ ?

ग. मगर जातिको सामाजिक अवस्था, शिक्षा, स्वास्थ्य परम्परागत मूल्यमान्यता सामाजिक रहन सहन, राजनीतिक तथा आर्थिक, शैक्षिक अवस्थामा अन्य जाति सँगको सम्बन्ध कस्तो रहेको छ ।

घ. मगर जातिलाई अन्य जातिले के कस्तो व्यवहार गर्ने गरेको छ त्यसबाट उनीहरूको जीवनमा कस्तो प्रभाव परेको छ ?

## १.३ अध्ययनको उद्देश्य

हरेक अध्ययन र अनुसन्धानका आफ्नै प्रकारका मौलिक उद्देश्य रहेका हुन्छन् । यस शोधपत्रको उद्देश्य हथिलेट गा.वि.स. का मगर जातिको वर्तमान अवस्थाको अन्य जाति सँगको सम्बन्धको बारेमा समाजशास्त्रीय अध्ययन गर्नु हो ।

निम्न विशिष्ट उद्देश्यलाई ध्यानमा राखेर यो शोधकार्य पुरा गरिएको छः

१. मगर जातिको अन्य जातजातिसँग सामाजिक, सांस्कृतिक, शैक्षिक र राजनितिक सम्बन्धको विश्लेषण गर्ने

२. मगर र अन्य जातजाति बीचको सम्बन्धमा एक अर्कोलाई पारेको प्रभाव विश्लेषण गर्ने

३. मगर र अन्य जातजाति बीच भएको सहयोग र द्वन्द्वको विश्लेषण गर्ने

## १.४ अध्ययनको महत्व

नेपाल अनेकौ जातिय र जनजातिय विविधता बोकेको देश हो । कुनै पनि जाति जनजाति वा समुदायको सामाजिक तथा सांस्कृतिक पक्षको पहिचान गर्नु र व्याख्या विश्लेषण गर्नु एउटा महत्वपूर्ण कार्य हो । विभिन्न समुदायका जाति जनजातिहरूको अध्ययनले उनीहरूको अवस्था र त्यसमा समय अन्तरालमा आएको परिवर्तन, उनीहरूको समस्याहरूको वास्तविक तथ्यहरूको बारेमा जानकारी गराउँदछ । अध्ययन अनुसन्धानबाट पत्ता लागेका तथ्यकहरूको आधारबाट नीति निर्माण, योजना तर्जुमा र कार्यान्वयन गर्न तर्फ मद्दत पुऱ्याउँदछ । त्यस्ता किसिमका स्थान वा जातजातिमा कुनै कार्यक्रमहरू लागु गर्न योजनाविद् तथा सम्बन्धित पक्षलाई सजिलो पर्न जानेछ । जसले गर्दा सरकारी एवम् गैरसरकारी संघ संस्थाहरूको समय र आर्थिक बचत हुन जान्छ ।

मगरहरू नेपालको ऐतिहासिक शासकको रूपमा रहे पनि इतिहाँसमा यस पक्षलाई महत्व दिएर लेखेका छैनन् । मगरहरू शासकको रूपमा रहेको प्रमाण रहे पनि अलिखित रूपमा सुन्न पाईन्छ । मगरहरू मिहेनति र परिश्रमि रहे पनि उनीहरूको वास्तविकता पत्ता लगाउने यस अध्ययनको उद्देश्य महत्व हुनेछ । साथै मगर जाति र अन्य जातजातिहरू बिच सामाजिक सांस्कृति, आर्थिक, धार्मिक, शैक्षिक, राजनीतिक आदि पक्षहरूले एक अर्कामा पारेको प्रभावको समेत अध्ययन न गरी उनीहरू बिच रहेका सहयोग र द्वन्द्वात्मक पक्षहरूलाई व्याख्या विश्लेषण गरी एक अर्का बिचको सम्बन्धको व्याख्या समेत गरिएको छ ।

## १.५ अध्ययनको संगठनात्मक स्वरूप

यस शोधपत्रलाई ६ वटा अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा अध्ययनको पृष्ठमूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनका महत्वलाई समावेश गरिएको छ । दोस्रो अध्यायमा सम्बन्धित पूर्वसाहित्यको समीक्षालाई राखिएको छ ।अध्यायतिनमा अनुसन्धान विधि राखिएको छ । अध्याय चारमा अध्ययन क्षेत्र महोत्तरी जिल्ला हाथिलेट गा.वि.स. को सामान्य परिचय दिने कार्य गरिएको छ । पाँचौ अध्यायमा मगर जाति

र अन्य जातजातिसँगको सामाजिक सांस्कृतिक, शैक्षिक र राजनितिक सम्बन्धको संख्यात्मक तथा गुणत्मक व्याख्या गरी तिनीहरू बिचको सम्बन्धहरूको अवस्थाको व्याख्या गरिएको छ । छैठौं अध्यायमा अध्ययनबाट प्राप्त जानकारीको सारांश र निष्कर्षलाई प्रस्तुत गरिएको छ । अन्त्यमा सन्दर्भ सामाग्रीहरूको सूचि शोधपत्रका लागि प्रयोग गरिएको प्रश्नावलीहरू समावेश गरिएको छ ।

# अध्याय दुई

## पूर्व साहित्यको पुनरावलोकन

नेपालमा बसोबास गर्ने मगर जाति तथा अन्य जातजातिहरूको विभिन्न स्वदेशी तथा विदेशी विद्धानहरूले विभिन्न लेख रचना र पुस्तकहरू प्रकाशित गरेका छन् । जसको संक्षिप्त वर्णन यस प्रकारले गरिन्छ ।

नेपालका मगरहरू भोटे बर्मेली परवार अन्तर्गत पर्दछन् । यसैगरी नेपाली पश्चिमी भागमा बढि मात्रामा बसोबास गर्ने मगरहरू नेपालको पूर्वदेखि पश्चिमसम्म फैलिएर रहेका छन् । यिनीहरूको मुख्य क्षेत्रलाई बाह्रमगराँत भनिन्छ । जसमा लुम्बिनी, राप्ती र भेरी अञ्चल पर्दछन् । यिनीहरूको प्रमुख पेशा कृषि रहेको छ । यसका अलावा पशुपालन काठको काम भवन निर्माण, ढुङ्गाको काम आदि गर्दछन् यिनीहरू प्राय गरी गोर्खाली सेनामा भर्ना हुन चाहान्छन् उनीहरूले विवाह गर्दा केटीको घरमा सौगात पढाउँदछन् । पठाएका सौगात कोटिपक्षबाट स्वीकार भएपछि विवाह पक्का भएको मानिन्छ । हिन्दु धर्म मान्ने मगरहरू बच्चा जन्मिएपछि १० दिन सम्म सुतक वार्दछन् र ११ औं दिनमा बच्चाको नाम राख्ने गर्दछ । ब्राह्मण पुजारी नअपनाउने मगरहरूले जुवाई वा भान्जालाई धार्मिक कार्य सम्पन्न गर्न लगाउँदछन् । यिनीहरू मान्छे मरेपछि लास गाड्ने प्रचलन छ (विष्ट सन् ९७६) ।

नेपालका मगरहरू पाँच समुहबाट नेपाल प्रवेश गरेका थिए । जसमा पहिलो समुह पश्चिम भेगबाट आएका मनाङ्वाका सन्तान नै सर्वप्रथम २३०० ई. पू. तिर प्रवेश गरेका थिए । त्यस्तै दोस्रो समूह आसामबाट र पाँचौ समुह दक्षिण भेगबाट नेपालमा प्रवेश गरेका थिए । मगर जातिको उत्पति चिनको सिम भन्ने स्थान बाट भएको र यिनीहरूलाई स्थानिय मानिसहरूले 'तानसाङ थापा' भन्दथे तसनाको अर्थ उत्तर र आङको अर्थ 'मा' भन्ने हुन्छ । मगर समाजमा विभिन्न संस्कार र चाडपर्वमा नाचिने नाचहरू सोरढी, घाटु, कोछ्रा र यौनाच हुन् । मगरहरूका विभिन्न थर र उपथरहरूका बारेमा बताएका छन् । जो यस प्रकारका छन्: आले मगर, घर्तिमगर, थापा मगर, पुन मगर र राना मगर (बराल वि. सं. २०५०) ।

मगरहरूको बसोबास मुख्य तया मगररााँतको नामले प्रचालित छ । वर्तामानमा पाल्पा, गुल्मी, प्यूठान, रोल्पा, रुकुम, सल्यान, डोल्पा, अर्धखाँची आदि जिल्ला र लुम्बिनि, भेरी र राप्ती अञ्चलमा मगर बस्तिको बाहुल्यता रहि आएको छ । यी क्षेत्रम सेनाहरूको प्रभूत्व हुनु अगाडि यहाँका मगरहरू हर्ताकर्ता थिए । मगरहरूका परम्परागत घरहरू ढुङ्गा माटोले बनेको भित्र बाहिर गोवर माटोले पोतेको र खर र ढुङ्गाले छाएको हुन्छ । घरमा बार्दली र कौशी निकालिएको हुन्छ । भूइतालामा अगेना चुलो राखिएको र एउटा कुनामा घरका देवता राखि पुजा गर्ने गरेको पाइन्छ । हरेक वर्षको जेष्ठ महिनामा कूल पुजा हुन्छ । यस जातिको विवाह संस्कार दुलाहले दुलहिलाई उपहार पठाउने र सो उपहार दुलहि तर्फबाट स्वीकार भएपछि मात्र विवाह पक्का भएको मानिन्छ । कुनै कारणबस विवाह नहुने भएमा दुलहि पक्षले हर्जाना तिर्नु पर्दछ । केटी भगाएर विवाह गर्ने चलन पनि मगर समुदायमा रहि आएको छ । मगर समाजमा विधवा विवाहलाई पनि मान्यता दिइन्छ । यस्तो विवाहमा दुलहि भित्राउँदा केटाले चुरा मात्र दिन्छन् भने सिन्दुर दिँदैनन् । मगर समुदायमा नारी स्वतन्त्रता पाइन्छ । विवाहित महिलाको सम्पतिमा आफ्नो हक लाग्ने र लोग्ने सँग मन नमिले माईती फर्कनु सक्ने पारपाचुके वा अर्को विवाह गर्न सक्ने मान्यता रहेको पाइन्छ । (शर्मावि. सं. २०५२) ।

पूर्वी यूरोपको हेंरीका बासिन्दाहरूलाई मग्यार भन्दछन् र हंगेरीको जातिय नाम पनि मग्यार नै हो । आफूलाई हुणका सन्तान मान्ने मगरहरू मध्ये एशियाको नेपाल पसेका कुरा मान्ने एउटा मत छ । हुणको एक शाखाका सन्तान मगरहरू तिब्बत हुँदै नेपाल पसेको विश्वास गरिन्छ । एकमत अनुसार पश्चिम चिनको खाम प्रदेश बाट खाम भाषिहरू पश्चिम नेपालको पहाडी क्षेत्रमा बसोबास गर्न थाले यिनीहरूलाई खाम मगर भनिन्छ । हंगेरिका मग्यार जाति र नेपालका मगरहरूबिच रक्त लगायत अन्य समानता पाईने अनुसन्धानकर्ताहरूको राय देखिन्छ वोदा सरोल्टा (सन् १९९५), बुढामगर (वि. सं. २०५३) ।

मगर शब्दको उत्पतिका बारेमा दुईवटा धारणा अगाडी देखा परेको छ । एउटा भनाइ मगरहरू मंगोलियाबाट आएका हुनाले पहिला उनीहरूलाई मंगोल भनेर सम्बोधन गरिन्थ्यो ।

कालान्तरमा मंगोल शब्द अपभ्रंश भएर मंगल हुन गयो । शब्द उपभ्रंशको क्रममा मंगलबार मंगर र मंगरबाट पनि मगर भएको भनिन्छ भने अर्को भनाई मंगोलियामा एउटा मग्यार भन्ने ठाउँ छ मगरहरू त्यही ठाउँबाट आएका समुदाय हुन र उनीहरूलाई मग्यार भनेर सम्बोधन गरिन्थ्यो । पछि मग्यार शब्द पनि अपभ्रंश भएर मगर बन्न गएको हो भनिन्छ । यी दुवै भनाइमध्ये दोस्रो भनाई तथ्यसँग बढि मेल खान्छ । जे होस् मगर शब्दका बारेमा अझै पनि बैज्ञानिक तरिकाले खोज गर्न आवश्यक छ ।

मगरहरूले बोल्ने भाषा पनि ठाउँ अनुरूप केहि मिल्ने पाइन्छ । त्यसमध्ये रोल्पा, रुकूम तिर बोलिने मगर खाम भाषा अत्यन्तै भिन्न छ भने अरु ठाउँमा बोलिने मगर भाषा केही मात्रामा भिन्न भएपनि समग्रमा मिल्दोजुल्दो छ । मगर खामबाहेक अरु भाषालाई एकरूपतामा ल्याउन सकिने सम्भावना बढी छ र खाम भाषा र अन्य मगर भाषामा एकरूपता ल्याउन अत्यन्त कठिन छ । जेहोस् यी दुवै भाषा मगरहरूले बोल्ने भाषा नै हुन् । मगर भाषा अहिले आएर लिखित तर्फ उन्मुखमात्र छ र केही समय याता लिपिका बारेमा खोजअनुसन्धान भइरहेको र त्यसको स्वरूप पनि सार्वजनिक भएको छ तर त्यही नै मगर भाषाको लिपि हो भनेरअधिकारिक पुष्टि भने भएको छैन केहि भाषा विज्ञहरूको लिपिका बारेमा चासो देखाएको त पाइनछ तर त्यति मात्र पर्याप्त छैन र लिपिका अनुसन्धान जारी छ (पीनु थापामगर) ।

यसरी मगर आफ्नो ऐतिहाँसिक थलोबाट विस्तार हुँदै पचहत्तरै जिल्लामा धेरै थोरै फैलिएका छन् । त्यसका प्रुमख दुईवटा कारण छन् । एउटा उनीहरूको पुरानो थलो भौगोलिक विकटता र दुर्गम बस्तीबाट सुगमतिरको आकर्षण र बसाईसराई दोस्रो अर्थहरूको नेपाल प्रवेशसँगै मगराँत संस्कृति माथिको प्रहार र सामाजिक बनोटको विखण्डनको प्रभावह हो ।

नेपालमा विभिन्न जातजातिको अध्ययन गर्ने नेपाली विद्वानहरूमा गोपाल सिंह नेपालीले 'The Newars' (सन् १९६५) नामक पुस्तकमा काठमाडौं कीर्तिपुरको पाँगामा बसोबास गर्ने नेवार जातिका नेवारी संसकृति र परम्पराको बारेमा Structural

Functionalदृष्टिकोणबाट प्रकाश पारेका छन् । L. Caplan (सन् १९७०) Land in Social Change in East Nepal : A study of Hindu - Tribal Relations मा उनले पूर्वी नेपालको किपट जग्गाको स्वामित्वको लागि हिन्दु ब्राम्ह्ण र क्षेत्री र लिम्बू जाति बीच चलेको द्वन्दलाई व्याख्या गरेका छन् । त्यसैगरी A.P. Caplan (सन् १९७२) ले 'Priests And Cobblers: AStudy of Social Change in a Hindu Village in Western Nepal' नामक पुस्तकमा पश्चिम नेपालमा ब्राम्हण र अछुत जातिको बीचमा विगतको २ दशकदेखि देखा परेको परिवर्तनलाई क्षेत्रगत अध्ययनको आधारमा उल्लेख गरेकी छिन् । उच्च हिन्दु जातिहरू ब्राम्हण क्षेत्री जैसीका अतिरिक्त मगर, गुरुङ्ग र अछुत वर्गको बिचमा चलेको द्वन्द्वलाई प्रष्टाएकी छिन् ।

नेपालको धार्मिक मत र सामाजिक संरचना अमूर्त बस्तुलाई मूर्त रूप दिने र अदृश्य शक्तिलाई उपसनाको वस्तु बनाउने आदिम धर्म मगरहरूको मौलिक धर्म र आस्था परम्परा हो । जे भएपनि मगरहरू खास गरी मध्य पहाडको दक्षिणभेग र हिन्दु जातिको बाहुल्य भएका गाउवस्तीहरूमा हिन्दुधर्म र परम्पराको अनुसरण गर्दछन् । उत्तरी क्षेत्रमा मगरहरूको धार्मिक आस्था भने बोम्पो तिब्बती बौद्ध धर्मसित नजिक देखिन्छन् । व्यवहारिक हिन्दुधर्मको अनुसरण गर्ने मगरहरू ब्रामहण पुरोहित नियुक्त गरी धार्मिक क्रियाकलाप सम्पन्न गर्दछन् । उत्तर तर्फ भने लामा झाँक्री पुरोहितको पनि प्रयोग गर्दछन् । मगरहरूले पुजा गर्ने देवताहरूमा विष्णु, महादेव, रामचन्द्र, कृष्ण, गणेश, लक्ष्मी भवानी आदिलाई मान्दछन् (विष्ट सन् १९७३) ।

मगर जातिको सांस्कृतिक परम्परा पनि बुद्ध संस्कारसँग मेल रहेको छ । जस्तो चण्डी पुजा, बुद्ध भगवान्ले गृह त्यागेर निस्कनु भएपछि उहाँले आफ्नो कपाल काटेर फाल्दा देवताहरूले राखेर पुजा गर्दथे । यहि विश्वासलाई लिएर मगरहरूले वैशाष पुर्णिमाको दिनमा चण्डि पुजा गरिएको हो । पछि हिन्दुको अतिक्रमण भए पछि सोही पुजालाई बलि पुजामा परिवर्तन गरेका हुन् । बुद्ध भगवानका पैतलामा माछा र कमलको फूल चिन्ह अंकित थियो । बुद्ध भगवानको परिनिष्वन पश्चात नाग (मगर) हरूले त्यहि रूपलाई देउ वडाको नाममा

पुजा गर्न थालेका थिए । मगर भाषामा देउको अर्थ देवता र वडाको अर्थ ठूलो मान्यजन हुन्छ । बुद्ध भगवानलाई ठूलो देवता भनेर मान्ने गरेको थियो । पछि त्यहि देउ बडा शब्द देउ बारहि भएको हो र मगरहरूको नाचहरू पनि धार्मिक भएको हुँदा देउस्थाहां अर्थात् देवताको नाच भनेर भनिने चलन छ । किनकि मगर भाषबाट देउ भनेको देवता र स्याहा भनेको नाच हुन्छ । यहि नै देउस्थहा भन्दा भन्दै पछि आएर देउसि हुन गएको हो । आज पनि मगर जातिको घरको मुल ढोकामा कमलाको फूलको बुहा बनाउने चलन रहेको छ । बुद्ध धर्ममा कमलाको फूलाई शुमचिन्हको रूपमा पुजा गरिन्छ । यसरी मगरहरूको मौलिक परम्परा बुद्ध धर्मसँग नजिक रहेको छ (नाम मगर सन् २०१०) ।

मगरहरूको बसोबास गर्ने मुख्य क्षेत्र पहाडी क्षेत्र हो । यस क्षेत्रमा सिचाईको अभाव छ । यहाँको जमिनलाई दुई भागामा विभाजन गरिएको छ । १. बारि २. खेत बारी भन्नाले सिचाइको सुविधा नभएको क्षेत्रलाई जनाउँछ । बारीमा गहुँ, मकै, कोदो, र आलु खेति गरिन्छ भने खेतमा धान खेती गरिन्छ । पहाडी क्षेत्रमा सिचाई कम मात्रमा हुने र खेतीको काम हुने भएकाले धान खेति थोरै मात्र गरिन्छ (Hitechock सन्1996)

जि.एम. (सन् २०१०) का अनुसार कला संस्कृति र चाड पर्वको विविधताको सम्पन्न मगर समुदायक जनसंख्याको दृष्टिकोणले नेपालको तेस्रो ठूलो तथा आदिवासी जनजाति समुदायको पहिलो जाति हो । नेपालको प्राय सबै जिल्लामा बसोबास गर्दै आएका मगरहरूले भव्यताका साथ मनाउने विभिन्न चाड पूर्वहरू मध्ये माघेसंक्रान्ति पनि एक प्रमुख चाड हो । मगर र थारु समुदायको परम्परागत चाड भएपनि माघे संक्रान्तिलाई सम्पूर्ण नेपालीहरूले राष्ट्रव्यापि रूपमा धुमधामका साथ मनाउने गर्दछन् । परापूर्वकाल देखि मनाउँदै आए पनि यो चाड सम्पूर्ण मगर समुदायको निम्ति माघ १ गते २०६५ बाट विशेष हर्ष उल्लासका साथ मनाउन सुरु गरिएको छ । सरकारले २०६५ सालबाट यसलाई राष्ट्रिय पर्व तथा मगर समुदायको प्रमुख पर्वको रूपमा मान्यता प्रदान गरेपछि यसलाई विशेष महत्वका साथ मनाउन सुरु गरिएको छ । सरकारको यस प्रकारको कदमले गर्दा सम्पूर्ण मगर तथा थारु सुमदायका दाजू भाई दिदी वहिनीहरूमा नयाँ रमझमको रक्तसंचार गरेको छ । सरकारले

आधिकारीक रूपमा माघेसंक्रान्तिलाई मगर थारु तथा सम्पूर्ण नेपालीको राष्ट्रिय पर्वको रूपमा घोषणा गरेपछि विगत देखि धुमधामका साथ मनाउँदै आएका मगर तथा थारु समुदाय निकै हर्षित भएका छन् ।

खुल्ला विश्वकोषका अनुसार नेपालको मध्यपश्चिम तथा पश्चिमाञ्चलका पहाडस्थित रुकुम, जागरकोट, प्युठान, रोल्पा, स्थाङ्णा, तनहुँमा आदिमकाल देखि बढ्दै आएको जनसङ्ख्याको हिसावले नेपालको तेस्रो ठूलोजाति र आदिवासी जनजातिहरूको हकमा प्रथम श्रेणीमा पर्ने मगर समदायका नेपालको एक प्रमुख राष्ट्रिय जाति हो । वि.सं. २०४८ सालको जनगणना अनुसार १३ लाख ३९ हजार ३ सय ८ र वि.सं. २०५८ सालको जनगणना अनुसार १६ लाख २२ हजार ४ सय २१ कुल जनसंख्या भएका मगरहरू पुरै नेपालको जनसंख्याको ७.१४ प्रतिशत छन् । पाल्पा, स्याङ्जा, तनहुँ, गुल्मी, प्युठान लगायतका ठाउँहरूमा प्रमुख वसोवास रहेको यिनीहरू अर्घाखाँची, रूपन्देही, काठमाण्डौं रामेछाप, म्याग्दी, बाग्लुङ, पर्वत, डोल्पा, हुम्ला, सुर्खेत, धनकुट्टा, सिन्धुली, उदयपुर लगायतका क्षेत्रमा पनि बसोबास गर्दछन् । यिनीहरूको बसोबास स्थितिलाई नियाल्दा नेपालको १४ अञ्चल ७५ वटै जिल्लामा बाहुल्यता रहेको र सबैभन्दा ठूलो जनसंख्याको ७४.६० प्रतिशत हिन्दु धर्म मान्दछन् र २४.४७ प्रतिशत मगरहरू बौद्ध धर्मलम्बी छन् । यो जातिको नेपाल एकिकरण अभियानमा अत्यन्त ठूलो भूमिका निभाएका थिए । ठूलाठूला लडाइका मोर्चाहरूमा गोर्खाली सेनाका रूपमा बहादुरी देखाउँदै यो जातिका युवाहरूले अन्य जातिसित काधँमा काँध मिलाएर बहादुरीपूर्वक लडेर मातृभूमी नेपालालाई विदेशि शक्तिहरूबाट बचाएको इतिहाँस पाइन्छ ।

शाक्यसन् २०११ का अनुसार परापूर्वकालमा बुद्धले बोल्ने भाषालाई पाली वा मागधि पनि भनिन्छ । अशोक स्तम्भमा लेखिएको भाषा मागधि या पालि हो र यो ब्राम्ही लिपिमा लेखिएको छ । एम.एस. थापामगरले “मगर भाषा र अक्खा लिपि” पुस्तकमा लुम्बिनीको अशोक स्तम्भमा कुदिएको भाषा र लिपि नै मगर जातिको पुरानो मौलिक भाषा र लिपि हो भनेका छन् । यो हिसाबले मगर व्यक्ति र मगर राज्यको सम्बन्ध देखिन्छ । यिनको

ऐतिहासिक जन्तु ड्रागन गंगा मैदानका नदीहरूमा पाइने गोहिहरू हुन जसलाई मगरमच्छ भनिन्छ । यो भनेको मंगोल माछा भनेको हो । यसरी मंगोलिया देखि मगधसम्म फैलिएको भू भाग नै प्राचिन मगरराँत हो । तर मगर जाति र मगरराँत भन्नाले हाल नेपालको सवैभन्दा ठूलो जनजाती र पूर्वमा त्रीशूली र पश्चिममा कर्णाली नदि बिचको मध्यपहाडि भू भाग भन्ने बुझिन्छ । ईशा ११ शताब्दी तिर खस साम्राज्यको ऐतिहासिक अभिलेखमा "मंग्वर विषय" भनिएको छ । पछि खस साम्राज्य विस्तार हुँदै जाँदा खस र मगरहरू छयासमिस भए ।

बुढाथोकी (बुढा) रोक्का, थापा, राना आदि थरहरू खस र मगर दुवै जातिमा पाईन्छन् । हड्सनको भनाइअनुसार जो मगरहरू खस साम्राज्यको अधिनमा परे तिनीहरू खस भए । जो मगरहरू मगराँतमा परे तिनीहरू मगर भए । पछि वाइसे चौविसे राज्यमा विखण्डित खस राज्यहरू देखा परे पछि छ्यासमिस हुँदै गए । पुन मगर सन् २००८ का अनुसार मान्छे विचारले परिवर्तन हुनु पर्दछ । जातीयताले होइन किनकी जो व्यक्तिजाति र जातिय रूपले परिवर्तन हुन चाहन्छ । त्यसको भविष्य कुनै हालतमा सुनिश्चित छँदैछैन । यतिबेला बाह्य हिन्दु अतिवादीहरूले च्याप्दै आईरहेको अवस्थामा मगरहरूमा आपसि वैमनस्यता देखाउनु भनेको आफ्नो कमजोरी पक्ष देखाउनु हो । विरोधिहरुले आफ्नो विपक्षि माथि हमला गर्नु छ भने उसले कमजोरी पक्ष हेरेर हमला गर्दछ । त्यसरी नै पञ्चायति व्यवस्थामा हिन्दु अतिवादिहरूले हामीमगरहरूलाई सोझोपनको फाइदा नउठाएका होइनन् र आजपनि हामीमाथि वारवार घोचपेच हुँदैछ । यो कुरा बुझेको मगरहरूले खोई वर्तमान्मा गुज्रेको देशको अवस्था हिन्दु अतिवादीहरूको चलखेल भैरहेको बेला मगरहरू जुट्नु पर्नेमा किन फुट्दैछन् ।

पुन मगरहरू मगरबाट छुट्टिएर पुन मात्र हौं भनेर आदीवासी जनजातिको सुचिमा सुचिकृत हुँदैछन् । यो कतिको सान्दर्भिक हो यसलाई एकपटक सम्पूर्ण देशवासी मगरहररुले गहिरिएर सोचौं त आज पुनले म मगर होइन भोलि थापाले पर्सी रानाले एवम् रितले सबै जातिले यस्तै भन्दै फूटे भने मगर जातीको अस्तित्व कहाँ पुग्छ कित इतिहास कि त संग्रहालयतिर एकादेशमा मगर भन्ने जाति थियो रे । त्यहि पनि लोप भएर गयो रे । यस्तै

यस्तै कथा पढ्न पाईन्छ । यसमा दुईमत छैन । पहिले बेलायत सिंगापुर तथा भारतमा भर्ति हुँदा पुन, थापा, राना बाहेक अन्य मगरलाई लिइदैन थियो । किनकी पुन थापा र राना भनेका मात्रै पक्का मगर हुन भन्ने एक खाले मान्यता थियो । तर आज त्यहि पुनहरूले हामी मगर होइनौ भन्नु विरालोले मैले मासु नखाने ब्रत लिएको छु भन्नु जतिक्कै हो । कारण माथिको भर्तिप्रथा साक्षी छ पुनहरू पनि मगरहरू नै हुन् । एउटा रुखमा विभिन्न हाँगाविंगा र त्यसका शाखा र उपशाखाहरू हुन्छन् । के ति हाँगाहरूले म अर्कै रुखको हाँगा है भन्न सुहाउँछ अहँ सुहाउँदैन नकि हाँगाले बिर्सन हुन्न हाम्रो मुख्य उत्पति र अस्तित्व भनेको जरा हो । एउटा रुख हो । त्यो नभएर हाँगा रहँदैन हाँगा वाचन सक्दैन । त्यसको अस्तित्व हराउँछ । यो मानेमा पुनले पनि विर्सनु हुन्नकी हाम्रो उत्पति मगर जातिबाट भएको हो । मगरको छाता संगठन भित्र रहेर विभिन्न संगठन खोल्न पाउनु उसको अधिकार हो । तर म मगर होइन भन्नु र जातिय रूपमा छुट्टिनु मगर जातिलाई स्वार्थको हतियार बनाउनु अनाधिकार हो ।

अन्य समुदायको तुलनामा मगर समुदायका महिलाको स्थान सम्मानित रहेको पाइनछ । घरको नेतृत्व पुरुषले गरे पनि महिला (आमा वा श्रमिति) को सल्लाहविना कुनै पनि कारोबार गरिदैन । विशेष गरेर आमालाई घरमा सम्मान गर्ने चलन छ । आमालाई छोराले बढी सम्मान गर्ने गर्छन् । मगर समुदायको परम्परागत संस्कार र संस्कृतिमा महिला र पुरुषमा त्यस्तो धेरै भेदभाव रहेको पाइदैन । सामुहिक रूपमा गरिने सामाजिक भेजा, भोज, मेला, पूजामा महिला समान सहभागि भएको पाइन्छ (रानामगर २०६२) ।

नयाँ सामाजिक आन्दोलनको विकास हुनु अघिका सामाजिक आन्दोलनमा बर्गीय सवाल राजनीतिको केन्द्रीय विषय थियो र राजनीतिक, आर्थिक, रूपान्तरणले मात्र सबै प्रकारका सामाजिक समस्या समाधान गर्न सकिन्छ भन्ने मान्यता राख्थ्यो । सन् १९६० पछाडि मजदुर आन्दोलन पनि नयाँ सामाजिक आन्दोलनमा रूपान्तरित भयो र वर्गमा आधारित मजदुर आन्दोलन बीचमा पनि काम, क्षेत्र, स्थानीयता, जात जातिमध्ये पहिले कसले अधिकार र समानता पाउने भन्ने बहस सुरु भयो । त्यससँगै समुदायबाद, जीवनशैली

धार्मिक जागरण, पुनजार्गरण र जातिय जनजातीय पहिचानका सांस्कृतिक आन्दोलनको प्रभाव सन् १९७० को दशकमा विश्वभरि फैलियो । आदिवासी जनजाति आन्दोलन पनि सन् १९७० को मध्येबाटै व्यापक रूपमा बढ्दै गयो र तिनिहरूको संघर्ष विश्व समाचार बन्यो भने तिनीहरू धेरै विश्वस्तरीय संस्थामा प्रवेश गरेपछि अन्तराष्ट्रिय उपस्थिति पनि देखियो ( फ्रिडमेन १९९९ : ३९१) यद्यपि, विश्वमा आदिवासी जनजाति आन्दोलनको सुरुवात भने सन् १९२३ मा क्यानडाका इरोकी आदिवासीको संघर्षबाट भएको हो (भट्टचन २०६७) ।

पहिचानको राजनीति उठ्नु र यसले व्यापकता पाउनुका पछाडि धेरै कारण छन् । विश्वव्यापी रूपमा पहिचानजनित आन्दोलनको प्रवृत्ति हेर्दा आधुनिकिकारणको प्रक्रियासँगै राज्यमा प्रतिनिधित्व, पहुँच, सांस्कृतिक वैधता, स्रोत साधनको समान वितरण मानवअधिकार धर्मनिरेपक्षता, भाषिक समानता, स्वशासन र समावेशिकरण जस्ता माग अगाडि साररे आदिवासी जनजातिले आन्दोलन वा संघर्ष गर्दै आएका छन् । नेपालमा पनि आदिवासी जनजाति पहिचानको आन्दोलन लोकतान्त्रिक अधिकार प्राप्त गर्न, समृद्ध र समान नागरिक बन्न, विगतको वहिष्करण र नोक्सानलाई हटाउन संघर्षरत छन् । अझ नेपालमा जातिय पहिचानको राजनीति नयाँ आयमका रूपमा उठ्नुमा सन् १९९० को संविधान असफलता तथा प्रमुख राजनीतिक दल जातिय राजनीतिक सवाललाई सम्बोधन गर्न नसक्नु प्रमुख कारण भएको दाबि गरिन्छ (भट्टचन २०१३) ।

# अध्याय तीन

## अनुसन्धान विधि

कुनै पनि एउटा मात्र अध्ययन विधिले सम्पूर्ण सुचनाको स्रोत प्राप्त गर्न सकिदैन तसर्थ यहाँ विभिन्न प्रकारका अध्ययन विधिबाट तथ्य सङ्कलन गर्ने काम गरिएको छ । त्यसैले यस परिच्छेदमा अध्ययन क्षेत्र छनोट, अनुसन्धानको ढाँचा, तथ्य संकलनको प्रकृति र स्रोत, अध्ययनको जनसंख्या तथ्याङ्क संकलन विधि, अध्ययनको सिमा, तथ्याङ्कहरूको सम्पादन र वर्गीकरण, तथ्याङ्कको विश्लेषण एवम् अध्ययनको क्रममा देखा परेका समस्याहरू माथि अध्ययन गरिएको छ ।

### ३.१ अध्ययन क्षेत्रको छनोट

महोत्तरी जिल्ला हाथिलेट गा.वि.स. लाई अध्ययन क्षेत्रको रूपमा छनोट गरिएको छ । यस गा.वि.स. मा गुरुङ्ग, ब्राम्हण, क्षेत्री, राई, कोइरी, सन्यासि आदि जातजातिहरू भएता पनि संख्यात्मक रूपमा प्रमुख जातिका रूपमा मगरहरू रहेको छ । यसरी यस गा.वि.स. मा रहेका विभिन्न जातजातिहरू सङ्ग मगर जातिको समाजमा कस्तो सम्बन्ध एक अर्का प्रतिको जातियताको प्रभाव कस्तो रहेको छ । उनीहरू बिच समाजका विभन्नि पक्षहरूमा जस्तै सामाजिक सांस्कृतिक, राजनीतिक शैक्षिक, धार्मिक आदि पक्षहरूमा कस्तो सम्बन्धहरू मगर जाति र अन्यजाति बिच रहेको छ भन्ने विषयलाई प्रस्टाउन यस क्षेत्रलाई अध्ययन क्षेत्रको रूपमा छनोट गरिएको छ । साथै यस स्थानमा हाल सम्म मगर जाति र अन्य जाति बिचको सम्बन्धलाई कतैबाट अध्ययन अनुसन्धान भएको नपाइएको ले यो क्षेत्र छनौट गरिएको हो ।

नेपालको पाँच विकास क्षेत्र मध्ये मध्यमाञ्चल विकास क्षेत्रमा पर्ने जनकपुर अञ्चलका ६ जिल्ला मध्य महोत्तरी जिल्ला एक हो । हालसालै २०७२ को संविधान घोषणा पछि नेपाललाई ७ प्रदेशमा छुट्याईकोमा जनकपुर अञ्चल प्रदेश नं. २ मा रहेको छ । महोत्तरीमा ७६ वटा गा.वि.स. मध्ये ४ वटा गा.वि.स. लाई जोडेर एउटा बर्दिवास नगरपालिका वि.सं. २०७१ मा घोषणा गरिएको छ । महोत्तरी जिल्लाका ७६ वडा गा.वि.स.

मध्ये हाथिलेट गा.वि.स. एउटा गा.वि.स. हो । यस गा.वि.स. का अधिकंश वडाहरूमा मगर जातिको बसोबास रहेको छ ।

यस गा.वि.स. मा जनसंख्याको आधाभन्दा बढी जनसंख्या मगरहरूको रहेकोले हाथिलेट २ लाई अध्ययन क्षेत्रका रूपमा छनौट गरिएको छ । यस क्षेत्र पूर्व परिचित क्षेत्र हो । त्यसैले यस क्षेत्रमा सुचना सङ्कलन गर्न सजिलो हुने हुँदा यस हाथिलेट गा.वि.स. लाई नै अध्ययन क्षेत्र छनोट गरिएको हो ।

## ३.२ अनुसन्धानको ढाँचा

यस अध्ययनमा मगर जातिहरूको र अन्य जातिहरू सँगको सामाजिक सांस्कृतिक, राजनीतिक, आर्थिक, शैक्षिक अवस्थाको बारेमा खोजी गर्ने हुँदा, सामाजिक र आर्थिक अवस्थाको बारेमा वर्णनात्मक रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै गरि मगर जातिहरू र अन्य जातिहरू सँगको सम्बन्ध र त्यसबाट पर्ने प्रभाव र स्थितिको तथ्य उनीहरूको सम्बन्धमा आएको परिवर्तन, प्रभाव, व्यक्तिगत सामाजिक पेशा तथा अन्य विविध पक्षको व्याख्या र विश्लेषण गरिएको छ । संख्यात्मक र गुणात्मक रूपमा पनि विभिन्न तथ्याङ्कको प्रस्तुत गरिएको छ ।

## ३.३. अध्ययनको समग्रता र नमुना छनौट

यस अध्ययनको अध्ययन क्षेत्रमा जम्मा घरधुरी सङ्ख्या १५२ रहेको छ । अनुसन्धानको क्रममा जम्मा ५० घरपरिवारलाई मात्र लिइएको छ । जुन पाँच वटा जातजातिलाई छनोट गरिएको छ । जुन ब्राहम्ण/क्षेत्री, आदिवसी जनजाति, मगर, मधेसी र दलित जातजातिहरु रहेको छ । जम्मा पाँच जातजाति को प्रत्येक १० परिवार सँग उत्तर संकलन गरिएको छ । नमुना छनोट गर्ने क्रममा प्रत्यक जातजातिको बस्तीमा गई नमुना संकलन गरिएको छ । जहाँ जम्मा जनसंख्या ८१२ रहेको छ । नमुना छनोट गरिएको ५० घरधुरी समग्रताको २५% रहेको छ ।

## ३.४ तथ्याङ्कको स्रोत र प्रकृति

कुनै पनि विषयमा अध्ययन तथा अनुसन्धान गर्नका लागि त्यससँग सम्बन्धि सामग्रीहरू नितान्त आवश्यक पर्दछ। जसलाई निम्न अनुसार प्रयोग गरिएको छ।

मगर जातिको अन्य जातिहरू सँगको सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक सम्बन्ध त्यसबाट पर्न गएको प्रभावको बारेमा अध्ययन गरिएको हुँदा तथ्याङ्कको स्रोत अध्ययन क्षेत्रलाई नै प्रमुख मानिएको छ । प्राथमिक स्रोतमा अध्ययन क्षेत्रमा गएर घरधुरी सर्वेक्षण, मुख्य सूचना दाताहरूसँगको अन्तरवार्ता, अवलोकन र अर्ध संरचित प्रश्नावली जस्ता विधिहरू प्रयोग गरिएको छ । त्यसैगरी द्धितिय स्रोतमा गा.वि.स. कार्यलयबाट प्राप्त अभिलेख, जि.वि.स. कार्यलयहरूबाट प्राप्त अभिलेख, केन्द्रिय तथ्याङ्क विभागबाट प्राप्त रेकर्ड, पुस्तक, लेख, रचना, सुचना, पत्रपत्रिका तथा विभिन्न आदिवासी जनजाति सम्बन्धि पुस्तक र प्रकाशनहरू तथा यस अघि खोज तथा अनुसन्धान भएका आवश्यक र उपयोगी लेख तथा सामाग्रीहरूबाट पनि जानकारी लिइएको छ ।

## ३.५ तथ्याङ्क संकलन विधि

कुनै पनि विषयको अध्ययनमा तथ्याङ्क सङ्कलन विधिको ठूलो भूमिका रहन्छ । अध्ययनको आधारित परिणाम पनि तथ्याङ्क सङ्कलन प्रविधिमा निर्भर रहन्छ। अन्ततः सहि तथ्याङ्क संकलन गर्ने क्रममा सम्बन्धित क्षेत्रमा गएर त्यहाँका बासिन्दाहरूसँग आत्मीयता र विश्वासपूर्ण सम्बन्ध कायम राखी अध्ययनलाई अगाडि बढाइएको छ । यहाँ तथ्याङ्क सङ्कलन गर्ने क्रममा तथ्याङ्कको स्रोत अन्तर्गत रहेको विधिलाई नै प्रयोग गरिएको छ । जुन यस प्रकार छन्:

### ३.५.१ घरधुरी सर्वेक्षण

अध्ययन क्षेत्रको स्थलगत रूपमा भ्रमण गरी कूल ५० घरधुरीलाई नै सर्वेक्षण गरिएको छ । यस सर्वेक्षणको क्रममा प्रश्नावलीको माध्यमबाट घरमुलिलाई नै मुख्य उत्तर

दाता मानि प्रश्न सोधिएको छ । प्रश्नावली अन्तर्गत तथा अन्तरवार्ता सम्बन्धी विभिन्न सामाजिक संस्कृतिक सम्बन्ध, राजनीतिक सम्बन्ध, शैक्षिक सम्बन्ध जस्ता विषयमा तथ्णङ्क संकलन गरिएको छ ।

### ३.५.२ अवलोकन विधि

यस अध्ययनका क्रममा सामान्य अवलोकन विधि पनि अपनाइएको छ । यस विधिको प्रयोगबाट उनीहरूको र अन्य जातिसँग को सम्बन्ध तथा उनीहरूको घरहरूको बनावट घर परिवारको वातावरण, उनीहरूको संस्कार, लवाई खवाई तथा अन्य जातजातिहरू सँगको सहयोग, लेनदेन, तथा द्वन्द्वात्मक पक्षहरूको समेत अवलोकन गरी अध्ययन गरिएको छ ।

## ३.६ तथ्याङ्कको वर्गीकरण र सम्पादन

यस अध्ययनमा सङ्कलित तथ्याङ्कलाई तिनीहरूको गुण र विशेषताका आधारमा विभिन्न समुहमा विभाजन गरी प्रस्तुत गरिएको छ । जस्तै सामाजिक, संस्कृतिक, आर्थिक अवस्थालाई एक ठाउँमा राखेर अध्ययन गरिएको छ भने राजनीतिक, शैक्षिक पक्षलाई एक ठाउँमा प्रस्तुत गरिएको छ । यसरी संकलन गरिएको तथ्याङ्कलाई सम्पादन गरी अध्ययनलाई स्तरीय बनाउने प्रयास गरिएको छ ।

## ३.७ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

संकलित तथ्याङ्कहरूलाई तथ्याङ्कको प्रकृति अनुसार विश्लेषण तथा प्रसतुतिकरण गरिएको छ । मगर जातिहरूको अन्य जातिसँगको सामाजिक, सांस्कृतिक, राजनीतिक, शैक्षिक, पक्षहरूको बारेमा अध्ययन बाट प्राप्त सूचनाहरू वर्गीकरण गरी व्याख्यात्मक रूपमा प्रस्तुत संख्यात्मक तथ्याङ्कहरूलाई तालिका र आवश्यकता अनुसार तालिकिकरण, प्रतिशत तुलनात्मक र बोधगाम्य बनाउन सङ्ख्यात्मक विधि प्रयोग गरी तथ्याङ्कको व्याख्या र विश्लेषण गरिएको छ ।

## ३.८ अध्ययनको सिमा

कुनै पनि समुदायको सर्वेक्षण गर्नु भनेको त्यस स्थानमा बसोवास गर्ने जनसमुदायको वास्तविक स्थिति थाहा पाउनु तथा उनीहरुसँग सम्बन्धित पक्षहरूको अध्ययन गर्नु हो । यस अनुसन्धान मध्यमाञ्चल विकास क्षेत्रमा पर्ने महोत्तरी जिल्लाको हाथिलेए गा.वि.स. वडा नं. २ मा सिमित रहेको छ । यस गा.वि.स. मा बसोबास गर्ने ब्राम्हण, क्षेत्री, मगर, राई, मधेसी सन्यासी, दलित जातिहरू मध्ये मगर जातिका अन्य जातिहरूसँगको सामाजिक सांस्कृतिक, राजनीतिक, शैक्षिक पक्ष र त्यसबाट पर्ने प्रभावको बारेमा अध्ययन गरिएको छ ।

यस अध्ययनले सानो क्षेत्र ओगटेको हुनाले सम्पूर्ण मगरहरूका र अन्य जातिहरूको प्रतिनिधित्व गर्नु नसके पनि यस क्षेत्रका जात जातिहरूको अवस्थाको बारेमा जानकारी गराउन सकिन्छ ।

## ३.९ अनुसन्धानको क्रममा अनुभव गरिएका समस्याहरु

यस अध्ययनको क्रममा अनुसन्धान गर्नको लागि अध्ययन क्षेत्रमा देखिएका समस्याहरुलाई प्रस्टाउदा मेरो अध्ययन विषय जातजातिहको एकअर्का विचको सम्बन्धलाई अध्ययन गर्नु पर्ने हुनाले उनीहरु विचको सहयोग द्वन्द, भावनात्मक पक्ष, बैद्धिक पक्षहरुलाई अध्ययन गर्नु पर्ने हुनाले केहि समस्याहरु झेल्नुपरेको थियो जस्तै तपाइ कुन राजनितिक पाटिमा आवद्ध हुनुभएको छ भन्ने प्रश्नमा प्राय आफूले भोट अगाएको पार्टि वा संलग्न रहेको पार्टि खुलाउन गाह्रो मान्ने राजनितिक सम्बन्ध सँग सम्बन्धित प्रश्नहरु गर्दा संकास्पद दृष्टिकोणले हेरेको तथा तपाईको कुन जातिको व्यक्ति सँग मनमुटाव वा द्वन्द हुने गरको छ वा कुनै कारणले कसैसँग द्वन्द भएको थियो भन्ने प्रश्नमा पनि कहिलु पनि द्वन्द नभएको तथा कसैसँग पनि आजसम्म पनि झैझगडा नरहेको भन्ने पछि धेरै बेरसम्म कुराकानी गरेपछि विस्तारै द्वन्द भएको कुराहरु खुलाउने गरेको पाइयो । यसरी सुचना संकलन गर्ने क्रममा प्राय धेरै समस्याहरु भोग्नु नपुर्नको करण यस अध्ययन क्षेत्र पूर्व परिचित क्षेत्र भएको र प्राय उत्तरदाताहरु पनि परिचित भएको कारणले गर्दा खासै समस्याहरु नभएता पनि

मधेसीजातिको मा सुचना संकलन गर्दा प्राय महिलाहरु घरमा बस्ने पुरुष हरु बाहिर खेतवारीम काम गर्न गएको बखतमा सुचना संकलन गर्दा मधेसी जातिका महिलाहरु धेरै खुलेर कुराकानी नगर्ने जसले गर्दा उनीहरुसँग धेरै समय लिनुपर्ने समस्याहरु झेल्नु परेको थियो ।

## अध्याय चार

## अध्ययन क्षेत्रको सामान्य परिचय

### ४.१ भौगोलिक अवस्था

प्राचीन इतिहासलाई पल्टाउँदा नेपाल एकिकरण हुनुपूर्व हालको महोत्तर जिल्ला मिथिला प्रदेशको एक स्वतन्त्र राज्यको रुपमा रहेको पाइन्छ । एक किम्बदन्ती अनुसार एक जना महोदरी नाम गरेको व्यक्तिले हालको महोत्तरी गाउँ विकास समितिमा करिब ५० रोपनी क्षेत्रफल भएको जग्गामा एक विशाल सुन्दर पोखरी निमार्ण गरे जुन पोखरीको नामाकरण आफ्नो नामबाट गराई महोदरी राखे । कालान्तरमा गएर महोदरी शब्दको अपभ्रंस हुन गई महोत्तरी हुन गएको जनश्रुति छ । परिणामत : उक्त पोखरी रहेको जिल्लाको नाम महोत्तरी हुन गयो ।

राजधानी काठमाण्डौबाट करिब १८८ कि.मी. पूर्व दक्षिण, अञ्चल सदरमुकामको सिमाना सँगै टाँसिएको तथा समुन्द्रि सतहबाट ६१ मिटर देखि ८०८ मिटर सम्मको उचाइमा रहेको यो जिल्ला नेपाल अधिराज्यको मध्यमाञ्चल विकास क्षेत्रको जनकपुर अञ्चलमा पर्दछ । विश्वमान चित्रमा महोत्तरी जिल्ला २६°३६' दखि २८°१०' अक्षांस र ८५°४१' देखि ८५°४७' देशान्तर भित्र १००२ वर्ग कि.मी क्षेत्रफलभित्र फैलिएर रहेको यस जिल्ल सदरमुकाम जलेश्वरबाट थोरै क्षेत्रफल दक्षिण भागमा र धेरै उत्तरी भागमा पर्दछ । उत्तर दक्षिण औसत लम्बाई ५८ कि.मी. र पूर्व पश्चिम औसत चौडाई १८ कि.मी. मा फैलिएको यस जिल्लाको उत्तरमा सिन्धुली, पूर्वमा धनुषा र भारतको विहार राज्य रहेको छ । मध्य तराई भागमा अवस्थित यस महोत्तरी जिल्लाको हावापानी tropical sub tropical र mid temperature गरी ३ प्रकारको रहेको छ । औसत अधिकत्म तापक्रम ४० डि.से. र न्यूनतम तापक्रम ५.६ डि.से. रहने यस जिल्लामा औसत सापेक्षित आद्रता ८७ प्रतिशत र औसत वर्ष १८४१.१ मि.लि. हुने गर्दछ । ठूला नदीहरु रातु र बाँके खोलाले सीमा निर्धारण गरिएको यस जिल्लाभित्र बहने प्रमुख नदीनालाहरुमा मरहा, जङ्गहा, भप्सी, अँकुसी, बिग्ही, श्रलदी र छागर

आदि रहेकाछन् । यस जिल्लामा हाल ४१८४ हेक्टर कृत्रिम तथा प्राकृतिक जलाशयहरु छन् भने सिंचित क्षेत्र १८१०७ हेक्टर तथा अंसिंचित क्षेत्र ४००८८ हेक्टर रहेको छ । ५५४२ हेक्टर भुमिमा नदी, पोखरी रहेको यो जिल्लामा सम्भाव्य जलाशय र उपयुक्त वातापरणको दृष्टिकोणले कृषि तथा मत्स्यपालनका लागि एउटा प्रमुख जिल्लाको रुपमा सुपरिचित रहेको छ ।

### ४.१.१ जनसङ्ख्या

महोत्तरी जिल्लाको जम्मा जनसङ्ख्या २६७५८०मध्ये महिलाको सङ्ख्या ३१६५६४ रहेको छ भने पुरुषको ३११०१६ रहेको छ । जसमध्ये हाथिलेट गा.वि.स वाड नं २ मा जम्मा संख्या ६३५१ जनसंख्या मध्ये महिलाहरुको संख्या ३०८२, पुरुष संख्या ३२७२ रहेको पाइयो । यो जनसंख्या महोत्तरी जिला हाथिलेट गा.वि.स.को जातिगत जनसंख्यालाई अध्ययन गर्दा क्षेत्री, ब्राम्हण, मधेसी, दलित, तामाङ्ग, राई भुजेल, नेवार, कोइरी आदि जनसंख्या मध्ये मगरहरुको जनसंख्या ठूलो रुपमा रहेको पाइन्छ । यहाँ क्षेत्री/ब्राम्हणको जनसंख्या १७४ (२२.४८%), गिरी १२१ (१५.६३), कोइरी, लोहार, मधेसी, यादव को संख्या ८९ (११.४९), त्यस्तैगरी नेवार ५४ (६.९७) र भुजेलको २३ (२.९७) रहेको छ । त्यसै गरी यहाँ ब्राम्हण क्षेत्री, मधेसी, यादव, दलित, केवट, धानुक, भूजेल, गिरी आदि जातिहरु संख्या भन्दा मगरहरुको संख्या १९५ (२५.१९) रहेको हुनाले अन्य जातजातिहरु भन्दा मगर जातिका मानिसहरुको संख्या बढि रहेको पाइन्छ ।

यस अध्ययन क्षेत्र महोत्तरी जिल्लाको हथिलेट गा.वि.स.मा जम्मा घरधुरी ११४६ र कुल सङ्ख्या ६३५१ रहेको छ । जसमध्ये पुरुषको सङ्ख्या ३२७२ र महिलाको सङ्ख्या ३०८२ रहेको छ । यहाँ मगर जातिको जनसंख्या १९५ रहेको छ । यो संख्या यस गा.वि.स. का जातिगत आधारमा अध्ययन गर्दा क्षेत्री वाहुन, गिरी, दलित र मधेसी सबै भन्दा पहिलो ठूलो जातिको रुपमा रहेको पाइन्छ । यस गा.वि.स. को वडा नं. २ मा पर्ने हाथिलेट गाउँमा मुख्य गरी मगर जातिको बसोवास रहेको छ । यस वडामा मगर जातीको जनसंख्या १९५ रहेको छ (गा.वि.स. रेकर्ड २०७०)

### ४.१.२ अध्ययन क्षेत्र

जनकपुर अञ्चलमा पर्ने विभिन्न जिल्लाहरु मध्ये महोत्तरी जिल्ला एक तराई क्षेत्रमा पर्ने जिल्ला हो । यस जिल्लामा ७३ गा.वि.स. मध्ये ४ ओटा गा.वि.स लाई जोडेर एउटा बर्दिवास नगरपालिका २०७१ मा घोषणा गरिएको छ । महोत्तरी जिल्लाका ७३ वटा गा.वि.स मध्ये हाथिलेट गा.वि.स पनि एउटा गा.वि.स. हो । यस गा.वि.स. मा विभिन्न किसिमका जातजाति तथा जनजातिहरु मध्ये मगर जाति पनि एक जाती हो । यस गा.वि.स. को वडा नं. २ मा विशेष गरेर यो जातिको बसोवास रहेको पाइन्छ । यस गा.वि.स. मा विभिन्न जातजातिहरुको बसोबास रहेको हुनाले यहाँको सामाजिक साँस्कृसतक क्रियाकलापहरुलाई आफ्नै जातिय आधारमा मात्र नमानेर एक अर्काको संस्कार सँस्कृतिहरुलाई अवलम्बन गरेको देखिन्छ । साथै मगरहरु अन्य जातिको तुलनामा संख्याका आधारमा ठूलो रुपमा रहेकोले यहाँका मगरहरु प्राय बौद्ध धर्मालम्बी रहेका छन् भने मुख्य पेशाको रुपमा कृषिलाई अपनाएको पाइन्छ । यसैगरी यस गा.वि.स का मानिसहरु आफ्नो व्यापारिक क्रियाकलाप गर्नको लागि स्थानिय बजारमा जाने गरेता पनि मुख्य बजारको रुपमा बर्दिवास नगरपालिकामा स्थीत बर्दिवास बजारलाई व्यापारिक क्रियाकलापको रुपमा सहज ठान्दछन् ।

यस क्षेत्रका जातजातिहरु आफ्नो मुख्य पेशाको रुपमा कृषिलाई मानेता पनि यहाँका मानिसहरु व्यापार व्यवसाय, रोजगार, ज्यालामजदुरी तथा वैदेशिक रोजगारमा पनि संलग्न रहेको छ ।नयाँ पुस्ताहरु गैर कृषि र नयाँ नयाँ अवसरको खोजीमा रहेका पाइन्छन् । युवा पुस्ताहरुमा शिक्षाको प्रभाव र लहर आएको देखिएता पनि उचित अवसर र प्रेरणाको कमीले गर्दा स्थानीय स्तरका अनुउत्पादिक क्रियाकलापमा संलग्न रहेको पाइन्छ । खानेपानीको रुपमा यस क्षेत्रका मानिसहरु प्राकृतिक इनार, धारा, बोरिङ्ग, कल साथै वर्दिवास खानेपानी आयोजनामा निर्भर रहेका छन् ।

यहाँका मगर जातिका मानिसहरु अन्य जातिको मानिससँग सामाजिक साँस्कृतिक, शैक्षिक राजनीतिकरुपमा एक अर्कासँग प्रकार्यत्मक सम्बन्धमा रहेर यहाँको समाज अगाडि बढेको पाइन्छ । यहाँका मगर जातिहरु मुख्य रुपमा कृषि कार्यमा निर्भर रहेता पनि रोजगारी

र व्यापार व्यवसायीक क्रियाकलापको साथै वैदेशिक रोजगारिको लागि विदेशिएको पाइन्छ । महोत्तरी जिल्लाका ७३ गाविस मध्ये अध्ययन क्षेत्र रहेको हाथिलेट गा.वि.स. प्रकृतिक रुपमा समथर एक हो ।

यस गा.वि.स मा जनसङ्ख्या ६३५१ रहेको छ जसमध्ये पुरुष ३२७२ र महिलाको जनसंङख्या ३०८२ रहेको छ । यस गा.वि.स. को प्रत्येक वडाको जनसंख्या विवरण तलको तालिका नं. १ द्वारा स्पष्ट हुन्छ ।

**तालिका नं १**

**हथिलेट गा.वि.स. को वडागत जनसंख्या विवरण**

| वडा नं | घरधुरी | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ९५ | २८० | २४८ | ५२८ | ८.२८% |
| २ | १५२ | ३६९ | ३४७ | ७१६ | १३.२६% |
| ३ | १२९ | ४०२ | ३९९ | ८०१ | ११.२५ |
| ४ | १२२ | ३७० | ३२९ | ६९९ | १०.६४ |
| ५ | १८० | ४९८ | ५२१ | १०१९ | १५.७० |
| ६ | ७५ | २३४ | २०१ | ४३५ | ६.५४ |
| ७ | १५८ | ४२४ | ४०४ | ८२५ | १३.७८ |
| ८ | ८९ | २५१ | २४५ | ४९६ | ७.७६ |
| ९ | १४६ | ४४४ | ३८८ | ८३२ | १२.७३ |
| जम्मा | ११४६ | ३२७२ | ३०८२ | ६३५१ | १००% |

स्रोत : घरधुरी सर्वेक्षण आधार वर्ष २०७०

माथिको प्रस्तुत तालिकाबाट के प्रष्ट हुन्छ भने हाथिलेट गा.वि.स. का प्रत्येक वडाहरुमा जनसङ्ख्याको विवरणलाई हेर्दा सबैभन्दा बढि जनसंख्या वडा नं. ५ मा रहेको छ । जुन कूल जनसंख्याको १५.७० प्रतिशत हुन आउँदछ । त्यसैगरी सबैभन्दा कम जनसङ्ख्या वडा नं. ६ मा ४३५ रहेको छ भने जुन कुल जनसङ्ख्याको ६.६४ प्रतिशत हुन आउँदछ । यस गा.वि.स.को वडा नं ६ मा सबैभन्दा कम जनससङ्ख्या हुनेको मुख्य कारण गाउँको

दुबैपट्टि खोला हुनु र वर्षा याममा खोलामा बाढि आउने कारणले गर्दा आवतजावतमा समस्या हुनुले कम बस्ती भएको साथै पातलो बस्ती वा जनघनत्वमा कमी हुनु हो । त्यसैगरी वडा नं ५ मा बढि जनसंख्या हुनुको कारण बढी क्षेत्रफल र बाक्लो बस्ती हुनु हो । यस गा.वि.स. को जनसंख्यालाई विश्लेषण गर्दा महिलाहरुको जनसंख्याको तुलनामा केही मात्रामा पुरुषहरुको जनसंख्या बढी पाइन्छ । यस गाविसको जनसंख्यालाई विश्लेषण गर्दा महिलाको जनसंख्यालाई विश्लेषण गर्दा महिलाको जनसंख्या पुरुषको तुलनामा कम पाइन्छ । यसो हुनुको प्रमुख कारणहरुमा धार्मिक, सामाजिक आर्थिक कारणहरु बिधमान हुनुको साथै शिक्षाको कमी र पुरुष प्रधान समाज पनि यसको अर्को मुख्य कारण रहको छ । छोरा पाउने चाहनाले गर्दा छोरी बच्चालाई भुंणमै तुहाउने भएकाले महिलाको जनसंख्यामा कमि हुन गएको पाइन्छ । साथै यहाँका मानिसहरुको बुढेसकालमा आर्थिक, सामाजिक र मृत्यु पछि गरिने विभिन्न संस्कारमा छोराको आवश्यकता भएको धार्मिक माध्यताले पनि मानिसहरुमा बढी छोराको चाहना रहेको पायन्छ । अर्को तर्फ छोरीको विहे पश्चात छोरीको जात परिवर्तन हुने र छोरीले वंश निरन्तरता दिन नसक्ने भएकोले छोरीको भन्दा छोराको चाहाना बढी राख्ने गरेको पाइन्छ । अर्को तर्फ महिलाहरु घरमा बस्ने र पुरुषहरु आर्थिक क्रियाकलापमासक्रिय हुनाले यहाँरहेको संख्यामा एकरुपता नभएको पाइन्छ । यहाँरहेको लैङ्गिक विभेद पनि यसको अर्को कारण हो ।

### ४.१.३ प्राकृतिक स्रोत र साधन

यस अध्ययन क्षेत्रका प्राकृतिक सम्पदाहरुमा वन, वनपैदावर, खोलानाला, जंगल, पोखरी, वनस्पति, समथर फाँट, पानीको मुहान, इनार, वोडिङ्ग, कल धारा आदि रहेको छ । यहाँका मगर तथा अन्य जातजातिले विशेष गरी वनसम्पदालाई प्रयोग गरी जिविकोपार्जन गरेका छन् । हाथिलेट २ मा रहेका मगर जातिका महिलाले विशेषगरी घरको काम, गाई, भैसी, बाखा, कुखुरा पालन गर्ने तथा घासँपात खहरे खोला तथा आफ्नो खेतबारी बाट जुटाउने साथै दाउरा संकलन गर्ने र आफ्नो परिवारलाई आवश्यक पर्ने अन्य वनजन्य आवश्यकताको उपभोग गर्ने तथा यस गा.वि.स. का पुरुषहरु वनजङ्गल गई काठ, दाउरा ल्याई बेची आवश्यकताका उपभोग गर्दछन् । वन सम्पदाको साथसाथै अर्को ठूलो सम्पदाको रुपमा रहेको जल सम्पदा पनि हो । इनार, धारा, वोडिङ्ग, कल कुवालाई जल सम्पदाको

रुपमा लिन सकिन्छ । यसरी हेर्दा यस गा.वि.स. मा पानीको समस्या खासै देखिएको पाइदैन । यसै गरी इन्धनको रुपमा यहाँक मानिसहरुले दाउराको प्रयोग गर्दछन् भने केही मानिसहरुले गोवर ग्याँस र ग्यास चुल्हो चलाएको देखिन्छ । विशेष गरी महिलाहरु धुँवारहित चुल्होप्रती आकर्षित भएको पाइन्छ ।

### ४.१.४ जातजातिगत विवरण

हाथिलेट गा.वि.स. मा विभिन्न किसिमका जातजातिका मानिसहरु बसोबास गर्दै आएका छन् । तिनिहरुमा मगर, राई, तामाङ्ग, क्षेत्री, ब्राम्हण, कामी, दमई, नेवार, लोहार, यादव, धानुक, गिरी, भुजेल, आदि थरका मानिसहरुको बसोबास रहेको छ । यी जातिको जनसङ्ख्या विवरण तलको तालिकाद्वारा प्रष्ट पार्न खोजिएको छ ।

**तालिका नं. २**

**हाथिलेट गा.वि.स को वडा नं. २ का जातिगत जनङ्ख्याको विवरण**

| क्र.सं. | जाति | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | ब्राह्मण/क्षेत्री | २९५ | |
| १.१ | क्षेत्री | ८७ | २९.४९ |
| १.२ | बाहुन | ८७ | २९.४९ |
| १.३ | गिरी | १२१ | ४१.०१ |
| | | | १०० |
| २ | आदिवासी जनजाति | २७२ | |
| २.१ | मगर | १९५ | ७१.६९ |
| २.२ | नेवार | ५४ | १९.८५ |
| २.३ | भुजेल | २३ | ८.४५ |
| | | | १०० |
| ३. | दलित | १७ | |
| ३.१ | कामी | १० | ५८.८४ |
| ३.२ | दमै | ६ | ३५.५९ |
| | | | १०० |
| ४ | मधेसी | १३२ | |
| ४.१ | कोइरी | २९ | २१.९६ |
| ४.२ | लोहार | ४० | ३०.३ |
| ४.३ | यादव | २० | १५.१५ |
| ४.४ | चमार | २८ | २१.२१ |
| ४.५ | केवट/ धानुक | १५ | ११.३६ |

श्रोत : गा.वि.स. घरधुरी सर्वेक्षण, आधारवर्ष, २०७०

हाथिलेट गा.वि.स को जातिगत जनसंख्याको विवरण घरधुरी सर्वेक्षण २०७० अनुसार यहाँ क्षेत्री ब्राम्हण, जनजाती दलित, मधेसी लगाउत अन्य जातिहरुको पनि बसोबास रहेको पायन्छ । जसमा लगभग आधा जनसंख्या मगर जातिको रहेको पाइन्छ भने एक चौथाई जनसंख्या ब्राम्हण, क्षेत्रीले समेटेको पाइन्छ । यहाँ बस्ने तेस्रो ठूलो जातिको रुपमा गिरी रहेको छ । जसको जनसंख्या १२१ अर्थात (१५.६३) प्रतिशत बसोवास गरेका छन बाँकी रहेका अन्य जातजाति कामि, दमाई, कोइरी, लोहार, यादव, भूजेल, नेवार जातिहरुको संख्या ठिक ठिकै रहेता पनि केवट /धानुक र चमारको संख्या एकदमै न्यून रहेको छ । तिनीहरु जम्मा ४ प्रतिशत जनसंख्या यस गाविसमा बसोवास गरेका छन् ।

## ४.२ सामाजिक-सास्कृतिक सम्बन्ध

मानव सामाजिक प्राणी भएकोले समाजमा मानिस एक्लो बस्न सक्दैन । त्यसैले समाजलाई सामाजिक सम्बन्धको जालो पनि भनिन्छ । यसरी बनेको सम्बन्धले गर्दा समाजमा विभिन्न जातजातिहरुको बसोवासले गर्दा समाजमा विभिन्न संस्कार संस्कृति अवलम्वन गर्ने व्यक्तिहरु रहेका हुन्छन् । ती संस्कारहरु पनि समाज पिच्छे फरक - फरक हरने गर्दछ ।

यस अध्ययन क्षेत्र अन्तर्गत महोत्तरी जिल्ला हाथिलेट गा.वि.स वडा नं. २ का मगर जाति र अन्य जातजातिको सम्बन्धलाई हेर्दा यहाँ बसोवास गर्ने विभिन्न जातजातिहरुको सामाजिक - साँस्कृतिक अवस्था फरक रहेको पाइन्छ । यस गा.वि.स. मा अधिक जनसङ्ख्या मगरहरुको रहेको छ भने मगर पछि ब्राहम्मणहरुको संख्या दोस्रो स्थानमा रहेको पाइन्छ अन्य जातजातिहरुको बसोबास सामान्य  पाइन्छ । यसरी यस जातजातिहरुको सामाजिक सांस्कृतिक अवस्थालाई हेर्दा यहाँका मगरहरु प्राय आफूलाई बौद्ध धर्मालम्बी भन्ने गरे तापनि मृत्यु संस्कार वाहेका संस्कारहरु हिन्दु दर्शन अनुरुप नै अवलम्बन गरेको पाइन्छ  त्यस्तै अन्य जातिहरु राई गुरुङ्ग, दलित आदिको कुलपूजा आफ्नै रितिरिवाज अनुरुप अवलम्बन गर्दछन् भने महोत्तरी तराई जिल्ला भएका कारणले गर्दा यहाँमधेसीहरुको संङ्ख्याको पनि बाहुल्यता पाइन्छ जसले गर्दा मधेसीहरुको संस्कारहरुलाई अन्य जातिहरुले पूर्ण रुपमा नस्वीकारेपनि

उनीहरुको चाड पर्वका दिन पुजापाठ उनीहरु जस्तै संस्कारहरु नअपनाएता पनि उनिहरुले जस्तै खानाका परिकारहरु बनाएर खाएर रमाउने गर्दछन् । जस्तै विभिन्न तरकारीहरुको तरुवाहरु, दालपूरी, जुडिसितलमा टाउकोमा पानी हाल्ने त्यसरी त्यस दिनमा पानी टाउकोमा हाल्दा गर्मि मौसम भरी सितलता प्रदान हुने धारणा रहको पाइन्छ । त्यस्तै यहाँ बस्ने ब्राहम्ण/ क्षेत्रीले हिन्दु संस्कार अनुरुप नै संस्कार अवलम्बन गरेता पनि त्यहाँका ब्राम्हण / क्षेत्रीहरुमा कठोर हिन्दुवादी धारणा नरहेको पाइन्छ ।

यसरी यस क्षेत्रमा सामाजिक-सांस्कृतिक पक्षहरुलाई अध्ययन गर्दा बसोवास गर्ने विभिन्न जातजातिहरुमा एक अर्को प्रति सहयोगात्मक धारणा हुनुका साथै अन्तरजातिय विवाहलाई मान्यता दिइएको र छुवाछुत जस्ता समाजमा जकडिएर रहेका संस्कारहरु प्रतिलचकता रहेको पाइन्छ । यहाँका जातजातिहरु एक अर्कोको विभिन्न पर्वहरुमा रमाउने, दिन दु:खमा एक अर्कोलाई सहयोग गरेका पाइन्छ । त्यस्तै गरी यहाँका जातजातिहरुमा आर्थिक रुपमा ऋण सापटी, लेनदेनहरु पनि एक अर्का जातजातिमा लिनेदिने गरेको पाइन्छ । एक अर्काको धार्मिक सम्प्रदायलाई पनि स्वीकारेको पाइन्छ भने कसै-कसैले आलोचना गरेता पनि व्यवाहारीक रुपमा स्वीकारेको पाइन्छ । मानिस सामाजिक प्राणी भएकोले समाजमा एक्लो रहन सक्दैन त्यसैले एक अर्को प्रति प्रकार्य गर्दा कहिले काहि द्वन्द्व पनि हुने गर्दछ । यसरी यस अध्ययन क्षेत्रका जातजातिहरुमा पनि सामान्य द्वन्दात्मक पक्षहरु पनि रहेको पाइन्छ । जसमा मुख्य रुपमा लेनदेन पाइन्छ यसरी यस क्षेत्रका जातजातिहरु बीच सम्पूर्ण सामाजिक, साँस्कृतिक पक्षहरुमा एक अर्को बीच सहयोगात्मक धारणा हुनुको साथै एक अर्को जातिलाई स्वीकारेको पाइन्छ ।

यसरी यहाँका समाजमा मेलमिलाप र सहयोगात्मक भावना एकअर्का जातजातिमा भएता पनि केही सामाजिक पक्षहरुमा एकअर्का जातिय प्रभावहरु रहेको देखिन्छ । जुन यस प्रकार रहेको छ :

- यस गाविस बाट २९ कि.मि दक्षिणमा भारत पर्ने हुनाले भारतबाट आयातित सामाजिक सांस्कृतिकले खुल्ला सिमानाका कारण ठाडो प्रवेश पाएको देखिन्छ । साथै

मैथली जातिको घना उपस्थिति ले गर्दा मगर जातिहरुले मान्ने चाडपर्व माघेसंक्रान्ति लोप हुने स्थितिमा देखिन्छ तर मैथली र भारतीयहरुले मान्ने चाडपर्व जस्तो छठ, होली, आदि इत्यादि मगरहरुले पनि मान्न थालेको भेटिन्छ । साथै मगर भाषा त्यहाँको आम बोलचालको भाषा हुन नसक्दा मगरहरुले पनि मैथली र हिन्दि भाषा बोल्न थालेको देखिन्छ । त्यसका बाबजुद केहि मैथली जातिकाहरुले पनि मगर भाषाको प्रयोग थोरै मात्रामा भएपनि गरेको देखिन्छ । यसबाट के प्रस्टहुन्छ भने मगर जाति र अन्य जातिहरु बिचको सम्बन्धको प्रभाव दुबै तर्फ देखिन्छ जुन दुबै संस्कृति र भाषाको निम्ति हानिकारक छ ।

- मगर जातिले लगाउने लुगा कपडाहरु सजिलै नपाइने तर मैथली जातिले लगाउने पहिरन जतातत‍ै पाइने हुनाले मगर भेषभाषा समाप्तिको संरक्षणमा पुगेको देखिन्छ ।त्यसैले भेषभूषाले जातिय पहिचान गर्ने भएकोले यहाँका जातजातिमा भेषभूषाको संरक्षणको लागि सरकार चनाखो हुनु पर्दछ ।
- जातिय छुवाछुत प्रथा भेदभाव व्यवहारिक रुपमा अन्त्य गर्ने र सामाजिक सुधार निम्न शिक्षाको स्तर  बढाउने, स्वास्थ्य र सरसफाई सम्बन्धी प्रभावकारी रुपमा लागु गरी कार्यन्वयन गरिनु पर्ने देखिन्छ ।

## ४.३ आर्थिक सम्बन्ध

कृषि नै हाथिलेट गा.वि.स. का मानिसहरुको परम्परागत पेशा हो । नेपालबाट विदेश निर्यात गरिने करिब ७०% सरसामानहरु कृषिजन्य वा कृषि उत्पादन संग सम्बन्धीत वस्तुहरु रहेकाछन् । नेपालको अर्थतन्त्र पनि कृषिमा आधारित वा निर्भर रहेको पाइन्छ । यहाँका जातजातिहरुको पनि प्रमुख पेशा कृषि नै हो । यहाँक७५ प्रतिशतभन्दा बढी मानिसहरु कृषि पेशामा संलग्न छन् भने बाँकी २५ प्रतिशत मानिसहरु उद्योग, व्यापार, व्यवसाय, पेशा निजामति वा गैर सरकारी पेशामा लागेका  छन् । कृषि क्षेत्र अन्तर्गत यहाँका मगर लगायतअन्य जाति नगदेवाली, पशुपालन र वागवानी आदि पेशा गर्दछन् ।

हाथिलेट गाउँमा सबै जमिन लगभग समथर रहकाले त्यहाँ सिर्चाइको सुविधा नभएपनि मानिसहरुले प्रायजसो आफ्नो क्षेत्रमा अन्न वाली तथा नगदेवाली लगाएको पाइन्छ । यहाँ जातजातिहरुमा कृषिजन्य कार्यहरुमा पर्म, मद्दत लगाउंदा एक अर्कोले सहयोग गर्ने गर्दछन् भने विउविजनहरु पनि सापटिको रुपमा एक अर्को संग लिने गरेको पाइन्छ । कूल जनसंख्याका आधा प्रतिशत जनसंख्याका कृषिमा संलग्न भएता पनि यहाँका बाँकि प्रतिशत सङ्ख्याका व्यक्तिहरु अन्य पेशा व्यापार-व्यवसाय, वैदेशिक रोजगार जागिरमा संलग्न रहेको कारण मानिसहरुमा शिक्षा स्वास्थ्य सम्बन्धी राम्रो धारणाको विकास भएको पाइन्छ । त्यस्तै यस क्षेत्रका मानिसहरुमा आफ्नो आयस्रोतबाट आएको रकम सामाजिक कार्यहरुमा सहयोग गर्ने गरेको पनि छ । समाजमा छिमेकीको घरमा मृत्यु हुँदा ५ किलो चालम २५० पैसा प्रत्येक घरबाट बुझाउनु पर्ने यसरी आएको सहयोगले दु:ख परेका घरका मानिसलाई सामाजिक सहयोग र सान्तवना पाएको महसुस गरिएको पाइन्छ । त्यस्तैवैवाहिक कार्यक्रममा नजिकका आफन्त तथा अन्य जातिका व्यक्तिहरुको समेत केहि आर्थिक तथा कार्य सम्पन्न गरिदिने सहयोगहरु गरेको पाइन्छ । त्यस्तै यस क्षेत्रमा जातजातिहरुले शिक्षालाई महत्वपूर्ण रुपमा लिएको कारण शैक्षिक संस्थामा आर्थिक सहयोग स्वरुप जग्गा, पैसा तथा सामुदायिक पोखरी बजारबाट आएको रकमहरु सरकारी स्कुल भएता पनि त्यस्ता सामुहिक आयस्रोतबाट आएको रकमहरु स्कुललाई सहयोग गर्ने गरेको पाइन्छ ।

यस हाथिलेट गाउँमा विभिन्न जातजातिहरुको बसोबास समान रुपमा सङ्ख्याको आधारमा मगर बाहेक अन्य जातिहरु लगभग समान संङ्ख्यामा रहेको पाइन्छ । यसरी विभिन्न जातजातिहरु बसोबास गरेतापनि समाजका हरेक पक्षहरुमा एक अर्को सँग भावनात्मक रुपमा मात्र एक नभई आर्थिक क्रियाकलाप जस्ता कार्यहरुमा पनि एक मत भई सामाजिक कार्यहरुमा सबैको संलग्नता सहयोग पाइन्छ । यसरी यस्ता सहयोग र एक अर्कोको सत्भावका कारण यहाँका जातजातिहरुले एक अर्काको जातिलाई स्वीकार्य गरेको र हाथिलेट गाउँको समाजमा जातियता तथा छुवाछुत जस्ता सामाजिक कुप्रथालाई कठोरता पूर्ण रुपमा नलिएको पाइन्छ । सामुहिक रुपमा गाउँमा आमा समूहको नामले खोलिएको आर्थिक बचत आमा समुहले यहाँका जातजातिहरुलाई अझ आर्थिक संकट नहुन सहयोग

गरेको छ मासिक रुपमा महिनाको पहिलो हप्ता समुहमा पैसा बचत गर्ने यसरी बचन गरेको रकम कसलाई खाँचो परेको छ यसलाई ६ महिना पछि सयकडा २ को दरले व्याज तिर्नु पर्ने हुन्छ । यसरी बचत गरेको रकम पछि धेरै भएपछि फाट्ने अथवा कुनै सामाजिक कार्यमा सहयोग गर्ने गरेको पाइन्छ । यसरी यस गाउँमा आर्थिक रुपमा सवल हुनु सम्पूर्ण जातजातिहरु बीच एकरुपता रहेको छ । यसरी मेलमिलाप र एकरुपताका वावजुद पनि केही जातजातिहरुमा आर्थिक लेनदेनले गर्दा जातजाति विच नकारात्मक प्रभाव पारेको देखिन्छ । जस्तै यहाँका मगर जातिको प्रमुख आयआर्जनको स्रोत कृषि भएको तर सिचाई उन्नत विउविजन र बजार व्यवस्थापन राम्रो नहुनु त्यस्तै पशुपालनमा पनि उन्नत जात, राम्रो प्रविधि र सौहुलियत ऋणको व्यवस्था नहुनाले उनीहरु मैथली जातिमा ऋणको लागि भरपर्ने गरेको देखिन्छ र मैथली जातिहरुले चर्को व्याजदरमा ऋण लगाउने हुदा मगर जातिको आर्थिक अवस्था खस्कदो देखिनछ भने मैथली जातिहरु माथि उस्कने क्रम निरन्तर छ । यसरी नै मगर जातिका जागिर खाने युवावर्गको प्रतिस्पर्धा मैथली युवाहरु सँग रहेको छ । हरेक सरकारी कार्यलयको पदहरुमा विरल्लै नाम निकाल्न सक्ने मगर जातिका युवाहरु सरकारी जागिरको क्षेत्रमा मधेसी युवाहरुबाट पछाडि पारिएको देखिन्छ । परिणाम स्वरुप मगर जातिका युवाहरु चर्को व्याजमा ऋण लिएर वैदेशिक रोजगारको निम्ति विदेश गएको भेटिन्छ ।

## ४.४ राजनितिक सम्बन्ध

हाथिलेट गा.वि.स. का मगर जातिका पुरुषहरुमा राजनैतिक चेतना भएको पाइन्छ । यहाँ विभिन्न जातजातिका बसोबास भएकोले साथै विभिन्न राजनितिमा आवद्ध रहेकाले उनीहरु एक अर्काको पाटीमा आवद्ध रहेको पाइन्छ । यस गा.वि.स मा धेरै मगर जातिको बसोबास रहेका कारण धेरै जनमोर्चा पार्टीका साथै अन्य पार्टीमा पनि धेरैथोर संलग्ता रहेको पाइन्छ । भने त्यस्तै ब्राहम्ण/क्षेत्रीहरु कांग्रेस पार्टीमा रहेकाछन् भने अन्य जातिहरुको वाहुल्यता राष्ट्रिय मधेस समाजवादि पार्टिमा आवद्ध रहेको पाइन्छ । वर्तमान समयमा राजनैतिक पार्टीहरुको सक्रियता कार्यकर्ता भएर राजनितिमा लागेर हिड्ने गरेको असङ्ख्य

रुपमा पाइन्छ । त्यस वडाका महिलाहरु आफ्नो परिवारको पुरुषप्रति आश्रित हुने भएकोले उनीहरुको आचारणलाई नै पछ्याउँछन् । पुरुषहरुको विरुद्धमा गएर राजनैतिक क्रियाकलाप गर्न नसक्ने भए पनि त्यस क्षेत्रमा महिलाहरुमा राजनैतिक चेतनाको विकास भएको पाइन्छ तर यहाँका अति गरिब वा निम्न स्तरका जाति तथा जनजातिहरु विभिन्न किसिमका प्रलोभन, सहयोग गरिदीने आश्वासनका कारण राजनितिक पार्टीमा भोट हाल्नुको साथै सक्रिय रुपमा लागि पर्ने गरेको पाइन्छ । भने राजनितिक अधिकार प्रयोग गर्दा प्रभावित हुने गरेको पाइन्छ ।

जातियताको वाहुल्यताका कारण यहाँ यस गा.वि.स.मा धेरै पार्टीहरुको संघ, संगठन रहेको देखिन्छ । केहि नेता तथा केही नेतापन समेत रहेको पाइन्छ । यस क्षेत्रमा पाटीगत हिसावले आ-आफ्नो गुटवन्दी, खिचातानी तथा पार्टीमा आवद्ध गराउन गर्ने गरेको देखिँन्छ । हरेकले आफ्नो पार्टीमा आवद्ध गराउन विभिन्न रणनितिहरु बनाएको देखिन्छ । हरेक पार्टीको लागि छुट्टाछुट्टै भोटिङ्ग लाइनको प्रयोग गर्ने जस्ता कुराहरु समेत रहेको पाइन्छ । त्यस क्षेत्रमा मानिसहरुको राजनितिक प्रभाव उच्च रहेको साथै जनचेतना भरिएको कारण विभिन्न राजनैतिक क्रियाकलापमा आवद्ध हुने कार्य, सहकार्यमा, मिटिङ्ग, गोष्ठी बस्ने जस्ता देखिन्छ भने कहि जातिहरु उनीहरुको बाटोलाई पछयाउने विभिन्न प्रलोभन र सहयोगको आशावादी बन्ने गरेको पाइन्छ । त्यस क्षेत्रमा राजनितिक पनि अन्य सामाजिक - आर्थिक, शैक्षिक पक्ष जस्तै महत्वपूर्ण बन्ने गरेको देखिन्छ । विभिन्न जाति तथा पार्टीहरुको वाहुल्यता रहेको साथै विभिन्न जातजातिले आफ्ना आफ्नै जातिलाई सर्मथन गर्ने गरेको पाइन्छ भने तल्लो जातिका रुपमा रहेका दलित जातिहरु आफ्नो सहयोग, प्रलोभन तथा जातिगत हावीको कारण राजनितिमा आवद्ध हुने गरेको पाइन्छ ।

अहिलेको समयमा हरेक मानिस जनचेतना तथा सञ्चार माध्यमको प्रयोगले हरेक विविध कुराहरुको जानकारी राख्ने गरेको पाइन्छ । त्यस्तै त्यस गा.वि.स मा पनि सञ्चारको पहुँचलाई सदुपयोग गर्ने गरेको पाइएको देखिन्छ । जसले गर्दा राजनैतिक गतिविधीको कुराहरुको जानकारी लिने गरेको पाइन्छ भने युवाहरुमा होडवाजी, रहेर तथा कार्यकर्ताको

रुपमा बढी हिड्ने गरेको देखिन्छ । विभिन्न जातिगत वाहुल्यता तथा राजनितिकगत भएतापनि एक अर्कोमा सहयोग, रेखदेख जस्ता भावनात्मक सम्बन्ध रहेने गरेका पाइन्छ । यसका वावजुद यहाँको जातजातिहरु मध्ये संख्याको आधारमा मगर जातिहरु बढि रहेको र राजनितिक सक्रियताको रुपमा पनि बढि सक्रिय रहेको जातिको रुपमा मगर जातिका युवाहरु देखिन्छ तर राजनिति समाज र देश सुधारका प्रमुख कारक हुन् । यस गा. वि. स मा पनि मगर जातिहरको राजनितिक सहभागिता राम्रै उपस्थिति र वाहुल्यता भेटिन्छ तर पनि नेतृत्वमा पुग्न नसक्नु ठूलो कमजोरी देखिएको छ । यसका लागि समानुपातिक र समावेशी सिद्धान्तले मात्र यस समस्याको समाधान निस्कन्छ । यसैगरी २०३६ साल २०४६ साल र माओवादी द्वन्दकालमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहभागि यस गा. वि. स. का मगर जातिहरु राज्यका लागि सहिद भएको पनि भेटिन्छ तर राज्यवाट भावनात्मक समबोधन नभएको कारण यिनीहर राज्यप्रति वितृष्णा देखिन्छ ।

## ४.५ शैक्षिकसम्बन्ध

शिक्षा कुनै पनि जाति समुदाय तथा राष्ट्रको विकासका लागि नभई नहुने विकास निर्माणको पूर्वाधारको रुपमा लिइन्छ । आजको समाजमा भएका विकास निमार्ण तथा वैज्ञानिक चमत्कारहरु शिक्षाकै कारणले भएका हुन् । शिक्षालाई हरेक क्षेत्रका आधारभूत आवश्यकता भनिन्छ । शिक्षा विनाको समून्नत समाजको कल्पना समेत गर्न सकिदैन त्यसैले कुनै पनि समाजको वा त्यस समाजको कुनै वर्ग विशेषको सामाजिक अवस्थाको अध्ययन गर्दा शिक्षाको अध्ययनलाई पनि प्रमुख स्थान दिनु पर्दछ ।

हाथिलेट गा.वि.स. को शिक्षाको स्तर हेर्दा जातजातिहरुको वसोवासका साथै हरेक जातिहरुमा पढाईको चेतना रहेकाले केहि जातिमा बढीअग्रसरता देखिएतापनि अन्य जातिको तुलनमा क्षेत्री/ बाहुनहरु साथै अन्य जातिहरुमा शिक्षाको महत्व बुझेका कारण पढ्नु, पढाउनु पर्छ भन्ने धारणा जनसमाजमा रहेको पाइन्छ । शिक्षा विनाको समाज सभ्य र समून्नत हुन सक्दैन त्यसकारण प्रत्येक समुदायमा शिक्षालाई बढी महत्वपूर्ण स्थान दिइएको पाइन्छ । यस गा.वि.स. वडा नं. २ मा एउटा सरकारी प्रा.वि विद्यालय रहेकाले त्यस क्षेत्रमा

हरेक जातिका वालवालिकालाई शिक्षा दिक्षा दिने गरेकाछन् । सरकारी स्तरको विद्यालय वाहेक निजिस्तररमा वोडिङ्ग स्कुलहरुमा पनि पढाउने गरेको पाइएतापनि अन्यको तुलनामा कामी जातिमा न्यू संख्यामा पढ्दछन् । पहिलेको तुलनामा अहिलेका समाज र मानव दुवैले शिक्षाको महत्व, हरेक कार्य गर्नुपर्दा शिक्षाको आवश्यक, जागिर, गैर सरकारी संघ संस्थाहरुमा कार्यलय तथा विभिन्न यावत् चिजहरुमा शिक्षा नभई नहुने तत्व र आवश्यकता बनेकाले यस गा.वि.स.का मानिस जनचेतना बढेको, महत्वलाई स्वीकार्य गर्दै प्रत्येक सरकारी, निजि स्तरमा स्कुल, कलेज तथा उच्च शिक्षाको लागि गा.वि.स. बाहिरका स्कुलहरुमा पढाउने गरेको पाइन्छ भने आर्थिक स्तर कम आयस्रोतमा न्यूनतापन, ज्याला, मजदुरी जस्ता काम गरेतापनि आफ्नो गक्ष्य अनुरुप सरकारी स्कुलबाटै भएतापनि उच्च शिक्षा दिलाउने आशावादी, कोसिस गर्ने गरेको देखिन्छ । सरकारबाट प्राप्त आरक्षण तथा अन्य सुविधारुलाई बुझेका कारण कामी तथा अन्य पिछिडिएका जाति वर्ग, आदिवासी जनजातिमा केहि मात्रामा भएतापनि त्यस सुविधा बाट लाभाङ्गित भएको देखिन्छ । अन्त्यमा पढाइको स्तरमा धेरै थोरै सबै पढेको देखिन्छ भने आदिवासी जनजाति त्यसमा पनि मगर समुदायमा शिक्षाको बलियो पकट प्रभाव र विस्तारपन रहेको पाइन्छ । जसले शिक्षामा उच्चता हासिल गरेको केहि मात्रामा भएपनि देख्न सकिन्छ । त्यस क्षेत्रमा रहेकापिछडिएका जातिमा चमार, धानुक जातिमा पढाईको न्यूनता एकदमै रहेको पाइन्छ भने मधेसीहरुमा पढाईको सक्रियता केहि मात्रामा रहेको पाइन्छ ।

यसरी हेर्दा यस क्षेत्रमा शिक्षालाई एउटा महत्व दिएको रुपमा आत्मासाथ गरेको पाइन्छ । हरेकले पढाउनुपर्छ भन्ने मान्यतालाई आत्मासाथ गरेको पाइन्छ । हरेकले पढाएको साथै एक अर्कोमा पढाउनुपर्छ, पढ्नुपर्छ भन्ने जस्ता मान्यता बोकेका र प्ररेणा दिने साथै शैक्षिक क्षेत्रमा अग्रसर हुन एक अर्कोलाई सहयोग गर्ने गरेको पाइन्छ । शिक्षाको विस्तारको क्रमले हरेकमा जनचेतना बढेकाले छुवाछुत, रुदिवादी जस्ता उच्च, निच, जातियता विभेदता, जस्ता कुराहरुलाई हटाएको पाइन्छ भने समयको परिवर्तन संगै आफ्नो सोच, विचार, धारणामा परिवर्तन ल्याएको देखिन्छ । अहिलेका समयमा सबै वर्ग, जाति एक हुन् भन्ने मानवतामयीको भावनाको पनि सिर्जना भएको देखिन्छ ।

# अध्याय पाँच

## मगर जातिको सामाजिक सांस्कृतिक,शैक्षिक, राजनितिक सम्बन्ध

मगर जाति र अन्य जातजातिको समाजिक सांस्कृतिक, शैक्षिक, राजनितिक सम्बन्ध

### ५.१ सामाजिक-साँस्कृतिक सम्बन्ध

समाज मानवीय सम्बन्धहरुको जालो हो । जहाँ हरेक मानव एक अर्काको माध्यमबाट सम्पर्कमा आएको पाइन्छ । सामाजिक साँस्कृतिक सम्बन्ध त्यो हो जहाँ समाज अनिवार्य रुपमा चाहिएको हुन्छ । हरेक क्रियाकलापमा एक जातिलाई आर्को जातिको आवश्यकता पर्ने गरेको पाइन्छ । यस अध्ययन क्षेत्रमा रहेका मगर जाति र अन्य जातजाति बिच रहेका सामाजिक-साँस्कृतिक सम्बन्धहरुको अध्ययन गर्दा तिनीहरुको पारिवारिक स्थिति, चाडपर्व, धर्म विवाह संस्कार तथा मगर जाति र अन्य जातिहरुको बिचको सामाजिक सांस्कृतिक पक्षले एकअर्कोमा पारेको प्रभावको अध्ययन गरी जानकारी लिइएको छ ।

### ५.१.१ पारिवारीकसम्बन्ध

हाथिलेट गाउँ विकास समितिका जातिहरुको पारिवारिक स्थितिलाई अध्ययन गर्दा यहाँको जातजातिहरुको परिवारमा घरमूलिको रुपमा मुख्य गरी पुरुषहरु रहेतापनि महिलाहरुको पनि सहभागिता रहने गरेको देखिन्छ । प्राय यहाँ वसोवास गर्ने जातिहरुमा ब्राह्म्ण, क्षेत्री र मधेसी जातिहरुमा पुरुषहरुलाई मुख्य व्यक्तिको रुपमा घरमूलिको रुपमा पुरुषहरु रहने गर्दछ भने अन्य जातिहरु राई, मगर, तामाङ्ग, भुजेल, गिरी तथा दलित जातिहरुमा पुरुष र महिला दुबैको घरमुलिको भुमिका समान रहेको देखिन्छ । पारिवारका महिला र पुरुष सदस्यहरु बिच त्यति भेदभाव राखिदैन । सम्पति पुरुष सदस्यहरुमा प्राय रहेको भएतापनि महिलाहारु पनि त्यसको संरक्षण सम्हार तथा व्यवस्थापनमा उत्तिक जुटेका हुन्छन् । हाथिलेट गाविस वडा नं. २ हाथिलेट गाउँका मगर जाति र अन्य जातजातिहरुको परिवारको संख्याको आधारमा एकल र संयुक्त गरी पारिवारिक स्थिति निम्ननुसार पाइयो ।

**तालिका नं. ३**

**उत्तरदाताको पारिवारीक विवरण**

| जातजाति | सयुक्त परिवार | प्रतिशत | एकल परिवार | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| ब्राहम्ण/क्षेत्री | २ | ४% | ८ | १६% | १० |
| आदिवासी जनजाति ( मगर बाहेकका) | ३ | ६% | ७ | १४% | १० |
| मधेसी | ५ | १०% | ५ | १०% | १० |
| मगर | ४ | ८% | ६ | १२% | १० |
| दलित | १ | २% | ९ | १८% | १० |
| जम्मा | १५ | ३०% | ३५ | ६०% | ५० |

श्रोत : स्थलगत सर्वेक्षण २०७३

तालिका नं. ३ अनुसार जातजातिहरुको परिवारिक स्थितिलाई हेर्दा सबै जातिहरुमा एकल परिवारको वाहुल्यता रहेको पाइन्छ। एकल परिवारको सङ्ख्या बढी हुनुमा वर्तमान अवस्थालाई हेर्दा आधुनिकिकरणलाई मुख्य रुपमा लिन सकिन्छ भने छोराहरुको विवाह पश्चात् प्राय छुट्टिएर बस्ने कारण पनि रहेको पाइन्छ । यसरी हाथिलेट गाविसमा रहेका जातजाति पारिवारिक स्थितिलाई हेर्दा सबैभन्दा बढि एकल परिवारको स्थितिको रुपमा दलितहरुको रहेको छ जसमा १८% संख्या दलितहरुको रहेकोछ भने ब्राह्म्ण/क्षेत्री को १६% संख्या रहेको पइन्छ भने अन्य जातजातिमा लगभग समान रहेको देखिन्छ। यसरी नै संयुक्त परिवारमा सबैभन्दा बढी मधेसीहरुको संख्यामा रहेको छ जुन १०% रहेको पाइन्छ भने अर्को जाति मगरहरुको पनि संयुक्त परिवारमा ८% संख्या रहेको पाइन्छ भने सबैभन्दा कम संख्या मा संयुक्त परिवारमा दलितहरुको संख्या २% मात्र रहेको देखिन्छ। यस्तो हुनुमा मुख्य कारण दलितहरु अन्य जाति भन्दा आर्थिक अवस्था कमजोर हुने र उनीहँरु प्राय ज्याला मजदुरी गरी जीवन निर्वाह गर्ने हुनाले उनीहरु संयुक्त परिवारमा प्राय नबसी एकल परिवारमा बस्ने गरेको पाइन्छ । यसरी यस गाउँमाबृहत परिवारलाई भन्दा एकल परिवारलाई बढि मान्यता दिएको पाइन्छ यस्तो हुनुमा आधुनिकता को कारणले गर्दा समाजमा बच्चाहरु कम जन्माउने

र प्राय परिवारका छोराहरु विवाह पश्चात छुट्टिने कारणले गर्दा यस गाउँमा एकल परिवार को संख्या ठूलो रहेको पाइन्छ ।

यस्तै यस क्षेत्रमा महिला र पुरुषको संख्यालाई हेर्दा निम्न तालिका बाट स्पष्ट हुन सकिन्छ ।

**तालिका नं. ४**

**जातियताको सङ्ख्याको आधारमा उत्तरदाताको परिवारीक विवरण**

| जातजाति | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ब्राहम्ण/ क्षेत्री | २५ | ५१.०२% | २४ | ४८.९६% | ४९ | १००% |
| आ. जनजाति | २२ | ५१.१६% | २१ | ४८.८३% | ४३ | १००% |
| मगर | ४० | ५३.३३% | ३५ | ४६.६६% | ७५ | १००% |
| मधेसी | ३५ | ६२.५% | २१ | ३७.५% | ५६ | १००% |
| दलित | २२ | ४६.८०% | २५ | ५३.१९% | ४७ | १००% |

श्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. ४ बाट के प्रष्ट हुन्छ भने हाथिलेट गाउँ वडा नं २ का जातजातिहरुको संख्यालाई हेर्दा सबैभन्दा बढि संख्या मगरहरुको रहको पाइयो जसमा पुरुष ५३.३३ रहेको छ भने महिला ४६.६६ रहेको छ त्यस्तै दोस्रो रुपमा मधेसीको संख्या रहेको पाइन्छ जसमा महिला ३७.५% छ भने पुरुष ६२.५% रहेको पाइन्छ अन्य जातिहरु ब्राम्हण/ क्षेत्री आदिवासि जनजाति, दलितको संख्या लगभग समान रहेको देखिन्छ । यसरी माथिको तालिकाबाट के प्रस्ट हुन्छ भने प्राय अन्य जातजातिहरु भन्दा मधेसी जातिमा पुरुष र महिलाको संख्या फरक रहेको देखिन्छ पुरुषहरुको संख्या भन्दा महिलाहरको संख्या कम रहेको छ यस्तो हुनुमा छोरीलाई भन्दा छोरालाई प्राथमिकता दिने छोराको बढि चाहाना राख्ने र अर्को मुख्य समस्याको रुपमा रहेको दाइजो प्रथा जसमा मधेसीहरुमा छोरीलाई दाइजो दिनुपर्ने तर

छोराले दाइजो ल्याउने हुनाले छोरीलाई भन्दा छोरालाई महत्वो दिने र छोराको चाहानामा छोरी बच्चालाई गर्भमा नै तुहाउने हुनाले पुरुषको तुलनामा महिलाहरुको संख्यामा कमि देखिन्छ भने मधेसी बाहेक अन्य जातजाती लगभग समानता नै पाउन सकिन्छ ।

### ५.१.२ भाषिक सम्बन्ध

मगर र अन्य जातिको भाषिक सम्बन्धलाई हेर्दा उनीहरको भाषिक विवरणमा एकअर्को जातिमा संलग्नता हुनको साथै एकअर्काको भाषा बोल्ने, बुझ्ने गरेको पाइन्छ । भाषाले आफ्नो जातियताको पहिचान दिनुको साथै छुट्टैहुनुको एउटा नौलो अनुभुति र आभास दिलाउने काम गर्दछ । त्यस्तै यस क्षेत्रका भाषिक सम्बन्धलाई बुझ्न निम्न तालिकाबाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं. ५**

**जातजातिको संलग्नताको आधारमा भाषिक विवरण**

| जातजाति | नेपाली | | मैथली | | मगर | | अन्य | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| ब्राहम्ण/ क्षेत्री | १० | ७६.९२ | २ | १५.३८ | १ | ७.६९ | – | १३ | १००% |
| आ. जनजाति | १० | ४३.४७ | ५ | २१.७३ | ८ | ३४.७८ | – | २३ | १००% |
| मगर | १० | ४३.४७ | ३ | १३.०४ | १० | ४३.४७ | – | २३ | १००% |
| मधेसी | ४ | २५ | १० | ६२.५ | २ | १२.५ | – | १६ | १००% |
| दलित | १० | ५८.८२ | २ | ११.७६ | ५ | २९.४१ | – | १७ | १००% |

श्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. ५ अनुसारयस हाथिलेट गाउँमा बसोबास गर्ने वडा नं. २ का विभिन्न जातजातिहरुको भाषिक विवरणलाई हेर्दा नेपाली भाषा सबैभन्दा धेरै बोल्ने जाति ब्राम्हण/

क्षेत्री रहेको छ भने दोस्रो रुपमा दलित रहेको दखिन्छ भने अन्य जातिहरुमा मगर र आदिवासि जनजातिहरुमा समान रुपमा बोलेको पाइयो भने सबैभन्दा कम नेपाली भाषा बोल्ने जाति मधेसी २५% रहेको पाइन्छ भने यसै गरी मैथिली भाषा बोल्ने मधेसी जाति बाहेक अन्य जातिहरुमा सबैभन्दा बढि मैथिली बोल्ने जाति आदिवासि जानजाति रहेको देखिन्छ जुन २१.७३% रहेको छ भने सबैभन्दा कम मैथिली बोल्ने मधेसी भन्द अन्य जातिमा दलित रहेको छ ११.७६% पाइन्छ । त्यस्तै मगर भाषा बोल्ने मगर जाति बाहेक अन्य जातिहरु मा सबैभन्दा धेरै मगर भाषा बोल्ने र बुझ्नेमा आ.जनजातिहरु रहेको छ जुन ३४.७८% रहेको छ भने दोस्रो जाति दलित रहेको छ जुन २९.४१% रहेको छ मगर भाषा कम बोल्ने र बुझ्नेमा ब्राम्हण/ क्षेत्री ७.६९% रहेको छ भने दोस्रोमा मधेसी १२.५% रहेको पाइन्छ ।

तालिका नं. ५ बाट के प्रस्ट हुन्छ भने त्यस गाउँका जातजातिहरु एक अर्काको भाषालाई धेरथोर बुझ्न र बोल्नुको साथै एक अर्काको भाषालाई आत्मासाथ गरेको पाइयो भने प्राय मधेसी जातिहरुमा आफ्नो भाषालाई बढि महत्व दिएको र घरमा प्राय आफ्नै भाषामा बोलिचालि गर्ने र बाहिर अन्य जातिका व्यीक्तहरु संग पनि आफ्नै भाषामा बोल्ने गरेको पाइन्छ । भने नेपाली भाषा बुझ्ेतापनि बोल्दा संवाद गर्दा प्राय आफ्नै भाषामा बोल्ने गरेको पाइन्छ भने अर्को जातिको रुपमा रहेको मगरहरुले पनि आफ्नो भाषालाई प्राय बोल्ने गरेको र प्राय त्यस गाउँका मगर बाहेकका अन्य जातिका व्यक्तिहरुले पनि बोल्ने र बुझ्ने गरेको पाइन्छ । त्यसरी भाषिक रुपमा त्यहाँका जातजातिहरु मध्ये मधेसी र मगर भाषा प्राय लोकप्रिय र सबै जातजातिहरुले प्राय बुझ्ने र बोल्ने गरेको पाइन्छ ।

### ५.१.३ वैवाहिक सम्बन्ध

यस हाथिलेट गाउँ विकास समिति वडा २ का जातजातिहरुको वैवाहिक विवरणलाई प्रस्टाउदाँ यहाँका जातजातिहरु बीच कस्तो प्रकारका र एक अर्को जातजातिहरु बीच के कस्तो बैवाहिक सम्बन्धहरु रहेको छ भन्ने आधारमा जातजातिहरु बीचको सम्बन्धको वैवाहिक अवस्थाले पारेको प्रभावलाई तालिका नं. ६ बाट देखाइएको छ ।

## तालिका नं. ६

## जातियताको आधारमा विवाहको उपयुक्त उमेर

| उमेर | ब्राम्हण/क्षेत्री | | आ.जनजाति | | मगर | | मधेसी | | दलित | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २०-२५ | ५ | १४.७० | ७ | २०.५८ | ७ | २०.५८ | ८ | २३.५२ | ७ | २०.५८ | ३४ | १०० |
| २५-३० | ५ | ३१.२५ | ३ | १८.७५ | ३ | १८.७५ | २ | १२.५ | ३ | १८.७५ | १६ | १०० |
| ३५-४० | - | - | - | - | - | - | - | - | - | - | - | |
| ४०+ | - | - | - | - | - | - | - | - | - | - | - | |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

तालिका नं. ६बाट के प्रष्ट हुन्छ भने सबैभन्दा बढि विवाह २०-२५ वर्षको उमेर समुहमा भएको देखिन्छ जसम जम्मा संख्या ६८% रहेको छ भने२५-३० वर्षको उमेर समुहमा ३२% रहेको छ । जसमा सबैभन्दा धेरै संख्यामा २०-२५ वर्ष उमेरमा विवाह गर्ने जातिमा ब्राम्हण/क्षेत्रीहरुको संख्या १४.६०% रहेको छ यस्तै अन्य जातिहरुको संख्या क्रमशं उस्तै रहेको छ यसरी यस तालिकालाई प्रस्टाउँदा २०-२५ वर्षको उमेर समूहमा बढि विवाह गर्ने जातिमा मधेसी जाति बढि रहेको देखिन्छ किनकी उनीहरुमा छोरीलाई चाडो विवाह गरेर पठाउनु पर्छ भन्ने धारणा रहेको र जतिबढि छोरीको उमर बढ्छ उत्तिनै बढि दाइजो दिनुपर्ने मान्यताले पनि मधेसिहरुमा छिटो २०-२५ वर्षको उमेर समूहमा विवाह हुने गरेको पाइन्छ । त्यस्तै ब्राम्हण/क्षेत्रीहरुमा कम पाइनुको कारण छोरीहरुलाई पनि पढाइमा मान्यता दिइनु जसले गर्दा विवाहमा पढाइको कारणले ढिलो विवाह हुने गरेको र विवाहमा स्वयमको निर्णयले पनि गर्दा यस २०-२५ वर्षको उमेरमा ब्राम्हण क्षेत्री लगाएत अन्य जातिको कम सहभागिता रहेको पाइन्छ । २५-३० वर्ष उमेर समुहमा सबैभन्दा बढी ब्राम्हण/क्षेत्री जातिकाले विवाह गरेको ३१.२५% देखिन्छ भने अन्य जातिहरुमा मधेसी जातिले त्यस उमेर समूहमा कम विवाह गरेको पाइन्छ जसमा १२.५% रहेको छ । अन्य जस्तै जातजातिहरुमा समान संख्या प्रतिशत पाइन्छ । यसरी समग्र तालिकाबाट के प्रष्ट हुन्छभने सबैभन्दा कम उमेर समूहमा विवाह गर्ने मधेसीको संख्या रहेको छ भने बढि उमेर समुहमा विवाह गर्ने

ब्राम्हण/ क्षेत्रीको संख्या रहेको छ अन्य जात जातिहरुमा दुवै उमेर समुहहरुमा समान संख्या रहेको पाइन्छ । अन्य जातजातिहरुका महिलाहरुमा भन्दा मगर र अन्य आदिवासि जनजातिका महिलालाई स्वतन्त्रता र बैवाहिक निणर्यमा स्वतन्त्रता दिइएको पाइन्छ । यसैगरी ३०-४० उमेर समुहमा कुनैपनि जातजातिका व्यक्तिहरुले विवाह नगरेको पाइन्छ भने ४० वर्ष भन्दा माथि को उमेर समुहमा पनि कुनै पनि जातिले विवाह नगरेको देखिन्छ । यसरी यस उमेर समुहमा कुनैपनि जातजातिको विवाह नभएको वा नगरको पाउनुको कारण यस उमेर समुह विवाहको लागि विच ढिलो र नकारात्मक रुपमा सबै जातिहरुले लिएको पाइन्छ भने यस गा. वि. स. मा प्राय सबै जातजातिहरुले २५-३० वर्षमा विवाह गरि सकेको पाइन्छ ।

त्यस्तै प्रकारको विवाहको किसिमलाई निम्न जातिगत रुपमा तालिकाबाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका७**

**जातजातिहरु बिच विवाहका किसिम**

| | प्रेम विवाह | | | | मागिविवाह | | | | अदालति विवाह | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जातजाति | म. | % | पु. | % | म. | % | पु. | % | म. | % | पु. | % | संख्या | प्रतिशत |
| ब्राम्हण/क्षेत्री | – | – | १ | १0% | २ | २0% | ७ | ७0% | – | – | – | – | १0 | १00% |
| आ. जनजाति | २ | २0% | ३ | ३0% | – | – | ५ | ५0% | – | – | – | – | १0 | १00% |
| मगर | १ | १0% | २ | २0% | ३ | ३0% | ४ | ४0% | – | – | – | – | १0 | १00% |
| मधेसी | – | – | – | – | ५ | ५0% | ५ | ५0% | – | – | – | – | १0 | १00% |
| दलित | ३ | ३0% | ४ | ४0% | २ | २0% | १ | १0% | – | – | – | – | १0 | १00% |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

तालिका नं. ७ लाई हेर्दा जातजातिहरुको वैवाहिक किसिम बाट के प्रस्ट हुन्छ भने सबैभन्दा बढि प्रेम विवाह महिला र पुरुष दुवैमा दलित जातिको पाइन्छ । महिला ३०% रहेको छ भने पुरुष ४०% रहेको छ । सबै जातिहरुमा भन्दा प्रेम विवाहको प्रतिशत दलित जातिमा बढि हुनुमा वर्तमान अवस्थामा जातिय भेदभाव तथा छुवाछुत जस्ता नकारात्मक पक्षमा परिवर्तन हुनुका साथै शिक्षाको कारणले विवाहमा स्वतन्त्रता हुनुपर्दछ भन्ने धारणाको विकासले पनि प्रेम विवाह अन्तरजातिय विवाहलाई बढि मान्यता दिइनुका साथै दलित जातिमा यसको प्रभाव बढि रहेको पाइन्छ भने त्यस्तै गरी मधेसी जातिमा प्रेम विवाह नभएको देखिन्छ । विवाह र प्रेम विवाहलाई वर्तमान अवस्थामा स्वीकारेता पनि आफ्नो परिवारमा मान्यता वा स्वीकार गर्ने गरेको पाइन्दैन यस्तो हुनुमा उनीहरुको संस्कारहरु अन्य जाति विशेष गरी नेपाली र पाहडियाहारु सँग मेल नखाने तथा कठोर हिन्दू परम्परामा आधारित संस्कारहरुले गर्दा यिनीहरुमा प्राय मागि विवाह मात्र गरेको देखिन्छ भने प्राय छोराछोरीहरुको विवाह सानै उमेरमा गरी दिने यिनीहरुमा वाल विवाहको संख्या बढि पाउन सकिन्छ । प्राय १५-२० वर्षमा छोरीहरुको विवाह गरिसक्नु पर्ने मान्यता मधेसी जातिमा पाइन्छ । यसरी प्राय सानै उमेरमा विवाह गरीदिने हुनाले पनि यिनीहरुमा प्रेम विवाह नभएको देखिन्छ भने यिनीहरुमा अदालती विवाह र विधवा विवाहालाई पनि प्राय नकारात्मक रुपमा हेरेको पाइन्छ । यसैगरी ब्राहम्ण क्षेत्रीमा प्राय छोरीलाई कम स्वतन्त्रता दिइने भएकाले यस जातिमा पनि महिलाहरुले प्रेम विवाह नगरेको पाइन्छ भने पुरुषमा १०% ले प्रेम विवाह गर्ने गरेको पाइन्छ यस्तो हुनुमा पुरुषलाई प्राय स्वतन्त्रता र स्वयम निर्णय लिन दिइने कारण ब्राहम्ण/क्षेत्री परिवारमा महिलाभन्दा पुरुषको संख्यामा प्रेम विवाह गरेको देखिछ । यसरी नै विधवा विवाह, अदालती विवाह प्राय यस जातिमा नभएको देखिन्छ ।

यसरी आ. जनजाति र मगर जातिमा महिला र पुरुष दुबैले प्रेम विवाह गरेको पाइन्छ । यस्तो हुनुमा यस जातिहरुमा प्राय छोरा र छोरीमा समानता रहेको सरह देखिन्छ भने प्राय अन्य जाति ब्राहम्ण/क्षेत्री र मधेसी जातिमा भन्दा आ. जनजाति र मगर जातिमा छोरीलाई विवाहको निर्णय स्वतनत्रता दिइएको पाइन्छ भने अदालती विवाह, वाल विवाह तथा अन्य विवाहलाई मान्यता दिएको पाइन्दैन । यसैगरी मागि

विवाह गर्ने बढि रहेको छ जुन महिला पुरुष दुवैमा ५०% रहेको छ । प्राय यस जातिमा परम्परागत संस्कार संस्कृति तथा कठोर हिन्दु संस्कारका कारणले गर्दा मागि विवाह वढि गर्ने गरेको देखिन्छ भने ब्राहम्ण/क्षेत्री जातिमा पनि मागि विवाह बढि हुनुमा परम्परागत संस्कार रहेको पाइन्छ भने महिलाहरुमा भन्दा पुरुषमा बढि मागि विवाह हुनुको कारण छोराले आमा बुवाको मृत्यु पश्चात् सम्पूर्ण अन्य कार्य गर्नुपर्ने कारणले गर्दा अन्तरजातिय प्रेम विवाहलाई मान्यता नदिएको ले बढि पुरुषमा मागि विवाह भएको पाइन्छ भने आ. जनजाति र मगर जातिमा प्रेम विवाह र मागि विवाहसमान रुपमा रहेको पाइन्छ । यस्तो हुनमा अन्य जातिको तुलनामा यस जातिमा जातियता सम्बन्धी लचकता र हिन्दु धर्म संस्कारलाई बढि कठोरता सँग नअपनाएको कारणले गर्दा यस जातिमा अन्य जातिको तुलनामा प्रेम विवाह र मागि विवाहमा लगभग समानता रहेको पाइन्छ ।

यसरी तालिका नं. ७ को तथ्याङ्क अनुसार सबै जातिहरुमा प्रेम विवाहलाई स्वीकारेको र प्राय मधेसी जाति बाहेका जातिहरुमा महिला र पुरुष दुवैले मागि विवाह प्रांय सबै जातिमा भएको पाइन्छ । यसरी प्रेम विवाह र मागि विवाह सबै जातजातिहरुमा भएको र अन्तरजातिय विवाहलाई स्वीकारेको भएता पनि अदालती विवाह र विधवा विवाह आज सम्म पनि नभएको पाइन्छ यस्तो हुनमा प्राय यस ठाउँमा विधवा भएता पनी उमेर पुगेका व्यक्तिहरु मात्र विधवा भएका कारणले यस्तो प्रकारको विवाह नभएको पाइन्छ भने अदालति विवाह प्राय थाहा भएपनि गर्न परेमा प्रेमगरी भगाउने पछि समाजमा र घरपरिवारले स्वीकारेको ले अदालतमाविवाह गर्नु पर्ने अवस्था नरहेको देखिन्छ । प्राय मधेसी जातिमा छोरीहरुलाई सानै उमेरमा विवाह गरिदिने गरेको पाइन्छ । यस्तो हुनमा जति चाडो विवाह गयो त्यति नै थोरै दाइजो दिनुपर्ने भएकाले सानो उमेरमा छोरीहरुलाई विवाह गरिदिने गरेको पाइन्छ ।

## तालिका नं. ८

## अन्तरजातिय विवाहलाई मान्यता दिएको वा नदिएको

| जातजाति | मान्यता दिएको | | मान्यता नदिएको | |
|---|---|---|---|---|
| | | प्रतिशत | | प्रतिशत |
| ब्राम्हण/क्षेत्री | १० | २०% | - | - |
| आ. जनजाति | १० | २०% | - | - |
| मगर | १० | २०% | - | - |
| मधेसी | ९ | १८% | १ | २% |
| दलित | १० | २० | - | - |
| जम्मा | ४९ | ९८% | १ | २% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. ८बाट के स्पष्ट हुन्छ भने हरेक समाज र समाजमा बस्ने मानिस एक आपसमा उनिरुहको सम्बन्ध नजिक हुने क्रम जारी हुनुका साथै त्यस समाजमा हुने विवाह तथा विभिन्न संस्कारलाई केहि न केहि रुपमा आत्मासाथ गर्नुका साथै मान्यता दिने गरेको पाइन्छ । यस्तै जात-जातिहरुमा पनि एक अर्कोको धार्मिक, बैवाहिक तथा विभिन्न संस्कारलाई मान्यता दिएको माथिको तालिकाबाट स्पष्ट बुझ्न सकिन्छ ।

अन्तरजातिय विवाहलाई मान्यता दिनुका साथै आत्मसाथ गर्ने गरेको पाइन्छ । धेरै मा प्रेम विवाह गर्ने गरेको पाइन्छ । सुरुमा परिवारले स्वीकार नगरेपनि ढिलोचाडो परिवारले स्वीकार गर्ने गरेको देखिन्छ भने वर्तमान् समयलाई बुझ्नुका साथै जातजाति छुवाछुत माथिल्लो जाति तल्लो जाति बिच भेदभाव कम रहेकोले गर्दा अन्तरजातिय विवाहलाई मान्यता दिएको छ भने केहि जातिमा मधेसी जातिका परिवारमा मान्यता नदिएको तर पनि अन्य जातिसँग अन्तरजातिय विवाह गरेमा स्वीकार गरेको पाइन्छ ।

यसरी नै जातजाति बिच बैवाहिक सम्बन्धलाई निम्न तालिका द्वारा देखाइएको छ। जुन निम्नानुसार रहेको छ।

## तालिका नं. ९

## जातजाति बिच बैवाहिक विवरण

| उमेर | ब्राम्हण/क्षेत्री | | आ.जनजाति | | मगर | | मधेसी | | दलित | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ब्राम्हण/क्षेत्री | ५ | ५०% | ४ | ४०% | १ | १०% | - | - | - | - | १० | १००% |
| आ.जनजाति | १ | १०% | ४ | ४०% | २ | २०% | २ | २०% | १ | १०% | १० | १००% |
| मगर | १ | १०% | ३ | ३०% | ४ | ४०% | १ | १०% | १ | १०% | १० | १००% |
| मधेसी | - | - | - | - | २ | २०% | ८ | ८०% | - | - | १० | १००% |
| दलित | १ | १०% | २ | २०% | १ | १०% | २ | २० | ४ | ४०% | १० | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. ९ बाट के स्पष्ट हुन्छ भने जात जाति बिच अन्तर जातिय बैवाहिक स्थितिलाई हेर्दा हरेक जातिले एक अर्का जाति संग विवाह गरेको देखिन्छ। जसमध्ये ब्राम्हण/क्षेत्रीले आदिवासि जनजाति र मगर संग विवाह गरेको पाइन्छ भने आफ्नै जाति संग ५०% ले आफ्नो जाति सँग विवाह गरेको छ भने अन्य जाति मधेसी र दलित संग विवाह नभएको देखिन्छ। यसैगरी आ.जनजाति ब्राम्हण/क्षेत्री सँग १०% ले बैवाहिक सम्बन्धमा रहेका छन् भने आफ्नै जातिसँग ४०% विवाह गरेको पाइन्छ त्यस्तै मगर र मधेसी सँग २०% ले विवाह सम्बन्ध राखेका छन् भने १०% ले दलित जाति सँग विवाह गरेको पाइन्छ। त्यस्तै मगर जातिमा ब्राम्हण/क्षेत्री सँग १०% विवाह गरेका छन् आदिवासि जनजाति सँग ३०% ले विवाह गरेका छन् आफ्नै जातिसँग ४०% ले बैवाहिक सम्बन्ध राखेका छन् त्यस्तै मधेसी र दलित सँग मगर जातिका व्यीक्तहरुले १०% ले बैवाहिक सम्बन्ध राखेको पाइन्छ। त्यस्तै मधेसी जातिमा भने अन्तरजातिय विवाहलाई मान्यता दिएता पनि प्राय अन्य जातिका संग विवाह सम्बन्धमा नरहेको पाइन्छ। जसमध्ये मगर जातिसँग जम्मा २०% ले बैवाहिक सम्बन्ध राखेको छ भने अन्य जातिसँग नरहेको देखिन्छ र आफ्नै जातिसँग ८०% बैवाहिक

सम्बन्ध राख्ने गरेको पाइन्छ । त्यस्तै दलित जातिमा अन्य सबै जाति सँग वैवाहिक सम्बन्ध रहेको देखिन्छ भने मधेसी जाति सँग पनि २०% दलित जातिको वैवाहिक सम्बन्ध रहेको छ र आफ्नै जातिसँग ४०% सम्बन्ध रहेको पाइन्छ ।

यसरी यस तालिकाबाट के स्पष्ट हुन्छ कि यस हाथिलेट गा.वि.स. मा रहेने जातजातिहरुमा अन्तरजातिय विवाहलाई मान्यता दिइनुका साथै प्राय आफ्नो जाति बाहेक अन्य जाति सँग पनि वैवाहिक सम्बन्ध रहेको देखिन्छ ।

### ५.१.४ धार्मिक सम्बन्ध

हरेक समाजमा धर्मको महत्वपूर्ण स्थान हुन्छ । धर्म विनाको सामाजिक सम्बन्ध हुन सक्दैन । धर्मअलौकिक शक्ति माथिको विश्वास हो । समाजमा रहेका प्रत्येक व्यक्तिहरु कुनै न कुनै धर्म मान्ने गर्दछ र मानिरहेको हुन्छ । यसरी धर्मले मानिसलाई नकारात्मक  कुराहरुबाट बचाउँछ र मानिसलाई कु-कार्य गर्नबाट रोक्ने काम गर्दछ । त्यसैले समाजमा धर्मलाई एउटा महत्वपूर्ण रुपमा मान्ने गरिन्छ । त्यसैले हाथिलेट गा.वि.स. का जातजातिहरु बिच पनि धार्मिक रुपमा एकअर्का जातजाति बिच सम्बन्ध रहनुका साथै एकअर्काको धार्मिक सम्प्रदायलाई स्वीकारेको पाइन्छ । यसरी यस क्षेत्रका जातजातिहरु बिच धार्मिक सम्प्रदायलाई स्वीकार गरिएको वा नकारेको कुराहरुलाई तालिका नं. १० बाट प्रस्टाइनेछ । जुन निम्नाअनुसार रहेको छ ।

## तालिका १०

## महोत्तरी जिल्लाका धार्मिक विवरण

| धर्म | प्रतिशत | जम्मा |
|---|---|---|
| हिन्दु | ८४.२३ | ५२८,६६३ |
| बौद्ध | २ | १२,६९९ |
| इस्लाम | १३.३३ | ८३६९६ |
| किराँत | ०.१ | ६६ |
| क्रिश्चियन | १.३ | ८७८ |
| प्रकृति | -०.३ | ४१ |
| बोन | ०.०० | ० |
| जैन | ०.३ | १९ |
| शिख | -०.३ | २ |
| अन्य | ०.२४ | १५१६ |

श्रोत : केन्द्रिय तथ्याङ्क विभाग, २०६८

माथिको तालिका बाट के स्पष्ट हुन्छ भने महोत्तरी जिल्लाको धार्मिक अवस्थालाई हेर्दा सबै भन्दा बढि हिन्दु धर्म रहेको छ जुन ८४.२३% रहेको छ । त्यसपछि इस्लाम धर्म मान्ने व्यक्तिहरुको बाहुल्यता रहेको छ जुन १३.३३% रहेको छ । त्यसपछि बौद्ध धर्मालम्बीहरु रहेका छन् जुन २% देखिन्छ भने क्रिश्चियन धर्मालम्बीहरु १.३% रहेको छ भने अन्य धर्मालम्बीहरुको प्रतिशत लगभग समान रहेको छ भने बोन धर्मालम्बीहरुको प्रतिशत शून्य रहेको छ । यसरी माथिको तालिकाबाट के स्पष्टहुन्छ भन सबैभन्दा बढि धर्मालम्बिहरु महत्तरी जिल्लामा हिन्दु रहेको र त्यसपछि इस्लाम, बौद्ध र क्रिश्चियन धर्मालम्बीहरु रहेका छन् भने अन्य धर्मालम्बीहरु लगभग समान प्रतिशत रहेको छ भने बोन धर्मालम्बीहरुको प्रतिशत शून्य रहेको पाइन्छ ।

यसैगरी हाथिलेट गा.वि.स. वडा नं. २ मा बस्ने जातजातिका धार्मिक विवरणलाई हेर्दा तालिका नं. ११ बाट स्पष्ट हुनसकिन्छ ।

**तालिका ११**

**धर्मको आधारमा जातजातिको पारिवारिक विवरण**

| जातजाति | हिन्दु | | बौद्ध | | क्रिश्चियन | | मुस्लिम | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % | | |
| ब्राह्म्ण/क्षेत्री | ८ | ८० % | - | - | २ | २०% | - | - | १० | १००% |
| आ. जनजाती | ८ | ८० % | २ | २०% | - | - | - | - | १० | १००% |
| मगर | - | - | ९ | ९०% | १ | १०% | - | - | १० | १००% |
| मधेसी | १० | १०० % | - | - | - | - | - | - | १० | १००% |
| दलित | ८ | ८० % | – | – | २ | २०% | – | – | १० | १००% |

श्रोत : स्थलगत सर्वेक्षण, २०७३

हाथिलेट गाउँका जातजातिको आधारमा धार्मिक विवरणलाई माथिका तालिका नं. ११ बाट प्रष्टाउदा ब्राम्हण क्षेत्री जातिले हिन्दु धर्म ८०% ले अपनाएको छ । त्यस्तै बौद्ध धर्म अपनाएका पाइन्दैन साथै मुस्लिम धर्मलाई पनि नअपनाएका छन् भने क्रिश्चियत धर्म २०% ले अपनाएको पाइन्छ । त्यसैगरी आदिवासी जनजाति र दलितले पनि हिन्दु धर्म ८०% ले अपनाएका छन् भने २०%ले बौद्ध धर्म आदिवासि जनजातिहरुले अपनाएको छ र मुस्लिम धर्म अपनाएको देखिदैन । त्यसैगरी मधेसीहरुमा १००% ले हिन्दु धर्म अपनाएको पाइन्छ भने अन्य धर्म अपनाएका पाइन्दैन । यसरी तालिका नं. ११ बाट के स्पष्ट हुन्छ भने आदिवासी जनजाति र मगर बाहेक बसै जातजातिहरुमा हिन्दु धर्म लगाएत क्रिश्चियन धर्मपनि अपनाएका पाइन्छ भने बौद्ध धर्मलाई ब्राम्हण/ क्षेत्री, दलित र मधेसी जातिले अपनाएको देखिदैन । यसरी बैद्ध धर्म र अन्य धर्म भने कम बाहुल्यता हुनुको कारण उनीहरुका पूर्खाहरुले नअपनाएको र

परापूर्वकाल देखिने हिन्दु धर्म अपनाएको हुनाले आफूहरुलाई हिन्दु धर्म नै मान्ने हुन्छ भन्न मनपराउने मान्यता पाइन्छ र यी जातजातिहरुमा हिन्दु धर्मको बाहुल्यता बढि रहको पाइन्छ । सबैभन्दा बढि मधेसी जातिमा रहेको छ जुन १००% छ । यसरी नै मगर जाति र आदिवासि जनजातिहरुलपे बौद्ध धर्म मान्ने उनीहरु बौद्धिष्ट थिए र प्राकृतिक पुजक थिए पछि हिन्दु धर्मको विस्ता र बाहुल्यता सँगै उनीहरुलाइ पनि हिन्दु धर्मालम्बी बनाएको तर उनीहरु बौद्ध धर्म मान्ने गरेको भएतापनि हिन्दुहरुको बाहुल्यतो गर्दा हिन्दु धर्माई पनि केहि मात्रामा अपनाएको पाइन्छ । भने मगर बाहेक आदिवासि जनजातिले हिन्दु धर्मलाई पनि अपनाएको पाइन्छ ।

यसरी तालिका नं. ११ द्वारा यस हाथिलेट गाउँमा बसोवास गर्ने जातिहरुमा हिन्दु धर्मको बाहुल्यता बढि रहेको त्यसपछि बौद्ध धर्म र क्रिश्चियन धर्मालम्बिहरु रहेके पाइन्छ । यसरी बौद्ध धर्म मान्ने जातिमा बढि मगर जातिहरु रहेको पाइयो भने क्रिश्चियन धर्म मान्ने जातिहरुमा ब्राह्म्ण/क्षेत्री र दलितहरु को संख्या बराबर ४% प्रतिशत रहेको देखिन्छ । यसरी धर्मको आधारमा यस क्षेत्रमा बसोवास गर्ने जातजातिहरु विशेष गरि तीन ओटा धर्महरुले प्रभाव पारेको देखिन्छ भने मगर जातिले आफुहरु बौद्ध धर्मालम्बि भनेता पनि प्राय मृत्यु संस्कार र बैवाहिक संस्कार बाहेक अन्य संस्कार, संस्कृतिहरु हिन्दु परम्परा अनुरुप नै अपनाएको पाइन्छ । यसरी नै यस गाउँमा मुस्लीम धर्मको संख्या शून्य हुनुमा मुस्लीम जातिको बसोबास नहुनु हो ।

त्यसैगरि धार्मिक उपस्थितिलाई पनि निम्न तालिका बाट उनीहरु विच रहेको धार्मिक सम्बन्धलाई देखाउन सकिन्छ ।

## तालिका नं. १२

## जातियताको आधारमा धार्मिक कार्यमा जातजातिहरुको उपस्थितिका विवरण

| जातजाति | हिन्दु | प्रतिशत | बौद्ध | प्रतिशत | क्रिश्चियन | प्रतिशत | अन्य | प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ब्राह्मण/क्षेत्री | ८ | ८०% | – | – | २ | २०% | – | – | १० | १००% |
| आदिवासी जनजाति | ४ | ४०% | ४ | ४०% | २ | २०% | – | – | १० | १००% |
| मगर | २ | २०% | ७ | ७०% | १ | १०% | – | – | १० | १००% |
| मधेसी | ९ | ९०% | – | – | १ | १०% | – | – | १० | १००% |
| दलित | ७ | ७०% | – | – | ३ | ३०% | – | – | १० | १००% |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

तालिका नं. १२ बाट हाथिलेट गाउँका जातजातिहरुमा एक अर्काको धार्मिक कार्यक्रममा उपस्थितिलाई हेर्दा ब्राह्मण/क्षेत्री जातिहरुमा हिन्दु धर्मको कार्यहरुमा ८०% उपस्थिति रहेको छ भने बौद्ध धर्मालम्बिहरुको कार्यहरुमा उपस्थिति जनाएका देखिदैन भने क्रिश्चियन धर्मको कार्यक्रममा २०% ले सहभागिता जनाएको पाइन्छ । यसैगरी आदिवासी जनजातिहरुले हिन्दु धर्मको कार्यक्रमहरुमा ४०%ले उपस्थिति जनाएको छ भने बौद्ध धर्मको कार्यमा पनि ४०% ले उपस्थिति जनाएको छ त्यस्तै क्रिश्चियनको कार्यमा २०% ले उपस्थिति जनाएको छ उनीहरुको आफ्नै धार्मिक कार्यमा ६०% ले उपस्थिति जनाएको छ भने क्रिश्चियन धर्मको कार्यमा १०% ले उपस्थिति जनाएको छ त्यस्तैगरी मधेसी जातिले प्राय हिन्दु धर्मको कार्यक्रमहरुमा उपस्थिति जनाएको छ जनु ९०% रहेको छ भने बौद्ध धर्मको कार्यहरुमा उपस्थिति जनाएको पाइन्दैन भने क्रिश्चियन धर्मालम्बिहरुको कार्यक्रममा १०%ले उपस्थिति जनाएको पाइन्छ । त्यस्तै दलित जातिहरुले पनि हिन्दु र क्रिश्चियन धर्मालम्बिको कार्यहरुमा उपस्थिति जनाएको पाइन्छ जसमा हिन्दु धर्मालम्बिहरुको कार्यक्रममा ६०% र क्रिश्चियन धर्मालम्बिहरुको कार्यक्रममा ३०% रहेको देखिन्छ ।

यसरी यस तालिका नं. १२ बाट यस क्षेत्रका जातजातिहरुम एक अर्काको धार्मिक कार्यक्रमहरुको उपस्थितिको विवरणको तालिकालाई हेर्दा सबैभन्दा बढि उपस्थिति प्राय आफ्नै धार्मिक सम्प्रदायको कार्यक्रमहरुमा हुने गरेको पाइन्छ भने अन्य जातिका धार्मिक कार्यक्रमहरुमा पनि केहि मात्रामा उपस्थिति जनाउने गरेको देखिन्छ । यसरी सबैभन्दा बढि हिन्दु सम्प्रदायको कार्यक्रममा उपस्थिति जनाउने मधेसी९०% जाति रहेको छ भने बौद्ध धर्मका कार्यक्रममा उपस्थिति जनाउने मगर जाति ७०% रहेको पाइन्छ त्यस्तै क्रिश्चियन धार्मिक कार्य क्रममा उपस्थिति जनाउने जाति दलित ३०% रहेको पाइन्छ ।यसरी सबै जातजातिहरु एकअर्काको धार्मिक कार्यहरुमा उपस्थिति जनाएपनि मधेसी जातिको बाहुल्यता हिन्दु धर्ममा भएकाले उपस्थिति पनि हिन्दु धर्मका कार्यहरुमा नै रहेको छ भने अन्य जातजातिहरुमा पनि त्यस्तै देखिन्छ

### ५.१.५ चाडपर्वको सम्बन्ध

समाजमा संस्कार संस्कृति, धर्म, शिक्षा, राजनितिक, आदि पक्षहरु जस्तै चाडपर्वको पनि महत्व रहेको हुन्छ । हरेक समाजमा जातजातिहरको आफ्नै धर्म संस्कार अनुरुपको चाडपर्व मनाउने गर्दछन् र जातजाति अनुसार चाडपर्वहरु फरकफरक पनि हुने गर्दछ । यस हाथिलेट गाविस वडा न २ मा अवस्थीत जातजातिहरुले पनि विभिन्न चाडपर्वहरु मनाएको पाइन्छ । यसरी उनीहरुले आफ्नो संस्कार संस्कृति अनुरुप मनाउने चाडपर्वहरुमा एक अर्को जातजातिहरुले कसरी स्वीकार अस्वीकार अनुसरण र उपस्थिति जनाउछन् या कसरी एकअर्काको संस्कार चाडपर्वलाई लिने गरेको छ भन्ने बुझ्नको लागि तालिका नं. १३बाट प्रस्टाउन लागिएको छ। जुन निम्न अनुसार रहेको छ।

**तालिका नं. १३**

**जातजातिहरू बिच एकअर्का जातजातिको चाडपर्वमा उपस्थितिको विवरण**

| जातजाति | उपस्थिति जनाइन्छ | उपस्थिति जनाइदैन | प्रतिशत |
|---|---|---|---|
| ब्राह्म्ण/क्षेत्री | १० | - | २०% |
| आ. जनजाति | १० | - | २०% |
| मगर | १० | - | २०% |
| मधेसी | १० | - | २०% |
| दलित | १० | - | २०% |
| जम्मा | ५० | - | १००% |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

तालिका नं. १३ अनुसार हाथिलेट गाउका प्रत्येक जातजातिहरुमा एक अर्काको चाडपर्वमा उपस्थिति जनाइएको पाइन्छ । यसरी यस तालिका बाट के प्रस्ट हुन्छ भने

यस क्षेत्रका जातजातिहरु बिच एकरुपता र एकअर्का को संस्कार संस्कृतिहरु चाडपर्वलाई स्वीकारेको तथा थोरै अवलम्वन गरेको देखिन्छ ।

यसरी माथिको तालिका बाट के प्रस्ट हुन्छ भने समाजमा एक अर्का व्यक्तिहरुको सहयोग सत्भाव र समन्वयबाट सामाजिक क्रियाकलापहरु अगाडि बढ्ने भएको ले यस क्षेत्रमा पनि यी सबै समाजमा हुनु पर्ने गुण र मान्यताहरुमा एक अर्को जातजातिहरुमा रहेको र एक अर्काको संस्कार धर्म चाडपर्वहरुलाई स्वीकारेको मेलापर्व, दुःख मा एकअर्का जातिहरुमा सहयोग कार्य गर्ने गरेको र एकअर्काको कार्यहरुमा उपस्थिति जनाएको पाइन्छ । जुन तालिका नं. १४ द्वारा स्पष्ट हुन सकिन्छ ।

**तालिका १४**

**जातिय संस्कारको अवलम्बन**

| जातजाति | अवलम्वन गरेको | प्रतिशत | अवलम्वन नगरेको | प्रतिशत | | |
|---|---|---|---|---|---|---|
| ब्राह्मण/क्षेत्री | २ | २०% | ८ | ८०% | १० | १००% |
| आ. जनजाति | ३ | ३०% | ७ | ७०% | १० | १००% |
| मगर | २ | २०% | ८ | ८०% | १० | १००% |
| मधेसी | २ | २०% | ८ | ८०% | १० | १००% |
| दलित | ६ | ६०% | ४ | ४०% | १० | १००% |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

तालिका नं. १४ अनुसार यस क्षेत्रमा अवस्थित जातजातिहरुमा हरेको संस्कारहरुलाई एक अर्को जातिहरुमा धेरैथोरै अवलम्वन गरेको देखिन्छ । सबैभन्दा बढि अवलम्वन गर्ने जातिमा दलित रहेको छ (६०%) उनीहरु सँग प्राय संस्कारहरु ब्राह्मण/क्षेत्री जाति सँग मिल्ने भएकाले उनीहरुले प्राय आफूहरुको संस्कारहरु मिलेको र उनीहरुले जस्तै गर्ने गरेको पाइन्छ । यसैगरी अर्को जाति आदिवासी जनजाति रहेको

छ जुन ३०% ले अवलम्वन गरेको पाइन्छ भने अवलम्वन नगरेका जातिहरु क्रमश ब्राह्म्ण/क्षेत्री ८०%, मगर ८०% मधेसी८०% ले अवलम्बन नगरेको पाइन्छ । यसरी अवलम्वन गरेको संस्कारहरुमा प्राय खानपान, भेषभुषा लवाइखवाई चाडपर्व आदि रहेको छ भने यस क्षेत्रमा वर्तमान अवस्थामा आएर पश्चिम संस्कृतिको पनि निकै ठूलो प्रभाव परेको पाइन्छ । जस्तै गाउ भएता पनि मनोरञ्जनको रुपमा हिन्दि फिल्म, गीत हेर्ने सुन्ने जन्मदिन मनाउने वैवाहिक वार्षिक उत्सवहरु मनाउने गरेको पाइन्छ । त्यस्तै गरी मधेसी जातिहरुमा पनि दशै मनाउने नेपाली दिदी बहिनीहरु सँग भाइटिका लगाउने गरेको पाइन्छ ।

त्यस्तै हाथिलेट गाविस वडा नं. २ का हाथिलेट गाउँका जातजातिमा सामाजिक सांस्कृतिक कार्यहरुमा सहयोगको विवरणलाई तलको तालिका बाट देखाउन सकिन्छ ।

## तालिकानं. १५

## जातजातिको आधारमा सामाजिक सांस्कृतिक कार्यहरुमा जातजाति बिच सहयोगको विवरण

| जातजाति | शैक्षिक | प्रतिशत | धार्मिक | प्रतिशत | वैवाहिक | प्रतिशत | सामाजिक | प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ब्राह्मण/क्षेत्री | १ | १०% | २ | २०% | ७ | ७० % | | | १० | १००% |
| आ. जनजाति | – | – | २ | २०% | ७ | ७०% | १ | १०% | १० | १००% |
| मगर | १ | १०% | ३ | ३०% | ६ | ६०% | – | – | १० | १००% |
| मधेसी | – | – | १० | १००% | – | – | – | – | १० | १००% |
| दलित | – | – | – | – | ६ | ६०% | ४ | ४०% | १० | १००% |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

तालिका तालिका नं. १५ अनुसार यस क्षेत्रका जातजातिहरुमा एक अर्काको सामाजिक कार्यहरुमा सहयोग गरेको देखिन्छ । सबैभन्दा बढि सहयोग सबैजातिहरुले वैवाहिक कार्यमा गरेको देखिन्छ भने अन्य जातिमा आदिवासी जनजातिको १०% रहेको छ त्यस्तै शैक्षिक मा ब्राह्म्ण/क्षेत्री र मगरले १०% सहयोग गरेको छ भने धार्मिक कार्यमा सबैभन्दा धेरै मधेसी १००% गरेको पाइन्छ भने अन्य जातिहरुमा मगर ३०% ब्राह्म्ण/क्षेत्री २०% आदिवासी जनजाति २०% गरेको पाइन्छ यो तालिकाबाट एक जातिले आफ्नै जातिले आफ्नै जातिमा मात्र सहयोग गर्नका साथै अन्य जातिलाई पनि सहयोग गर्ने गरेको पाइन्छ धेरै रुपमा अीर्थक त्यस्तै अन्य खाद्यन्न सामाग्रिहरु जस्ता कुराहरुको सहयोग आदनप्रदान गर्ने गरिन्छ ।

यसरी हेर्दा हाथिलेट गाउँमा एकअर्कामा भावनात्मक साथै सामाजिक सांस्कृतिक एक अर्काको जातिय संस्कारहरु अवलम्वन गर्नुका साथै आत्मासाथ गर्ने सहयोगी हृदय, शैक्षिक, धार्मिक, वैवाहिक कार्यहरुमा आफूले सक्ने जति सहयोग गर्ने साथै सहभागिता हुने गरेको पाइन्छ । यहाँका जातजातिहरु एक अर्काको पुरक भएर रहेको देखिन्छ भने एकअर्कामा सुमधुर सम्बन्ध रहनुका साथै हरेक जातिले अर्को जातिलाई भेदभावको भावना नराखेको पाइन्छ ।मधेसी जातिमा बढि धार्मिक कार्यमा १००% ले सहयोग गरेको देखिन्छ । यसरी धार्मिक कार्यमा बढि सहयोग गर्नुका कारण उनीहरु हिन्दु धर्मालम्बी भएका कारणले बढि मात्रामा पुजा सप्ताहा, पुराण आदि धार्मिक कार्यहरु अन्य र्धमा भन्दा बढी हुना उनीहरुले दान चन्दा दिने गरेको पाइन्छ । अन्य सामाजिक कार्यहरुमा जस्तै वैवाहिक कार्यक्रमहरुमा कार्य सम्पन्न गनृ सघाउने दिन दुःख पर्दा सहयोृग गर्ने मेलापर्वमा सहयोग मद्दत गर्ने गरेको देखिदैन भने सामाजिक कार्यमा जस्तै ज्यालामजदुरी हातहतियार निर्माण गर्ने अन्य विभित सामाजिक कार्यहरुमा दलित जातिको ४०% सहयोग रहेको छ ।

### ५.१.६ आर्थिक सम्बन्ध

हाथिलेट गा.वि.स वडा नं. २ का हाथिलेट गाउँको आर्थिक अवस्थालाई हेर्दा यस क्षेत्रमा विभिन्न कार्यहरुमा संलग्नता रहेको पाइन्छ भने कृषि, रोजगारि,

ज्यालामजदुरी, बैदेशिक रोजगारलाई अपनाएको पाइन्छ । यसरी एकजाति र अर्का जाति विच आर्थिक रुपमा लेनदेन सापटि लिने तथा पैंचो चलाउने एक अर्कालाई अर्थिक रुपमा सहयोग पनि गर्ने गरेको पाइन्छ । आर्थिक रुपमा सहयोग पनि गर्ने गरेको पाइन्छ । आर्थिक रुपले पनि यहाँको जाति बिच सम्बन्ध बलियो रहेको पाइन्छ । काम चलाइदिने तथा व्याजमा ऋण लिने दिने जस्ता विभिन्न समुह तथा स्वाबलम्वन जस्ता सामुदायिक समुहले पनि एकअर्का विच सम्बन्ध स्थापनामा एकमता रहेको पाइन्छ कृषि मुख्य पेशा भएतापनि अहिले कृषिलाई भन्दा अन्य पेशाहरु लाई प्राथमिकता दिने गरेको पाइन्छ भने आर्थिक सम्बन्धलाई हेर्दा विभिन्न जातजातिहरु कृषिका साथै अन्य  पेशाहरु अपनाएको  पाइन्छ ।

## तालिका नं. १६

## पेशाको आधारमा जातजातिको पारिवारिक विवरण

| जातजाति | कृषि | प्रतिशत | व्यापार व्यवसाय | प्रतिशत | सरकारी रोजगारी | प्रतिशत | ज्याला मजदुरी | प्रतिशत | बैदेशिक रोजगार | प्रतिशत | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ब्राह्मण/क्षेत्री | २ | ८.६९% | १२ | ५२.१७% | ७ | ३०.१४% | – | – | २ | ८.६९% | २३ | १००% |
| आ. जनजाति | ३ | १५% | १५ | ७५% | २ | २०% | – | – | २ | २०% | २० | १००% |
| मगर | ४ | २०% | ८ | ४०% | ३ | १५% | १ | ५% | ५ | २५% | २० | १००% |
| मधेसी | १ | ५.२६% | १६ | ८४.२१% | – | – | – | – | २ | १०.५२% | १९ | १००% |
| दलित | १ | १०% | – | – | – | – | ६ | ६०% | ३ | ३०% | १० | १००% |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

तालिका १६ बाट हाथिलेट गाउँका जातजातिको पेशालाई हेर्दा सबैभन्दा बढि जातजातिहरुले व्यापार व्यवसायलाई अपनाएको पाइन्छ जसमा सबैभन्दा बढि मधेसी को संख्या रहेको छ जुन ८४.२१% रहेको देखिन्छ भने अन्य जातिमा ब्राह्म्ण/क्षेत्री ५२.१७% ले व्यापार व्यवसाय गरेको छन् भने आदिवासि जनजाति ७५% रहेको छ त्यस्तै मगर जातिले ४०% ले व्यापार गरेको देखिन्छ भने दलित जातिमा व्यापार व्यवसाय गरेका देखिदैन । यसरी नै सबैभन्दा बढि सरकारी रोजगारको रुपमा ब्राह्म्ण/क्षेत्रीको संख्या रहेको छ उनीहरु ३०.१४% रहेको छ भने त्यसपछि को संख्याको रुपमा आदिवासी जनजाति २०% र मगर जाति १५% रहेको छ अन्य जाति मधेसी र दलितहरु सरकारी रोजगार नभएको देखिन्छ । बैदेशिक रोजगारको रुपमा सबैभन्दा बढि मगर जाति २५% विदेश जाने गरेको छ भने कम विदेश जाने जातिमा ब्राह्म्ण/क्षेत्री, मधेसी र आदिवासी जनजातिको संख्या समान रहेता पनि दोस्रो रुपमा दलित जातिहरु विदेश जाने संख्या३०% रहेको पाइन्छ भने ज्याला मजदुरीमा पनि बढि संख्या दलितहरुको नै रहेको छ जुन ६०% जनसंख्या मजदुरी गरेको पाइन्छ भने कृषिमा मधेसी र दलित को संख्या न्यून रहेता पनि मधेसीको व्यापारमा बढि संलग्न भएको पाइन्छ भने दलित ज्यालामजदुरीमा त्यस्तै ब्राह्म्ण/क्षेत्री मगर र आदिवासी जनजातिहरु कृषि, व्यापार, वैदेशिक रोजगारीका साथै सरकारी रोजगारमा पनि संलग्न रहेको पाइन्छ ।

यसरी यस क्षेत्रका जातजातिहरुमा सबैभन्दा धेरै आर्थिक पक्षमा सबल रहेको जातिमा ब्राह्म्ण/क्षेत्री मधेसी, मगर र आदिवासि जनजातिहरु रहेको पाइन्छ भने दलित जातिको आर्थिक अवस्था अझ सम्म पनि न्यून रहेको र प्राय ज्यालामजदुरी गरेर जीवन निर्वाह गरेको पाइन्छ । यस्तो हुनुको मुख्य कारण उनीहरु आर्थिक रुपमा कमजोर रहेको देखिन्छ ।

यसैगरी यस क्षेत्रका जातजातिहरु विच एकअर्का सँग लेनदेन सापटि सहयोग जस्ता आर्थिक स्थितिलाई तलको तालिकाबाट देखाइएको छ । जुन निम्नअनुसार रहेको छ ।

## तालिका नं. १७

## जातजातिहरु विच आर्थिक लेनदेनको विवरण

| जातजाति | ऋण लिएको | ऋण नलिएको | प्रतिशत |
|---|---|---|---|
| ब्राह्मण/क्षेत्री | १० | – | २०% |
| आ. जनजाति | १० | – | २०% |
| मगर | १० | – | २०% |
| मधेसी | १० | – | २०% |
| दलित | १० | – | २०% |
| जम्मा | ५० | – | १००% |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

तालिका नं. १७ अनुसार यस क्षेत्रका सबै जातजातिहरु बिच आर्थिक रुपमा सहयोग सापटि लेनदेन एकअर्का बिच रहेको पाइन्छ । यसरी यस तथ्याङ्कबाट के प्रस्ट हुन्छ भने यस गाउँका जातजातिहरु एक अर्का बिच आर्थिक सहयोग भावनात्मक सहयोगका साथै  एकअर्कालाई परेका बखत गाउँका आमा समुह ऋण व्याजमा दिइनुको साथै परेका बखतमा अन्नपात खाद्यनहरु पनि आदन प्रदान गरी आर्थिक रुपमा एक अर्का जातजाति हरुमा सहयोग गरेको पाइन्छ ।

यसरी नै जातिहरु बिच एकअर्कामा ऋण लिएको विवरणबाट पनि यस क्षेत्रका जातजातिका सम्बन्धलाई प्रस्टाउन सकिन्छ । जुन निम्नअनुसार रहेको छ ।

## तालिका नं. १८

## जातजातिहरु बिच ऋण लिएको विवरण

| जातजाति | ब्राह्मण/क्षेत्री | | आ. जनजाति | | मगर | | मधेसी | | दलित | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ब्राह्मण/क्षेत्री | ५ | ५०% | ५ | ५०% | – | – | – | – | – | – | १० | १००% |
| आ. जनजाति | ३ | ३०% | ३ | ३०% | २ | २०% | १ | १०% | १ | १०% | १० | १००% |
| मगर | १ | १०% | २ | २०% | ४ | ४०% | २ | २०% | १ | १०% | १० | १००% |
| मधेसी | १ | १०% | २ | २०% | २ | २०% | ५ | ५०% | | | १० | १००% |
| दलित | २ | २०% | ३ | ३०% | १ | १०% | – | – | ४ | ४०% | १० | १००% |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

तालिका नं. १८ बाट के प्रस्ट हुन्छ भने यस क्षेत्रका जातजातिहरुमा ऋण सापटिको विवरणलाई हेर्दा बढि ऋण लेनदेन आफ्नै जातिसँग गरेको पाइन्छ भने अन्य बिच धेरथोर सबै सँग ऋण आदनप्रदान गरेको देखिन्छ सबैभन्दा बढि ऋण सबैजातिले आदिवासी जनजाति सँग लिएको देखिन्छ यस्तो हुनुमा यस क्षेत्रम अन्य जातिहरुको संख्याभन्दा आदिवासी जनजातिहरुको संख्या बढि भएको हुनाले प्राय अन्य जातिको तुलनामा यस जाति सँग लेनदेन लगाउत अन्य कार्यहरुमा बढि सम्पर्क भएको पाइन्छ । भने कम ऋण सापटि मधेसी जाति सँग लिने गरेको पाइन्छ यसैगरी दलित जाति सँग ऋण सापटि लेनदेने गरेको देखिन्छ दलित जातिले आफ्नो जाति बाहेक बढि ऋण सापटि आदिवासि जनजाति सँग लिने गरेको देखिन्छ जुन ३०% रहेको छ अन्य जातिहरुमा ब्राह्मण/क्षेत्रीले पनि आदिवासि जनजातिसँग बढि लेनदेन गरेको छ जुन ५०% रहेको छ भने मधेसी मा पनि आ.जनजाति र मगर जाति सँग नै ऋण सापटि बढि लिएको पाइन्छ ।

यसरी यस गाउँका जातजातिहरुको ऋण लेनदेनको विवरण अनुसार सबैभन्दा बढि सापटि आफ्नै जातिसँग लिने गरेको पाइन्छ भने अन्य जातिहरुमा सबैजातिहरु सँग लेनदेन गरेता पनि बढि ऋण सापटि आदिवासी जनजाति र मगर जातिसँग गरेको पाइन्छ । यसरी यस अध्ययनबाट के प्रस्ट हुन्छ भने यो विभिन्न जातिहरु बिच एकरुपता र सहयोग लेनदेन आर्थिक क्रियाकलापमा आदनप्रदान रहेको तर अन्य जाति भन्दा बढि आदिवासि जनजातिसँग लिने गरेको पाइन्छ यस्तो हुनुमा यस क्षेत्रमा मगर र आदिवासी जनजातिहरुको संख्या अन्य जातिको भन्दा बढि रहेकोले बढि सम्पर्क हुने कारणले गर्दा लेनदेनमा पनि उनीहरुसँग नै सबै जातिको सम्पर्क रहेको पाइन्छ ।

## ५.२ शैक्षिकसम्बन्ध

महोत्तरी जिल्ला हाथिलेट गाविस वडा नं. २ मा बस्ने हाथिलेट गाउमा जातजातिहरुको शैक्षिक अवस्थालाई हेर्दा यहाँका अधिकांश जातिहरुमा, शिक्षाको राम्रो अवस्था रहेको देखिन्छ । वर्तमान अवस्थामा शिक्षालाई महत्वपुर्ण रुपमा मानिने भएकोले गर्दा पनि यस क्षेत्रमा शिक्षालाई महत्वपूर्ण रुपमा लिएको र प्रत्यक घरपरिवारका व्यक्तिहरु शिक्षित नै रहेको पाइन्छ यस क्षेत्रमा बसोवास गर्ने विभिन्न जातजातिहरु द्वारा सामुहिक सामुदायिक स्कुलको व्यवस्था गरिनुका साथै कम आर्थिक अवस्था भएका पढाइमा जेहनदार विद्यार्थीलाई स्कूल समितिले पढाइमा सहयोग गरेको र शिक्षित परिवारका व्यक्तिहरुले अन्य परिवार वा जातिहरुलाई पढ्नुपर्छ वा छोराछोरीहरुलाई पढाउनु पर्दछ भन्ने विषयमा प्रोत्साहन गरेको पाइन्छ । त्यस्तै गरि यस क्षेत्रमा अनाथ द्वन्द पिडित बच्चाहरुका लागि अनाथ बालगृह रहेको पाइन्छ यस बालगृहका उद्देश्य प्रत्यक अनाथ बच्चाहरुले पनि शिक्षा जस्तो महत्वपूर्ण अवसरबाट वञ्चित नहोउन भन्ने मान्यताका साथ आफ्नै निजि स्रोतबाट बालगृहको स्थपनाले पनि यस क्षेत्रमा शिक्षाको राम्रो अवस्था रहेको पाइन्छ । यसरी नै यस क्षेत्रका जातजातिहरुले शिक्षा क्षेत्रलाई राम्रो बनाउन र शिक्षाबाट कोहि पनि बञ्चित नरहुन भनि प्रत्येक गाउँमा निजि स्कुलहरुको व्यवस्था पनि रहेको छ यस्तै सरकारी र सामुदायिक स्कुलहरु पनि रहेको पाइन्छ ।

यसरी यस  क्षेत्रको शैक्षिक अवस्था लाई बुझ्नको लागि यहाँका जातजातिहरु बिच कस्तो शैक्षिक अवस्था रहेको छ शिक्षा क्षेत्रमा कुन जातिको योगदान, सहयोग प्रभाव र प्रोत्साहन एकअर्का जातजाति बिच रहेको छ भन्ने पक्षलाई बुझ्न तलको तालिकाबाट प्रस्टाइएको छ ।

**तालिका नं. १९**

**जातजातिहरु बिच विद्यालय छनोटको विवरण**

| जातजाति | सरकारी | प्रतिशत | निजि | प्रतिशत |
|---|---|---|---|---|
| ब्राह्म्ण/क्षेत्री | ४ | ८% | ६ | १०% |
| आ. जनजाति | ५ | १०% | ५ | १०% |
| मगर | ३ | ६% | ७ | १४% |
| मधेसी | ६ | १२% | ४ | ८% |
| दलित | ८ | १६% | २ | ४% |
| जम्मा | २६ | ५२% | २४ | ४६% |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

प्रस्तुत तालिका नं. १९ बाट के प्रस्ट पर्न सकिन्छ कि सबै जातिहरुमा सरकारी स्कुल भन्दा निजि स्कुल प्रति यस क्षेत्रका जातजातिहरु प्रभावित भएको पाइन्छ भने सरकारी स्कुलमा पनि सबै जातिहरुले पठनपाठन गरेको देखिन्छ । यसरी सबैभन्दा बढि निजि स्कुल पढ्ने जातिमा मगर जाति रहेको पाइन्छ भने कम पढ्ने जातिमा दलित रहेको पाइन्छ अन्य जातिहरुमा बढि पढ्नेमा मगर जातिपछि ब्राह्म्ण/क्षेत्री रहेको पाइन्छ । यसरी नै सरकारी स्कुलमा पठनपाठन गर्ने जातिहरुमा सबैभन्दा बढि दलित रहेको १६% छन भने कम पठनपाठन गर्नेमा मगर ६% रहेको छ क्रमश आ. जनजाति १०% र ब्राह्म्ण/क्षेत्री ८% रहेको पाइन्छ ।

यसरी प्रस्तुत तालिकाबाट के प्रस्ट हुन्छ भने सबैभन्दा निजि स्कुलमा पठनपाठन नगर्ने जातिमा दलितहरुको संख्या रहेको पाइन्छ यस्तो हुनुको मुख्य कारण उनीहरु आर्थिक रुपले कमजोर हुनु र सरकारी स्कुलमा दलितलाई पठनपाठनमा

निशुल्क भर्ना स्कुल पोषकको निशुल्क व्यवस्था हुनुका साथै अन्य छात्रवृत्ती र निशुल्क पठनपाठनले गर्दा निजि स्कुलभन्दा सरकारी स्कुल प्रती आकर्षण रहेको देखिन्छ । त्यसैले निजि स्कुलमा दलित जातिको बालबालिकाहरुको संख्या भन्दा अन्य जातिका बालबालिकाहरुको संख्या बढि देखिन्छ । यसरी यस क्षेत्रमा प्रत्यक जातजातिहरु बिच शिक्षा क्षेत्रमा राम्रो अवस्था रहेको पाउन सकिन्छ ।

यसैगरी शैक्षिक योग्यताको आधारमा जातजातिका महिला र पुरुष बिचको शैक्षिक योग्यताको विवरण निम्नअनुसार रहेको पाइन्छ ।

## तालिका नं. २०

## शैक्षिक तह

| जातजाति | प्रथमिक | | | | माध्यामिक | | | | उच्च शिक्षा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पु. | % | म. | % | पु. | % | म. | % | पु. | % | म. | % | जम्मा | |
| ब्राह्मण/ क्षेत्री | २ | ३.९२ | १० | १९.६० | १६ | ३१.३७ | ६ | ११.७६ | ९ | १७.६४ | ८ | १५.६८ | ५१ | १००% |
| आ. जनजाति | ९ | १८.३६ | १० | २०.४० | १० | २०.४० | ७ | १४.२८ | ८ | १६.३२ | ५ | १०.२० | ४५ | १००% |
| मगर | ८ | २१.६२ | १० | २७.०२ | ५ | १३.५१ | ५ | १३.५१ | ५ | १३.५१ | ४ | १०.८१ | ३७ | १००% |
| मधेसी | १३ | ४४.८२ | ८ | २७.५८ | १ | ३.४४ | २ | ६.८९ | ४ | १३.७९ | १ | ३.४४ | २९ | १००% |
| दलित | ५ | २५ | १० | ५० | २ | १० | १ | ५ | १ | ५ | १ | ५ | २० | १००% |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

तालिका नं. २० बाट के प्रस्ट हुन्छ भने हाथिलेट २ का जातजातिहरुमा शिक्षाको स्तर असमान रहेको पाइन्छ । सबैभन्दा उच्च शिक्षा पढ्ने जातिहरुमा ब्राह्म्ण/क्षेत्रीको पुरुष र महिला दुबैमा उच्च रहेको देखिन्छ भने अन्य जातिहरु आ. जनजाति र मगर जातिमा महिला भन्दा पुरुषको संख्या बढि रहेको देखिन्छ । त्यस्तै सबैभन्दा फरक संख्यामधेसी जातिमा रहेको देखिन्छ जुन उच्च शिक्षा पढ्ने पुरषहरुको संख्या १३.७९% रहेको छ जबकी महिलाहरुको संख्या ३.४४% रहेको देखिन्छ यस तालिकाबाट के प्रस्ट हुन्छ भने अन्य जातजातिहरुमा महिला र पुरुष विच थोरै भिन्नता भएता पनि मधेसी जातिमा धेरै भिन्नता महिला र पुरुष को संख्यामा पाइन्छ । यस्तो हुनुका मुख्य कारण मधेसी जातिमा कम उमेरमा छोरीलाई विवाह गरिदिने भएकाले शैक्षिक स्तरमा उच्च शिक्षामा अन्य जातजाति भन्दा मधेसी जातिमा शिक्षामा फरक रहेको पाइन्छ । यस्तै गरी प्राथमिक तहमा पठनपाठन गर्ने सबै जाति मध्ये मधेसी जातिको संख्या उच्च रहेको देखिन्छ भने कम संख्या ब्राह्म्ण/क्षेत्रीको रहेको पाइन्छ अन्य जातिहरुमा मगरको संख्या महिला २७.०२% र पुरुषको २१.६२% रहेको छ यस बाट के बुझिन्छ भने पुरुष भन्दा महिलाहरुको संख्या प्राथमिक तहमा उच्च रहेको पाइन्छ । त्यस्तै माध्यमिक स्तरमा सबैभन्दा धेरै संख्या महिला र पुरुषको संख्यालाई हेर्दा ब्राह्म्ण/क्षेत्री जातिमा पुरुषको ३१.३७% रहेको देखिन्छ भने आ. जनजातिमा महिलाको संख्या १४.२८% रहेको छ सबैभन्दा कम संख्या पुरुष र महिला दुबैमा दलित जातिको रहेको छ ।

यसरी तालिका नं. २० अनुसार तथ्याङ्कको विश्लेषण गर्दा के स्पष्ट हुन्छ कि यस क्षेत्रमा बसोवास गर्ने जातजातिहरुमा शिक्षाको स्तर सबैभन्दा बढि ब्राह्म्ण/क्षेत्री पुरुषमा बढि रहेको छ भने आ. जनजातिहरु महिला र पुरुष दुबैमा समान रहेको पइन्छ त्यस्तै सबैभन्दा कम दलित जातिमा रमधेसी जातिमा रहेको देखिन्छ भने मधेसी जातिमा उच्च शिक्षामा महिलाहरुको कम सहभागिता रहेको पाइन्छ । यस्तो हुनुमा त्यहाँका दलित जातिमा मुख्य आर्थिक समस्या रहेको कम व्यक्तिहरुले उच्च शिक्षा हासिल गरेको छ भने मधेसीजातिहरुमा छोराहरुको संख्या उच्च रहेता पनि महिलाहरुको स्तर न्यून्न रहनुमा महिलाहरुको छिटो विवाह मानिएकोपाइन्छ ।

यसरी नै शिक्षामा प्रोत्साहन तथा अग्रसर गर्ने जातिको रुपमा त्यस क्षेत्रमा ब्राह्म्ण/क्षेत्री, आदिवासी जनजाति, मगरहरुले त्यहाँका अन्य जातिहरुलाई पढ्नु पर्दछ भनि एकअर्का जातिलाई प्रोत्साहन तथा आग्रह गरेको पाइन्छ भने दलित जातिलाई सरकारी तह बाट पनि शैक्षिक उन्नतिको लागि पठनपाठन शैक्षिक सामाग्रीहरु उपलब्ध गराउनुका साथै शूल्क समेत नपर्नेगरी सरकारी सहयोग तथा छात्रावृत्ति दिएको पाइन्छ र अन्य जातिका व्यक्तिहरुले समेत पठनपाठन मा दलित जातिका छोराछोरीहरुलाई सहयोग गरेको पाइन्छ यहाँ सरकारले छुट्याएको शैक्षिक आरक्षण बढि मात्रामा दलित र जनजातिहरुले उपयोग गरेको पाइन्छ भने यस्तो अवसर सरकारले दिइनुमा ब्राह्म्ण/क्षेत्री अन्य बञ्चित वर्गका जातिहरुलाई नकारात्मक रुपमा नलिइ सकारात्मक रुपमै स्वीकारेको पाइन्छ । यस्तो आरक्षणले अन्य जातिहरुलाई पठनपाठन गर्न सहयोग पुगेको र हामी सबै शिक्षित हुन पाउनु गर्व लागेको भनाई पाइन्छ ।

## ५.३ राजनितिक सम्बन्ध

मानिस सामाजिक प्राणि भएकोले मानिसहरु एकअर्का बिच विभिन्न सम्बन्धहरुमा बाधिएर रहेको हुन्छ । यसरी नै समाजमा रहने बस्ने क्रममा समाजका विभिन्न पक्षहरु मा एक अर्का बिच सम्बन्धहरु रहेको पाइन्छ भने राजनितिक पनि अन्य पक्ष जस्तै एउटा महत्वपूर्ण पक्षका रुपमा सामाजिक संस्थाको रुपमा राजनितिक रहेको पाइन्छ ।

यस हाथिलेट गाविस मा बसोवास गर्ने विभिन्न जातजातिहरु र यस समाजमा पनि राजनितिक एउटा महत्वपूर्ण रुपमा रहेको पाइन्छ । यहाँका सम्पूर्ण जातजातिहरु विभिन्न राजनितिक पार्टिहरुमा आबद्ध रहेको पाइन्छ भने चुनावको बखत यहाँ का जातजातिहरु ले प्रचार प्रसार र  विभिन्न राजनितिक दलहरुलाई सहयोग गरेको तथ्याङ्क पनि रहेको देखिन्छ । यस क्षेत्रका जातजातिहरु विशेषगरी चार ओटा राजनितिक पार्टिमा अबद्ध रहेको पाइन्छ र उनीहरुले राजनितिक रुपमा आफ्नै जातिबाहेक अन्य जातिहरु सँगका संलग्नता भेदभावपूर्ण व्यवहार र प्रभाव प्रोत्साहन एक अर्का जातजातिहरुमा के कस्तो सम्बन्ध रहेको छ भन्ने सम्बन्धलाई तालिका द्वारा प्रस्टाइएको छ जुन निम्न अनुसार रहेको छ ।

**तालिका नं. २१**

**जातियताको आधारमा राजनैतिक पार्टिमा संलग्नताको विवरण**

| जातजाति | राष्ट्रिय मधेष समाजवादि पार्टि | प्रतिशत | नेकपा एमाले | प्रतिशत | काँग्रेस | प्रतिशत | जनमुक्ति पार्टि | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ब्राह्मण/क्षेत्री | २ | २०% | १ | १०% | ७ | ७०% | – | – | १० | १००% |
| आ. जनजाति | ८ | ८०% | – | – | – | – | २ | २०% | १० | १००% |
| मगर | ५ | ५०% | १ | १०% | – | – | ४ | ४०% | १० | १००% |
| मधेसी | ७ | ६०% | ३ | ३०% | – | – | – | – | १० | १००% |
| दलित | ३ | ३०% | ७ | ७०% | – | – | – | – | १० | १००% |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

तालिका नं. २१ हेर्दा सबैभन्दा बढि संख्यामा सहभागिता जनाएको पार्टि राष्ट्रिय मधेसी समाजवादी पार्टि रहेको छ भने कम जातजातिको सहभागिता रहेको पार्टि काँग्रेस पार्टि र जनमुक्ति पार्टि रहेको छ । यसरी राष्ट्रिय मधेसी समाजवादि पार्टि अन्तर्गत सबभन्दा बढि सहभागिता रहेको जाति आ. जनजाति र मधेसी जातिका छ भने कम सहभागिता रहेको जाति ब्राह्म्ण/क्षेत्री बढि सहभागि रहेको पार्टि कांग्रेस ७०% रहेको पाइन्छ । यसरी नै अन्य जातजातिहरुमा मगर राष्ट्रिय मधेष समाजवादी पार्टिमा २०% नेकपा एमाले पार्टिमा १०% जनमुक्ति पार्टिमा ४०% रहेको छ भने काँग्रेस पार्टिमा सहभागिता नरहेको पाइन्छ । मधेसी जातिमा राष्ट्रिय मधेष समाजवादी पार्टिमा ६०% नेकपा एमाले पार्टिमा३०% सहभागिता रहेको पाइन्छ । त्यस्तै दलित जातिमा सबैभन्दा धेरै सहभागिता नेकपा एमाले ६०% र राष्ट्रिय मधेसी पार्टिमा ३०% सहभागिता रहेको छ भने अन्य कांग्रेस र जनमुक्ति पार्टिमा सहभागिता नरहेको पाइन्छ । यसरी राष्ट्रिय मधेष समाजवादि पार्टिमा सबै जातजातिहरुको बढि सहभागिता हुनुमा यसमा पार्टिमा संलग्न हुने राजनितिज्ञ व्यक्ति यसै क्षेत्रका हुनुले पनि यस पार्टिमा अन्य पार्टिक तुलना सबै जातजातिहरुको बाहुल्यता बढि रहेको देखिन्छ । अर्को पार्टि नेकपा एमाले पार्टि रहेको छ ।

यसरी यस क्षेत्रको राजनितिक संलगन्ताको विवरणलाई त्यस क्षेत्रको उत्तरदाताको तथ्याङ्क का आधारमा हेर्दा त्यस क्षेत्रमा बढि लोकप्रिय राजनितिक पार्टि राष्ट्रिय मधेष समाजवादि पार्टि प्राय सबै जातजातिमा रहेको र नेकपा एमाले पार्टि रहेको देखिन्छ भने अत्याधिक मतद्वारा यस राजनितिक रुपमा क्षेत्र नं. १ बाट नेकपा एमाले पार्टिको पनि जित भएको पाइन्छ ।

जातियताको आधारमा राजनैतिक पार्टिमा आबद्ध हुनको लागि एकअर्को जातिहरु बिच प्रोत्साहन गरेको पाइन्छ । जसलाई निम्न तालिका द्वारा देखाइएको छ ।

## तालिका नं. २२

## जातियताको आधारमा राजनैतिक पार्टिमा आबद्ध तथा प्रोत्साहन को विवरण

| जातजाति | ब्राह्मण/क्षेत्री | | आ. जनजाति | | मगर | | मधेसी | | दलित | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ब्राह्मण/क्षेत्री | ९ | ९०% | १ | १०% | – | – | – | – | – | – | १० | १००% |
| आ. जनजाति | ८ | ८०% | २ | २०% | – | – | – | – | – | – | १० | १००% |
| मगर | १ | १०% | ३ | ३०% | ५ | ५०% | १ | १०% | – | – | १० | १००% |
| मधेसी | – | – | – | – | ३ | ३०% | ७ | ७०% | – | – | १० | १००% |
| दलित | १ | १०% | ७ | ७०% | – | – | – | – | २ | २०% | १० | १००% |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

तालिका नं. २२ बाट के प्रस्ट हुन्छ कि प्राय सबै जातजातिलाई राजनितिक रुपमा पार्टिमा अबद्ध हुनु वा कुनै पार्टिमा आबद्ध हुनु पर्दछ भनि प्रोत्साहन गर्ने जातिहरुमा आफ्नै जातका व्यक्तिहरुलाई आबद्ध गराएको प्रोत्साहन गरेको देखिन्छ । त्यस्तै ब्राह्मण/क्षेत्री लाई आदिवासी जनजातिले आबद्ध हुन वा प्रोत्साहन गरेको पाइन्छ जुन १०% आ. जनजातिले गरेको देखिन्छ त्यस्तै आदिवासी जनजातिलाई बढि ब्राह्मण/क्षेत्रीले प्रोत्साहन गरेको देखिन्छ ८०% रहेको छ भने आफ्नै जातिले २०%ले गरेको छ । मगर जातिका व्यक्तिहरुलई आफ्नै जाति लगाए मधेसी, ब्राह्मण/क्षेत्री र अन्य जनजातिहरुले पनि प्रोत्साहन गरेको पाइन्छ । त्यस्तै दलित जातिका व्यक्तिहरुलाई बढि आ. जनजातिका व्यक्तिहरु ७०% ले प्रोत्साहन गरेको पाइन्छ ।

यसरी तालिका नं. २२ बाट थाहा पाउछौकी यस क्षेत्रका प्रत्येक जातजातिहरु मा राजनितिक पार्टीमा संलग्नता वा प्रोत्साहन एकअर्का जातिहरुले गर्ने गरेको पाइन्छ ।

यसरी नै यस क्षेत्रमा बसोवास गर्ने जात जातिहरुमा राजनितिक रुपमा भेदभाव पूर्ण व्यवहारको विवरणलाई पनि व्याख्या गरिएको छ जुन निम्न तालिका बाट प्रस्टाएको छ ।

**तालिका नं. २३**

**राजनैतिक पार्टिभित्र जातिगत व्यवहारहरुको भेदभवपूर्ण विवरण**

| जातजाति | भेदभाव गरिन्छ | प्रतिशत | भेदभाव गरिदैन | प्रतिशत |
|---|---|---|---|---|
| ब्राह्म्ण/क्षेत्री | २ | ४% | ८ | १६% |
| आ. जनजाति | २ | ४% | ८ | १६% |
| मगर | १ | २% | ९ | १८% |
| मधेसी | ८ | १६% | २ | ४% |
| दलित | ६ | १२% | ४ | ८% |
| जम्मा | १९ | ३८% | ३१ | ६२% |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

यस हाथिलेट गाउँका जातजातिहरुको राजनितिक गत व्यवहरालाई तालिका नं. २३ अनुसार व्याख्या गर्दा प्राय मधेसी र दलित जाति बाहेकका जातिहरुमा राजनैतिक भेदभाव पूर्ण व्यवहार नगरेको पाइन्छ भने मधेसी जाति १६% ले भेदभाव पूर्ण व्यवहार आफूलाई पाएको जनाएको पाइन्छ भने दलित जातिमा पनि १२% ले पनि भेदभाव गरेको छ भन्ने भनाइ राखेको पाइन्छ । अन्य जातिमा ब्राह्म्ण/क्षेत्री ले पनि पाइन्छ भन्नेमा ४% रहेको छ भने क्रमश आ. जनजाति ४% मगर २% रहेको छ । यसरी नै भेदभाव महसुस नगरिएको जातिमा सबैभन्दा बढि संख्या १८% मगर जातिको रहेको छ भने अन्य जातिमा क्रमश ब्राह्म्ण/क्षेत्री १६% आदिवासी जनजाति १६% मधेसी ४% र दलित ८% रहेको छ ।

यसरी तालिका नं. २३ लाई बुभ्दा यस क्षेत्रमा सबैभन्दा बढि भेदभाव मधेसी र दलित जातिले उनीहरुको जातिलाई गरेको महसुस गरिएको छ । यस्तो हुनुमा वर्तमान अवस्थामा मधेष आन्दोलनले गर्दा मधेसी जातिप्रतिको गलत धारणा हुन सकिन्छ भने

यस गाउँमा उनीहरुको संख्या कम भएको कारणले गर्दा पनि उनीहरुलाई भेदभाव गरेको महसुस भएको पाइन्छ । अर्को दलित जातिलाई भेदभाव पूर्ण व्यवहार लाग्नुमा उनीहरु आर्थिक रुपमा कमजोर रहेका र उनीहरु आर्थिक प्रोलोभनमा परी राजनितिक पार्टिमा आबद्ध हुने र उनीहरुलाई प्रलोभन देखाउने गरेका कारणले गर्दा उनीहरुलाई भेदभाव पूर्ण व्यवहार गरेको पाइन्छ ।

# अध्याय६

# सारांशर निष्कर्श

## ६.१ सारांश

नेपालका विभिन्न जाति जनजातिहरु मध्ये मुख्यतया पहाडि क्षेत्रमा परापूर्वकाल देखि वसोवास गर्दै आएका मगरहरु मंगोलियन मुलका जनजाति हुन् । अधिकांश मगरहरुको बसोवास लुम्बिनी, राप्ती, धौलागिरी, गण्डकी, लगायतका अञ्चलका विभिन्न जिल्लाहरुमा रहेको पाइन्छ । हाल आएर मगरहरु बसाईसराई को माध्यमद्वारा प्राय अन्य जिल्लाहरुमा पनि बसोवास गरेको पाइन्छ ।भोट वर्मेली परिवार अन्तरगतको भाषा बोल्ने मगर अठार मगराती भाषा र बाह्र मगराती भाषामा विभाजन गरिएका छन् ।

नेपालको कूल जनसंख्या मध्य ७.१ प्रतिशत जनसंख्या मगरहरुको रहेको छ । महोत्तरी जिल्ला अन्तर्गत पर्ने हाथिलेट गाविस वडा नं २ मा वसोवास गर्ने ५० घरपरिवारमा मगर जाति र अन्य जातजाति सँग भएका सामाजिक सांस्कृतिक, आर्थिक, राजनितिक, मनोवैज्ञानिक सहयोग र द्वन्दको विश्लेषण गर्ने तथा मगर र अन्य जातजाति बिचको सम्बन्धमा एक अर्कालाई पारेको प्रभाव विश्लेषण गरी अध्ययन गरिएको छ । यस अध्ययनमा मगरहरुको अन्य जाति सँगको सहयोग, सम्बन्ध र प्रभावको अध्ययन र अनुसन्धानबाट प्राप्त विषय वस्तुलाई समेटिएको छ ।

यस अध्ययनको मुख्य उद्देश्य को रुपमा मगर जाति र अन्य जातजाति सँग भएका सामाजिक सांस्कृतिक, शैक्षिक र राजनीतिक सम्बन्ध मगर र अन्य जातजाति विचको सम्बन्धमा एक अर्कालाई पारेको प्रभाव विश्लेषण गरि उनीहरुको सम्बन्धको अवस्थालाई प्रकाश पार्नु रहेको छ । अध्ययनको उद्देश्यलाई हेर्दा मगर जाति र अन्य जातजातिहरु बिच सामाजिक सांस्कृतिक अवस्थामा उनीहरुले आफ्नो संस्कार अनुसार मनाउने विवाह, मृत्यु, संस्कार चाडपर्व, धर्म आदि पक्षहरु मा अन्य जातिहरु को सहयोग स्वीकार्य, जातजातिहरुको पारिवारिक संरचना, एकअर्का जातिको द्वन्द शैक्षिक

अवस्था, राजनितिक अवस्था, आर्थिक क्रियाकलाप मा सहयोग लेनदेन जस्त अवस्था को बारेमा प्रकाश पार्नु रहेको छ । अध्ययनको  महत्वको सम्बन्धमा यस अध्ययन क्षेत्रका जात जातिहरु बीच को सम्बन्धको अवस्था लाई कहि कतैबाट अध्ययन नगरिएको ले यस अध्ययन क्षेत्र छनौट गरिएको हो । नेपालको भौगोलिक वनावट अनुसार विभिन्न जातिहरुको आ-आफ्नो भाषा संस्कृति र धर्म रहेका छन् । यो विविधता युक्त जातजाति समुदायहरुको एकता नै नेपालको राष्ट्रिय एकता कायम भएको छ । नेपालको इतिहासमा आफ्नो छुटै पहिचान राख्न सफल मगरहरुको व्यवहारिक सौद्धान्तिक महत्व छ ।

सन्दर्भ साहित्यको समिक्षा गर्ने क्रममा इतिहासकार विद्वान वर्ग समाजशास्त्री, मानवशास्त्रीहरुले हाल सम्म मगर जातिको सम्बन्धमा गरिएको अनुसन्धान निष्कर्ष र भनाइहरु तथा मगर जातिको सम्बन्ध्मा प्रकाशित विभिन्न लेख रचनाहरुलार्य समावेश गरिएको छ । यस अध्ययनमा महोत्तरी जिल्लाको हाथिलेट गाविस वडा नं. २ हाथिलेट गाउँलाई अध्ययन क्षेत्रका रुपमा छनौट गरिएको छ  । अध्ययनलाई पूर्णरुप दिन विभिन्न तरिकाबाट तथ्याङ्क संकलन गरिएको छ । अध्ययन क्षेत्रमा वर्णनात्मक अनुसन्धान विधि प्रयोग गरिएको छ भने प्राथमिक तथा द्वितीय स्रोतबाट तथ्याङ्क संकलन गरिएको छ । नमुना छनौटका आधारमा कूल घरसंख्या १२९ बाट ५० घरलाई अध्ययनको रुपमा लिइएको छ । ५० घरका घरमुलिहरुलाई घरगन्ति सर्बेक्षणका आधारमा तयार पारिएको निर्मित प्रश्नावलि सुचि प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ । संकलित तथ्याङ्कलाई तालिकिकरण गरि प्रस्तुतीकरण र विश्लेषण समेत गरिएको छ । यस अध्ययन क्षेत्र महोत्तरी जिल्लाको हाथिलेट गाविसमा विभिन्न जातजातिहरुको वसोवास रहेको ले एकअर्को जातिसँग सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक, राजनीतिक भावनात्मक तथा द्वन्दात्मक सम्बन्धको अध्ययन गरी सम्बन्ध लाई प्रस्टाइएको छ ।

हाथिलेट गाविसका जातजातिहरुको पारिवारिक स्थितिलाई अध्ययन गर्दा यहाँको जातजातिहरुको पारिवारमा घरमुलिको रुपमा मुख्य गरेर पुरुषहरु रहेतापनि महिलाहरुको पनि सहभागिता रहने गरेको पाइन्छ यो विभिन्न जातजाति मध्ये विशेष

महिलालाई छुट दिइएको र  घरमूलिको रुपमा महिला रहेको जाति आ. जनजाति मगर जतिमा रहेको पाइन्छ अन्य जातिको तुलनामा मगर महिलाहरुलाई भने बढि स्वतन्त्रता छ । विभिन्न जातजातिहरुको परिवारका किसिमलाई हेर्दा एकात्मक परिवार को संख्या ७०% रहेको पाइयो । यस अध्ययन क्षेत्रको जातजातिको संख्यालाई हेर्दा सबैभन्दा बढि संख्या मगरहरु को रहेको पाइयो । सबैभन्दा कम संख्या दलितहरुको पाइन्छ । यस क्षेत्रका विभिन्न जातजातिहरुको भाषिक विवरण लाई हेर्दा प्रत्यक जातिको भाषा उनीहरुको पहिचान हुने गर्दछ त्यसैले भाषाले जातिहरुको मैलिकपन र अस्तित्वलाई जोगाउनुको साथै आफ्नै पहिचान दिने भएकोले भाषा पनि जातजातिहरुको महत्वपूर्ण पक्ष हो । त्यसै यस क्षेत्रमा बसोवास गर्ने जातिहरुमा पनि आफ्नै जाति अनुसारको भाषा रहेको छ विशेषगरी  मगर जातिको भाषाले यस क्षेत्रमा लोकप्रियता पाएको छ मगर जाति बाहेक अन्य जातिहरुले पनि मगरभाषा बोल्ने र बुझ्ने गर्दछन् भने मैथली भाषालाई पनि यस क्षेत्रका अन्य जातजातिहरुले बोल्ने र बुझ्ने गरेको पाइन्छ भने मधेसी जातिमा पनि नेपाली भाषा र मगर भाषा को प्रभाव परेको र बोल्ने र बुझ्ने गरेको पाइन्छ । बढ्दो आधुनिकिकरण को प्रभाव परेपनि यहाँका जातजातिहरुमा आफ्नो मौलिक भेषभूषा कला संस्कृतिलाई जोगाइराख्नु पर्छ भन्ने मान्यता राख्दछन् । वैवाहिक अवस्थालाई हेर्दा यहाँका जातजातिहरुमा मधेसी जातिका बाहेक अन्य जातजातिहरुले अन्तर जातिय विवाहलाई मान्यता दिइनुका साथै उच्च जाति तथा मगर जातिमा दलित जातिको विवाहलाई पनि स्वीकारेको छ भने प्राय विवाहको उमेर १५-२० वर्ष उमेर समुहलाई मधेसी जातिले विवाहको उपयुक्त उमेर मानेका छन् भने अन्य जाति मा आ. जनजाति बाहेक अन्य जातिहरुले २०-३० वर्षलाई विवाहको उपयुक्त उमेर मोनका छन् । धार्मिक स्थितिलाई हेर्दा यहाँका अधिकांश जातजातिहरुले हिन्दु धर्म मान्ने गरेको पाइन्छ भने मगर जातिहरु ले आफूहरुलाई बौद्ध धर्मालम्बि भनेता पनि मगरहरु हिन्दू धर्मका चाडपर्व मनाउछन् भने आफ्ना मैलिक चाडपर्वहरुलाई पनि बढि महत्व दिन्छन् । प्राय मगर जातिहरु विवाह र मृत्यु संस्कार बौद्ध धर्म अनुसार नै गरेको पाइन्छ । मगर जाति बाहेक अन्य जातिहरु हिन्दु र क्रिश्चियन धर्मलाई अवलम्वन गरेका छन् क्रिश्चियन धर्म मान्ने जाति बढि दलितहरु

रहेका छन् भने अन्य जातिहरुले पनि क्रिश्चियन धर्म अवलम्वन गरेको देखिन्छ तर मधेसी जातिहरु मात्र हिन्दु धर्म मान्ने गरेको पाइन्छ । यसरी यस क्षेत्रका शैक्षिक स्थितिलाई अध्ययन गर्दा सबैभन्दा बढि संख्या तल्लो तहको कक्षामा स्कुल जाने जातिहरुको संख्या बढि रहेको मा दलित जाति मधेसी र मगर जातिको संख्या बढि रहेको देखिन्छ भने उच्च तहमा शिक्षा लिने जातिहरुमा सबैभन्दा बढि ब्राह्मण/क्षेत्री पछि आदिवासी जनजातिहरु को पाइन्छ यस्तो हुनुमा सानै उमेरमा विवाह गर्ने गरिवी, बेरोजगार मुख्य कारणहरु रहेको छन् । यस क्षेत्रका जातजातिहरुको आर्थिक स्थितिलाई हेर्दा विभिन्न कार्यहरुमा संलग्नता रहेको पाइन्छ भने कृषि रोजगारी, ज्यालामजदुरी, बैदेशिक रोजगारलाई अपनाएको पाइन्छ । यसरी एक जाति र अर्को जाति बिच आर्थिक रुपमा लेनदेन सापटि लिने तथा पैचो लगाउन एक अर्कोलाई आर्थिक रुपमा सहयोग पनि गर्ने गरेको पाइन्छ । आर्थिक रुपले यहाँको जाति बिच सम्बन्ध बलियो रहेको पाइन्छ ।

राजनितिक स्थितिलाई हेर्दा यहाँका जातजातिहरुमा बढि राष्ट्रिय मधेष समाजवादी पार्टिमा संलग्न रहेको छ भने अर्को नेकपा एमाले (माओवादी) पार्टिमा आवद्ध रहेको पाइन्छ । यसरी राजनीतिक रुपमा बढि हेपिएको जाति मधेसी र दलित जाति रहेके पाइन्छ । उनीहरुमा राजनैतिक ज्ञानको कमि आर्थिक विपन्नता र कम जनसंख्याको कारणले उनीहरु आफूहरु हेपिएको मान्दछन् । भावनात्मक रुपमा एक अर्का जातिहरु मेलापर्व दिन दुःख पर्दा सहयोग लिनेदिने गर्दछन् भने कहिलेकाहि एकअर्कामा द्वन्द पनि हुने गरेको पाइन्छ । द्वन्दको मुख्य कारण लेनदेनलाई मान्दछन् । यहाँको जातजातिहरु बिच सामाजिक सांस्कृतिक, आर्थिक, शैक्षिक तथा राजनीतिक जस्ता समाजका हरेक पक्षहरुमा एकअर्कामा मिलेर प्रकार्य गरिरहेको छ भने एकअर्का जातजातिलाई एकअर्काको संस्कार, संस्कृति, व्यवहार, धर्म, शैक्षिक अवस्था, राजनैतिक अवस्था आदिले एकजातिलाई अर्को जातिले प्रभाव सहयोग कार्यहरुमा उपस्थिति जनाएर सहयोग गुर्नका साथै एकअर्का बिच पारस्परिक सम्बन्ध रहेको देखिन्छ ।

## ६.२ निष्कर्ष

यस अध्ययनमा ५० घरधुरीलाई उत्तरदाताको रुपमा लिइएको छ । यस क्षेत्रमा सबै जातजातिहरुको एकात्मक परिवार बढि रहेका छन् । यस अध्ययन क्षेत्रका जातजातिहरुमा साक्षरता दर सबै भन्दा राम्रो ब्राह्म्ण/क्षेत्री र आदिवासी जनजातिहरुको रहेको छ भने कम साक्षरता भएका जाति दलित र मधेसी जाति रहेकोछ । जसको कारण छिटो विवाह, उनीहरुको चेतनाको स्तर निम्न रहेको र आर्थिक रुपमा कमजोर हुनु हो । यस क्षेत्रका जातजातिहरुमा निजामति कर्मचारीको रुपमा मगर जातिका र ब्राह्म्ण/क्षेत्री जातिका व्यक्तिहरु बढि रहेको पाइन्छ । त्यस्तै सामाजिक सांस्कृतिक रुपमा सामजमा विभिन्न चाडपर्व, मेलापर्व, दिन दुःख को बखतमा यहाँका सम्पूर्ण जातजातिहरुले एकअर्कालाई आफूले गर्न सक्ने सहयोगहरु गर्ने गरेको छ । सामाजिक, शैक्षिक, धार्मिक, बैवाहिक आदि पक्षहरुमा यहाँका जातिहरुले सहयोग गर्ने गरेको पाइन्छ भने आर्थिक पक्षमा ऋण सापटि सहयोग पनि आफ्नो जातिमा मात्र आदनप्रदान गरेता पनि अन्य जातिलाई पर्दा सहयोग गर्ने गरेको छ साथै गाउँमा आमा समुह, सामुहिक, स्कूल, सामूहिक बजार बसाल्नुले यहाँका जातजाति बिच सामाजिक रुपमा एकमता रहेको पाइन्छ । यहाँका जातजातिको मुख्य पेशा कृषि हो मुख्य पेशा कृषि भएता पनि यहँका जातजातिहरु रोजगारीका साथै व्यापार-व्यवसायमा पनि संलग्न रहेको छ बढि मात्रामा व्यापार व्यवसाय गर्ने जाति मधेसी र ब्राह्म्ण/क्षेत्रीहरु छन् भने बैदेशिक रोजगार र कृषिमा आ.जनजाति मगर जाति रहेको पाइन्छ भने ज्याला मजदुरी गर्ने जातिमा दलित जाति रहेको छ ।

राजनितिक रुपमा यहाँका जातजातिहरु मध्ये बढि सक्रियजाति मगर र ब्राह्म्ण/क्षेत्री  रहेको छ मगर जातिहरु बढिमात्रामा नेकपा एमाले पार्टिमा आबद्ध रहेका छन् भने केहि संख्यामा अन्य पार्टिमा पनि संलग्न भएको पाइन्छ । त्यस्तै यहाँका जातजातिहरु मुख्य गरि ४ ओटा राजनीतिक पार्टिमा आबद्ध रहेको छ । राजनितिक रुपमा बढि दबिएको जाति दलित जाति रहेको छ । उनीहरुलाई अन्य जातिले हेपेका

दबाएको लाग्ने गरेको महसुस गरिएको छ भने उनीहरुलाई राजनितिक दलका व्यक्तिहरले आर्थिक प्रलोभनमा पारेको पाइन्छ यस्तो हुनुमा उनीहरु अन्य जातिको तुलनामा कम चेतना भएको आर्थिक कारणले कमजोर हुनु हो । राजनितिक रुपमा सहयोगको आवश्यकता पर्दा आफ्नै पार्टिका राजनितिज्ञ व्यक्तिहरुले सहयोग गर्ने गरेको पाइन्छ । त्यस्तैगरी कुनै पनि जातिको घरमा दुःख पर्दा अन्य जातिका व्यक्तिहरुले भावनात्मक रुपमा सान्तोवना दिने कार्य सम्पन्न गर्न सहयोग गर्ने गरेको पाइन्छ बिरामी पर्दा आर्थिक सहयोग गर्ने गरेको पाइन्छ बिरामी पर्दा आर्थिक सहयोग, औषधी उपचार गर्न अस्पताल सम्म साथी गइदिने सहयोग, विवाह मृत्यु संस्कार धार्मिक कार्यहरु एकअर्कालेे गर्नुपर्ने सामजिक सहयोगहरु पनि गरेको पाइन्छ । त्यस्तै गरी हरेक समाजमा मिलन मात्र नभइ द्वन्द पनि हुने हुनाले यस क्षेत्रको समाजमा पनि जातजाति बिच राम्रो एकात्मक रुपमा रहेर बसोबास गरेता पनि  थोरै मात्रामा द्वन्दपनि हुने गरेको छ । जसमा मुख्य कारण लेनदेन र जातियता सँग सम्बन्धित मधेसी जाति सँग अन्य जातिका बढि मेलमिलाप नरहेको पाइन्छ ।

यसरी समग्रमा यस अध्ययन क्षेत्रका जातजातिहरुको मगर जाति र अन्य जातिहरु बिचको सामाजिक, सांस्कृतिक, राजनितिक सम्बन्धलाई विश्लेषण गर्दा यहाँका जातजातिहरु बिच एकअर्कामा स्वीकार्य प्रकार्यात्मक सम्बन्ध द्वारा यस क्षेत्रका समाजको अस्तित्व रहिरहेका र समाजलाई निरन्तरता दिएको पाइन्छ भने अध्ययन क्षेत्रमा रहेको जातजाति मध्ये ठूलो संख्या मगरहरुको रहेको हुनाले प्राय मगर जातिको भाषा र संस्कारहरुले अन्य जातिलाई प्रभाव पारेको पाइन्छ भने मगरहरु आफूलाई बौद्ध धर्मालम्बी मानेता पनि सबै संस्कारहरु चाडपर्व आदि हिन्दु संस्कार अनुरुप नै मानेको पाइन्छ भने अन्य जाति भन्दा मगर जाति मा आफ्नो भेषभुषा, भाषा, संस्कारहरु जोगाइ राख्नु पर्दछ भन्ने चेतना हुनुका साथै उनीहरु विभिन्न चाडपर्व दिवसहरु मनाउने गरेको पाइन्छ ।

# सन्दर्भसूची


थापामगर, पिनु (वि. सं. २०६३) : मगर जाति इतिहास भाषा र संस्कृति महोत्तरी मगर सेवा समाज, बुध्दनगर काठमाडौँ ।

देविका, (सन् २०१०) : नेपालका मगर, अनलाइन नेपाली साहित्य मंच ।

वराल मगर, केरारजंग (वि. सं. २०५०) : पाल्पा, तनहुँ र स्याङ्जाका मगरहरुको सांस्कृति, काठमाडौ नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

बुढामगर, हर्षबहादुर (वि. सं. २०५३) : हाम्रो समाज एक अध्ययन काठमाडौँ हाम्रो साझा प्रकाशन ।

विष्ट, डोर बहादुर (सन् १९७६): पिपल अफ नेपाल काठमाडौँ रत्नपुस्तक भण्डार ।

भट्टचन, कृष्ण (वि. सं. २०६७) : विश्वको आदिवासी जनजाति आन्दोलनको सांक्षिप्त इतिहास र सिक्न सक्ने पाठ । आदिवासी जनजाति ३ : १-१२

भेडि मगर, देवसिंह (सन् २००९) : लाङ्घालि जमघट, मगर जातिको प्रमुख नाच कौरा, साझा प्रकाशन काठमाडौँ ।

मगर, भिक्षु (सन् २०१०) : लाङ्घालि जमघट को हुन् मगर जाति र किन मगरहरु बौध्दिष्ट हुन्, बुध्द प्रकाशन काठमाडौँ ।

राष्ट्रिय जनगणना (विं सं. २०६८) : जनगणना पकेटिङ्ग बुक केन्द्रिय तथ्याङ्क विभाग, काठमाडौँ ।

शर्मा, जनकलाल (वि. सं. २०५०) : नेपालको धार्मिक मत र सामाजिक संरचना हाम्रो समाज एक अध्ययन, साझा प्रकाशन काठमाडौँ ।

शाक्य, डा. केशरमान (सन् २०११) : राज्यसत्ता, यस्तो थियो मगरको स्वर्णिम इतिहास

हरियो नेपाल (२०७१) हाथिलेत गा.वि.स को वस्तुगत विवरण, जलेश्वर-५, महोत्तरी

हरियो नेपाल (२०७१) : हाथिलेट गा. वि. स. घरधुरी सर्वेक्षण

Caplan L., 1970 :'Land and Social Change in East Nepal: A Study of Hindutribal Ralations', Kathmandu: Himal Books Centre, 1970.

Caplan, A.P., 1972: 'Priests and Cobblers: A Study of Social Change in a Hindu Village in Western Nepal', London Intertext.

Nepal, GS., 1965'The Newars: Bombay': United Asian Publication.

# अनुसूची

## शोधपत्रका लागि प्रयोग गरिएको अन्तर्वाता सूची

१. व्यक्तिगत विवरण

क. नाम :

ख. उमेर :

ग. पेशा :

घ. शिक्षा :

ङ. धर्म :

च. लिंङ्ग :

२. पारिवारिक विवरण

| क्र.श. | नाम | लिङ्ग | उमेर | शिक्षा | वैवाहिक स्थिति | पेशा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

३. तपाईको परिवारको ढाँचा कस्तो छ ?

क. संयुक्त        ख. एकल        ग. बृहत

४. तपाईको परिवारको साक्षरताको स्तर कस्तो छ ?

| क.श | शैक्षिक योग्यता | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | साधारण साक्षर | | | | |
| २ | प्राथमिक तह सम्म | | | | |
| ३ | निम्न माध्यामिक तह सम्म | | | | |
| ४ | माध्यामिक तह सम्म | | | | |
| ५ | उच्च शिक्षा | | | | |

५. तपाइको घरको सदस्यहरु कुन कुन पेशामा संलग्न हुनुहुन्छ ?

| क.श | मुख्य पेशा | संख्या |
|---|---|---|
| १ | कृषि | |
| २ | व्यापार-व्यवसाय | |
| ३ | जागिर | |
| ४ | बैदेशिक रोजगार | |

**सामाजिक सांस्कृतिक सम्बन्धका प्रश्नहरु**

१. कुन उमेरमा विवाह गर्न उपयुक्त मात्रहुन्छ ?

क. १५ वर्ष अघि ख.१५-२० वर्ष सम्म ग. २०-३० वर्ष सम्म

घ. ३०-४० वर्ष सम्म

२. तपाइले कस्तो किसिमको विवाह गर्नुभएको हो ?

क. प्रेम विवाह ख. मागि विवाह ग. भागी विवाह

घ. विधवा विवाह ङ. अन्य

३. तपाईको परिवारमा अन्तरजातिय विवाह भएको छ ?

क. छ ख. छैन

४. तपाईको समुदायमा अन्तरजातिय विवाहलाई मान्यता दिईएको छ ?

क. छ		ख. छैन

६. अन्तरजातिय विवाह भएको हो भने कुन जातिसँग भएको हो ?

क. ब्राह्म्ण		ख. क्षेत्री		ग. मगर

घ. मधेसी		ङ. दलित

५. यदि सहर्ष स्वीकार गरेनन् भने कति समयपछि स्वीकार गरे ?

क. ६ महिना		ख. १वर्ष अगावै		ग. १ वर्ष पछि

६. तपाईले मनाउने मुख्य चाडपर्वमा अन्य जातिलाई बोलाउनु हुन्छ ?

क. बोलाउछु		ख. बोलाउदिन

७. तपाइको घर दुःख, मेला-पर्व हुँदा ऋन्य जातिहरुले सहयोग गर्छन कि गर्दैनन् ?

क. गर्छन		ख. गर्दैनन्

८. यस्ता कार्यक्रमहरुमा कस्तो खालको व्यवहार पाउनुभएको छ ?

क. सबैलाई समान व्यवहार		ख. भेदभावपुर्ण व्यवहार गरेको

ग. ठिकै प्रकारको व्यवहार गरेको

९. तपाइ कुन भाषा बोल्नु हुन्छ ?

क. नेपाली भाषा		ख. मगर भाषा		ग. मैथली भाषा

१०. तपाइको जातिको संस्कार, रितिरिवाजहरुलाई, अन्य जातिले अवलम्बन गरेका छन् ?

क. गरेका छन्		ख. गरेका छैनन्		ग. थोरै गरेका छन्

११. तपाइको परिवारको मुख्य आम्दानीको स्रोतहरु के के हुन् ?

क. कृषि    ख. व्यापार-व्यवसाय    ग. जागिर

घ. वैदेशिक रोजगार    ङ. अन्य

१२. तपाइलाई आर्थिक रुपमा कुन जातिले बढी सहयोग गर्ने गरेको छ ?

क. ब्राह्मण    ख. क्षेत्री    ग. मगर (जनजाति)

घ. मधेसी    ङ. दलित    च. अन्य

१३. तपाइले बढी मात्रामा कुन जातिसँग ऋण सापटी लिने गर्नुहुन्छ ?

क. ब्राह्मण    ख. क्षेत्री    ग. मगर (जनजाती)

घ. मधेसी    ङ. दलित    च. अन्य

१४.तपाइको आयस्रोतबाट अन्य जातिको सामाजिक सांस्कृतिक कार्यक्रमहरुमा तपाईले कुनैबेला आर्थिक सहयोग गर्नु भएको छ ?

क. छ    ख. छैन

१५. यदि छ भने कस्तो सामाजिक सांस्कृतिक कार्यक्रममा सहयोग गर्नु भएको छ ?

क. शैक्षिक    ख. धार्मिक    ग. वैवाहिक

घ. सामाजिक संगठनहरु    ङ. अन्य

**राजनितिक सम्बन्धका प्रश्नहरु**

१. तपाइ कुन संस्था वा राजनितिक पार्टीसँग आबद्ध हुनुभएको छ ?

क. छ    ख. छैन

२. यदि छ भने कुन संस्था वा राजनितिक पार्टीमा आबद्ध हुनुहुन्छ ?

क. ..........................

ख. ............................

ग. ............................

३. तपाइलाई त्यस संस्था वा राजनितिक पार्टीमा आबद्ध हुन कुन जातिका मानिस/व्यक्तिले प्रोत्साहन गरेका थिए ?

क. ब्राह्म्ण ख. क्षेत्री ग. मगार (जनजाती)

घ. मधेसी ङ. दलित च. अन्य

४. राजनितिक पार्टी भित्र तपाइलाई वढी मात्रामा कुन जति समुदायले हेपेकोवा हतोत्साहित गरेको पाउनुहुन्छ ?

क. ब्राह्म्ण ख. क्षेत्री ग. मगर (जनजाति)

घ. मधेसी ङ. दलित च. अन्य

**धार्मिक सम्बन्धका प्रश्नहरु**

१. तपाइ कुन धर्म मान्नुहुन्छ ?

क. हिन्दु ख. बौद्ध ग. क्रिश्चियन घ. अन्य

२. तपाईको समुायमा बढी मात्रामा कुन धर्मावलम्बीहरुको बसोबास छ ?

क. हिन्दु ख. बौद्ध ग. क्रिश्चियन घ. अन्य

३. तपाइको धार्मिक कार्यक्रममा अन्य जाति उपस्थित हुन्छन् ?

क. हुन्छन् ख. हुदैनन्

## शैक्षिक सम्बन्धका प्रश्नहरु

१. तपाइका छोराछोरीलाई कुन स्कुलमा पढाउनुहुन्छ ?

क. निजि  ख. सरकारी  ग. अन्य

२. तपाइलाइ अन्य जातिका व्यक्ति वा समुदायले शिक्षामा अग्रसर हुन प्रोत्साहन गरेको छ ?

क. छ  ख. छैन

३. सरकारले शिक्षामा दिएको आरक्षणको व्यवस्थालाई यसबाट वञ्चित समुदायबाट ( ब्राह्मण/क्षेत्री) कस्तो धारणा पाउनुभएको छ?

क. राम्रो  ख. नराम्रो

४. सरकारले छुट्टयाएको शैक्षिक आरक्षणलाई कुन जातिले बढी मात्रामा सदुपयोग गरेको पाउनुभएको छ?

क. जनजाति  ख. मधेसी  ग. दलित  घ. अन्य

५. तपाइको समुदायमा बढीमात्रामा शैक्षिक अग्रसरता कुन जाति रहेको छ ?

क. ब्राह्मण  ख. क्षेत्री  ग. मगर (जनजाति)

घ. मधेसी  ङ. दलित  च. अन्य

६. विद्यालयमा तपाइका छोराछोरी र अन्य जातिका केटाकेटीविच शिक्षकहरुले भेदभाव गरेको पाउनुभएको छ ?

क. छ  ख. छैन

त्रिभुवन विश्वविद्यालय

समाजशास्त्र केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं

सिफारिस पत्र

प्रस्तुत शोधपत्र **महोत्तरी जिल्ला हाथिलेट गा.वि.स. का मगर जातिको अन्य जातजाति सँगको सम्बन्ध**शीर्षकमा पुजा बस्नेतले त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकताको परिपूर्तिको लागि मेरो निर्देशन र सुपरिवेक्षणअनुसार तयार पार्नु भएकोले यस शोधपको अन्तिम मूल्याङ्कन र स्वीकृतिको लागि सिफारिस गर्दछु ।

.................................

डा.कृष्ण भट्टचन

शोधनिर्देशक

समाजशास्त्रकेन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं ।

विषयसुची


| | |
|---|---|
| अध्याय -एक : परिचय | १-८ |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ४ |
| १.३ अध्ययनको उद्देश्य | ६ |
| १.४ अध्ययन महत्व | ६ |
| १.५ अध्ययनको संगठनात्मक स्वरुप | ७ |
| अध्याय-दुई : पूर्व साहित्यको पुनरावलोकन | ९-१७ |
| अध्याय-तिन : अनुसन्धान विधि | १८-२३ |
| ३.१ अध्ययन क्षेत्रको छनौट | १८ |
| ३.२ अनुसन्धानको ढाँचा | १९ |
| ३.३ नमुना छनौट | १९ |
| ३.४ तथ्याङ्कको स्रोत र प्रकृति | २० |
| ३.५ तथ्यांक संकलनका विधि | २० |
| ३.५.१ घरधुरी सर्वेक्षण | २० |
| ३.५.२ अवलोकन विधि | २१ |
| ३.६ तथ्याङ्कको वर्गिकरण र सम्पादन | २१ |

३.७तथ्याङ्कको  विश्लेषण र प्रस्तुतीकरण २१

३.८ अध्ययनको सिमा २२

३.९ अनुसन्धानको क्रममा अनुभव गरिएका समस्याहरु २२

अध्याय-चार : अध्ययन क्षेत्रको सामान्य परिचय २४-३७

४.१ भौगोलिक स्थिति २४

४.१.१ जनसङ्ख्या २५

४.१.२ अध्ययन क्षेत्र २६

४.१.३ प्राकृतिक सम्पदा २८

४.१.४ जातजातिगत विवरण २९

४.२ सामाजिक सांस्कृतिक सम्बन्ध ३०

४.३ शैक्षिक सम्बन्ध ३२

४.४ राजनितिक सम्बन्ध ३४

अध्याय-पाँच : मगर जातिको सामाजिक सांस्कृतिक, शैक्षिक तथा राजनितिक सम्बन्ध ३८-६८

५.१ सामाजिक सांस्कृतिक सम्बन्ध ३८

५.१.१ पारिवारिकसम्बन्ध ३८

५.१.२ भाषिक सम्बन्ध ४१

५.१.३ वैवाहिक सम्बन्ध ४२

५.१.४ धार्मिक सम्बन्ध ५०

५.१.५ चाडपर्वको सम्बन्ध ५६

५.१.६ आर्थिक सम्बन्ध ६०

५.२ शैक्षिकसम्बन्ध ६६

५.३ राजनितिक सम्बन्ध ७१

अध्याय-६ : सारांशर निष्कर्ष ७७-८२

६.१ सारांश ७७

६.२ निष्कर्ष ८१

सन्दर्भसूची

अनुसूची